



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

वर्ष ३३ अंक ३२३ काठमाडौं | १ माघ २०८२ बिहीबार माघ कृष्णपक्ष द्वादशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, Junuary 15, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# गगन थापा कांग्रेस सभापति

## ५६ प्रतिशत प्रतिनिधि उपस्थित विशेष महाधिवेशनले छान्यो नयाँ पुस्ताको नयाँ नेतृत्व

**कुलचन्द्र न्यौपाने र विवेक पोखरेल** (काठमाडौं)

कांग्रेस विभाजन रोक्न तीन दिनदेखि गरिएका प्रयास असफल भएपछि विशेष महाधिवेशनले गगन थापाको नेतृत्वमा बुधबार नयाँ केन्द्रीय कार्यसमिति निर्वाचित गरेको छ। शेरबहादुर देउवा पक्षको केन्द्रीय कार्यसमितिले नेताहरू गगन थापा, विश्वप्रकाश शर्मा र फरमुल्लाह मन्सुरलाई कारबाही गरेको केही घण्टामै विशेष महाधिवेशनबाट नयाँ कार्यसमिति चयन गरिएको हो। यससँगै कांग्रेस विभाजित भएको छ।

पार्टी उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल निर्वाचित भएका छन्। विशेष महाधिवेशनले महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरेलाई निर्विरोध चयन गरेको छ। पौडेल १४ औं महाधिवेशनमा देउवाको प्यानलबाट महामन्त्रीमा पराजित भएका थिए। घिमिरे विशेष महाधिवेशनका लागि हस्ताक्षर अभियान चलाउने नेता हुन्। घिमिरे नेविसंघको अध्यक्ष हुँदा थापा महामन्त्री थिए।

सहमहामन्त्रीमा डिला संग्रौला (महिला), प्रकाश रसाइली (दलित), बहादुरसिंह लामा (आदिवासी जनजाति), उदयशमशेर जबरा (खस आर्य), मुक्ताकुमारी यादव (मधेशी), फरमुल्लाह मन्सुर (मुस्लिम), योगेन्द्र चौधरी (थारू) र कर्णबहादुर बुढा (पिछडिएको क्षेत्र) चयन भएका छन्। विशेष महाधिवेशनले १२१ जनालाई केन्द्रीय सदस्य चयन गरेको छ।

सभापतिमा निर्वाचित भएपछि थापाले पार्टीमा शेरबहादुर देउवाको अध्याय टुंगिएको उद्घोष गरे। उनले कांग्रेस गुटबाट मुक्त भएको बताए। 'कांग्रेसका सबै क्रियाशील सदस्य र सभापति बराबर रहने नयाँ परम्परा सुरु भएको छ,' उनले भने। **बाँकी पृष्ठ ८**




तस्बिर : दिपेन श्रेष्ठ/कान्तिपुर
विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस सभापति गगन थापालाई माला लगाइदिँदै उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदीप पौडेललगायत।

**उपसभापति**


विश्वप्रकाश शर्मा


पुष्पा भुसाल

**महामन्त्री**


प्रदीप पौडेल


गुरुराज घिमिरे

**सह-महामन्त्रीहरू**


डिला संग्रौला


प्रकाश रसाइली


बहादुरसिंह लामा


उदयशमशेर जबरा


मुक्ताकुमारी यादव


फरमुल्लाह मन्सुर


योगेन्द्र चौधरी


कर्णबहादुर बुढा

निर्वाचन आयोगबाट हामीलाई फेभर हैन, निर्णय चाहिएको छ : सभापति थापा
कांग्रेसमा तेस्रो ठूलो विभाजन : देउवाकै भूमिकाले दुई पटक चोट
देउवालाई उक्साउने को-को ?
कांग्रेस आधिकारिताको निर्णय निर्वाचन आयोगको 'कोर्ट' मा
४८ घण्टासम्म देउवापक्ष र विशेष महाधिवेशन पक्षधरबीच शृंखलाबद्ध वार्तामा के-के भयो ?
पृष्ठ २, ३ र ८

## भित्र

### पहिलो त्रैमासको आर्थिक वृद्धिदर ३.२ प्रतिशत

- गत वर्षको पहिलो त्रैमासमा सुरुमा ३.४ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरिए पनि उक्त अवधिमा वास्तविक वृद्धिदर २.९ प्रतिशत कायम

### इरानमा तत्काल सैन्य हस्तक्षेप नगर्न अमेरिकालाई अरब देश र इजरायलको सुझाव

- स्ट्रेट अफ हर्मुज हुँदै गरिने तेल ढुवानी प्रभावित हुने र आफ्ना देशका अमेरिकी अखडामा प्रत्याक्रमण हुन सक्ने अरब देशहरूको चिन्ता

## गजब छ बा ! | अविन




अनि तपौ कुन चाै कांग्रेस नि ?... 'हाई-हाई' कांग्रेस कि 'बाई-बाई' कांग्रेस ?... बुझ्नु भ'न ?... 'भाइ-भाइ' कांग्रेस कि 'दाइ-दाइ' कांग्रेस भनेको क्या ?

# लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग फिर्ता गर्न निर्देशन

### यसअघि अमेरिका र नेपालको दोहोरो नागरिकता र दोहोरो राहदानी प्रयोग गरेको विषयमा पनि लामिछानेलाई उन्मुक्ति दिन पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकारका पाला महान्यायाधिवक्ता कार्यालयले निर्णय गरेको थियो, उक्त निर्णयविरुद्ध परेको रिट सर्वोच्चमा विचाराधीन छ


रवी लामिछाने

**दुर्गा दुलाल** (काठमाडौं)

रास्वपा सभापति रबि लामिछानेविरुद्ध विभिन्न जिल्ला अदालतमा विचाराधीन सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी अभियोगपत्र संशोधन गर्न महान्यायाधिवक्ता सविता भण्डारीले सरकारी वकिल कार्यालयहरूलाई निर्देशन दिएकी छन्। लामिछानेले दिएको निवेदनका आधारमा भण्डारीले कास्की, रूपन्देही, काठमाडौं र पर्साको सरकारी वकिललाई मंगलबार निर्देशन दिएकी हुन्।

> फैसलाका क्रममा जानुपर्ने मुद्दाको अभियोगपत्रमा संशोधनको सवाल आउनु आपत्तिजनक छ, उनी निर्दोष हुन् भने अदालतले फैसलामार्फत बोल्छ, राज्यले हस्तक्षेप गर्न मिल्दैन
>
> **दिनेश त्रिपाठी**, वरिष्ठ अधिवक्ता

अब जिल्ला सरकारी वकिलहरूले लामिछाने विरुद्धका संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोगपत्र संशोधनका लागि जिल्ला अदालतमा निवेदन दिन सक्नेछन्। जिल्ला अदालतले त्यसलाई पेसी चढाई सुनुवाइ गर्नेछ। सुनुवाइपछि जिल्ला अदालतले अनुमति दिए अभियोगपत्रहरू संशोधन हुनेछन्। जिल्ला अदालतले अनुमति दिएन भने पुरानै अभियोगपत्र कायम हुनेछ। यो विवाद सर्वोच्च अदालतसम्म पुग्न सक्छ। यसअघि अमेरिका र नेपालको दोहोरो नागरिकता र दोहोरो राहदानी प्रयोग गरेको विषयमा पनि लामिछानेलाई उन्मुक्ति दिन पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकारका पाला महान्यायाधिवक्ता कार्यालयले निर्णय गरेको थियो। उक्त निर्णयविरुद्ध परेको रिट सर्वोच्चमा विचाराधीन छ।

अहिले जिल्ला अदालतमा जारी मुद्दाका अभियोगपत्र संशोधन गर्न निर्देशन दिँदा महान्यायाधिवक्ता भण्डारीले सूर्य थापा नेतृत्वको संसदीय समितिले सहकारीबाट पैसा ल्याउनेमा लामिछानेको संलग्नता नदेखिएको भनेको टिप्पणी गरेकी छन्। त्यस्तै सहकारी ठगीको सुरु अभियोगपत्र दायर हुँदा लामिछानेको नाम नै नभएको र अनुसन्धान पनि नभएको विषयलाई पनि उनले आधार मानेकी छन्। सुरु अभियोग दर्ता हुँदा लामिछाने स्वयं गृहमन्त्री थिए। सम्पत्ति शुद्धीकरण र संगठित अपराध ठोस प्रमाण र पर्याप्त अनुसन्धानबिना नै पूरक अभियोगपत्र पेस गरिएको महान्यायाधिवक्ताको दावी छ। **बाँकी पृष्ठ ८**

## आईएलओको नयाँ प्रतिवेदन

# 'आर्थिक वृद्धि हुँदाहुँदै पनि मर्यादित रोजगारीमा भएन प्रगति'

**होम कार्की** (काठमाडौं)

विश्वव्यापी बेरोजगारी नबढे पनि मर्यादित रोजगारीतर्फको प्रगति सन्तोषजनक नभएको पाइएको छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले बुधबार सार्वजनिक गरेको प्रतिवेदनले युवाहरू निरन्तर संघर्षरत रहेको र कृत्रिम बुद्धिमत्ता (एआई) तथा व्यापार नीतिमा रहेको अनिश्चितताले श्रम बजारलाई थप कमजोर पार्ने जोखिम रहेको चेतावनी दिएको छ।

'इम्प्लोइमेन्ट एन्ड सोसल ट्रेन्ड्स-२०२६' को नयाँ प्रतिवेदनमा सन् २०२६ मा विश्व बेरोजगारी दर ४.९ प्रतिशतमै रहने प्रक्षेपण छ। जुन करिब १८ करोड ६० लाख मानिस हुन्। विश्वभर लाखौं श्रमिक अझै पनि गुणस्तरीय रोजगारीमा पहुँचबाट वञ्चित रहेको प्रतिवेदनले देखाएको छ। 'लचिलो आर्थिक वृद्धि र स्थिर बेरोजगारीका आँकडाले हामीलाई गहिरो यथार्थबाट विचलित गर्नु हुँदैन। करोडौं श्रमिक अझै पनि गरिबी, अनौपचारिकता र बहिष्करणमा फसेका छन्,' आईएलओका महानिर्देशक गिल्बर्ट एफ होङ्बोले भनेका छन्। **बाँकी पृष्ठ ८**

- २०२६ मा बेरोजगारी दर ४.९ प्रतिशत रहने प्रक्षेपण
- करिब ३० करोड कामदार अझै पनि चरम गरिबीमा, तिनको दैनिक आम्दानी अमेरिकी डलर ३ भन्दा कम





# कांग्रेसमा तेस्रो ठूलो विभाजन

# देउवाकै भूमिकाले दुई पटक चोट





कांग्रेसको झन्डै आठ दशक लामो इतिहासमा गहिरो प्रभाव पार्ने गरी यो तेस्रो ठूलो विभाजन भएको छ। देउवाकै भूमिकामा अहिले र २०५९ मा गरी दुई पटक ठूलो विभाजन भएको हो। त्यसअघि २०१० मा मातृकाप्रसाद कोइरालाले पार्टी विभाजन गरी 'राष्ट्रिय प्रजा पार्टी' गठन गरेका थिए।

**किशोर दहाल** (काठमाडौं)

शेरबहादुर देउवा पक्ष र विशेष महाधिवेशन पक्षबीचको द्वन्द्वले अन्ततः कांग्रेस विभाजित भएको छ। कांग्रेसको झन्डै आठ दशक लामो इतिहासमा गहिरो प्रभाव पार्ने गरी यो तेस्रो ठूलो विभाजन भएको हो। यसअघि व्यक्तिगत रूपमा तथा साना विभाजन थुप्रै पटक भए पनि त्यसले पार्टीलाई खासै क्षति पुऱ्याएको थिएन।

देउवाकै भूमिकामा अहिले र २०५९ मा गरी दुई पटक ठूलो विभाजन भएको छ। २०५९ मा आफैंले बोलाएको भेलालाई महाधिवेशनमा परिणत गरेर उनले कांग्रेस विभाजन गरेका थिए। यस पटक भने देउवाले विशेष महाधिवेशनको नेतृत्व गरेका महामन्त्री र सहमहामन्त्रीलाई कारबाही गर्दा कांग्रेस विभाजित भएको हो।

काठमाडौंको भृकुटीमण्डपमा गगन थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा २७ पुसदेखि जारी विशेष महाधिवेशनकै क्रममा देउवा पक्षको केन्द्रीय समितिले महामन्त्री रहेका थापा र शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलगायतलाई कारबाही गरेको छ। उनीहरूलाई ५ वर्ष साधारण सदस्यसमेत नरहने गरी निलम्बन गरिएको हो।

यद्यपि, विशेष महाधिवेशनबाट कारबाहीलाई खारेज गरिएको घोषणा गरिएको छ। थापाले विशेष महाधिवेशनले केन्द्रीय कार्यसमितिलाई खारेज गरिसकेको पनि जनाएका छन्। उनले आफूहरूकै कांग्रेस आधिकारिक रहेको बताए। उता, देउवा पक्षले निर्वाचन आयोगलाई पत्र पठाउँदै विशेष महाधिवेशन नगरेको जनाएको छ।


मातृकाप्रसाद कोइराला

### २०१० : मातृकाप्रसाद कोइरालाको नेतृत्वमा पहिलो विभाजन

७ फागुन २००७ मा प्रजातन्त्र घोषणा भएसँगै गठन भएको मोहनशमशेर जबरा नेतृत्वको सरकार ढलेपछि कांग्रेस सभापति मातृकाप्रसाद कोइराला प्रधानमन्त्री बने। त्यतिबेला बीपी कोइरालाले प्रधानमन्त्री बन्न चाहे पनि असफल भएका थिए। सरकार गठन भएपछि दाइ मातृका र भाइ बीपीबीच असमझदारी बढेको थियो।

मातृकाले सभापति छाडेर प्रधानमन्त्रीको भूमिका मात्रै निर्वाह गर्नुपर्ने मत बीपीले राखेका थिए। उनको भनाइ थियो, 'संसद् नभएका बेलामा सरकारको स्वेच्छारिता रोक्न पार्टीले मात्रै सक्छ, त्यसैले मातृकाले पार्टीको नेतृत्व छाड्नुपर्छ।' तर मातृका तयार भएनन्। १० जेठ २००९ मा जनकपुरमा भएको पाँचौं महाधिवेशनबाट बीपी सभापति निर्वाचित भएपछि यो विवाद अन्त्य भएको थियो।

डा. केआई सिंहको नेतृत्वमा सिंहदरबार कब्जा भएपछि नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगाउने तथा भारतीय सैनिक मिसनलाई नेपाल बोलाउनेजस्ता सरकारी निर्णयले असमझदारी भने कायमै राख्यो। मातृकाले प्रधानमन्त्री बन्दा नै तोकिएको जिम्मेवारीअनुसार चुनाव गराउन खासै रुचि देखाएनन्। यसैबीच पार्टीले मन्त्रिमण्डलमा हेरफेर गर्न दिएको निर्देशन पनि कार्यान्वयन गरेनन्। उनले प्रधानमन्त्रीलाई पार्टीले निर्देशन दिन नमिल्ने तर्क गरे। पत्राचारबाट तर्क र प्रतितर्क हुँदै जाँदा बीपीनिकटका मन्त्रीहरू सुवर्णशमशेर, सूर्यप्रसाद उपाध्याय र गणेशमान सिंहले राजीनामा दिए।

८ साउन २००९ मा बसेको केन्द्रीय कार्यसमिति बैठकले प्रधानमन्त्रीलगायत कांग्रेसका मन्त्रीहरूलाई राजीनामा दिन ४८ घण्टे अल्टिमेटम दिएको थियो। त्यसलाई अस्वीकार गरेपछि ११ साउनमा बसेको केन्द्रीय कार्यसमिति बैठकले प्रधानमन्त्री मातृकाप्रसाद कोइरालासहित मन्त्रीहरू महेन्द्रविक्रम शाह, महावीरशमशेर र नारदमुनि थुलुङलाई तीन वर्षका लागि कांग्रेसको क्रियाशील सदस्यबाट निलम्बन गऱ्यो। यो निर्णयलाई पछि महासमिति बैठकले पनि अनुमोदन गऱ्यो। निलम्बित भएको केही समयमै प्रधानमन्त्री मातृकाले पनि राजीनामा दिए।

पार्टीबाट निलम्बित भएपछि २१ भदौ २००९ मा मातृकाको सभापतित्वमा 'नेपाली कांग्रेस तदर्थ समिति' घोषणा गरिएको थियो। त्यसमा महेन्द्रविक्रम शाह, नारदमुनि थुलुङ, महावीरशमशेरलगायतका नेता थिए। अर्को वर्ष १५-१७ वैशाख २०१० मा यो पक्षले सम्मेलन आयोजना गऱ्यो र मातृकाको सभापतित्वमा 'राष्ट्रिय प्रजा पार्टी' घोषणा गरियो। यो नै कांग्रेसमा पहिलो पटक ठूलो विभाजन थियो। सोही पार्टीबाट मातृका दोस्रो पटक प्रधानमन्त्री बने। अन्ततः असोज २०१३ मा उनले प्रजा पार्टीलाई कांग्रेसमै मिसाए।


कान्तिपुर

KANTIPUR, Nepali National Daily, Monday, May 27, 2002

प्रधानमन्त्री पार्टी सदस्यताबाट निष्कासित

देउवाद्वारा कोइरालालाई चुनौती दिन महाधिवेशन बोलाउने घोषणा

- महाधिवेशनमा कोइरालाविरुद्ध नै अविश्वास प्रस्ताव आउनसक्ने
- कारबाहीले पार्टीमा थप विग्रह उत्पन्न गर्छ : पौडेल
- भट्टराई कारबाही फिर्ता हुनेमा आशावादी
- महामन्त्री कोइरालाद्वारा कारबाहीको स्वागत

माघ २०१२ मा भएको छैटौं महाधिवेशनबाट सभापति निर्वाचित भएका सुवर्णशमशेरले १४ मंसिर २०१३ मा पुरानो कार्यसमिति र संसदीय बोर्ड भंग गरे। ३ पुस २०१३ मा नयाँ केन्द्रीय कार्यसमिति गठन गरे। त्यसपछि ८ चैत २०१३ मा सप्तरीको राजविराजमा कांग्रेसका जिल्ला सभापति र सचिवहरूको सम्मेलन भयो। सम्मेलनबाट सभापति शमशेरले विराटनगरमा विशेष महाधिवेशन गर्ने प्रस्ताव पारित गरे। १० जेठ २०१४ मा विराटनगरमा कांग्रेसको पहिलो विशेष महाधिवेशन भयो, जसबाट बीपी फेरि सभापति बने।

### २०५९ : देउवाको नेतृत्वमा विभाजन

७ साउन २०५८ मा दोस्रो पटक प्रधानमन्त्री नियुक्त भएका थिए, शेरबहादुर देउवा। देशमा माओवादीको सशस्त्र युद्ध चलिरहेको थियो। देउवा नेतृत्वको सरकारले संकटकाल लगाएको थियो, जसको म्याद ११ जेठ २०५९ सम्म थियो। संकटकालको म्याद थप्ने वा नथप्ने विषयले विवाद निम्तिएको थियो। प्रतिनिधिसभाबाट म्याद थप्ने प्रस्ताव अनुमोदन गर्न प्रतिपक्षी एमालेले दिएन नै, कांग्रेसभित्र पनि एकमत भएन।

सरकारले संकटकालको म्याद ६ महिना थप्ने प्रस्ताव ३ जेठ २०५९ मा संसद् सचिवालयमा दर्ता गराएको थियो। त्यसपछि कांग्रेसमा असमझदारी सुरु भयो। ७ जेठमा महामन्त्री सुशील कोइरालाको हस्ताक्षरमा प्रधानमन्त्री देउवालाई २४ घण्टे स्पष्टीकरण सोधियो, 'पार्टीलाई बेवास्ता र अवमूल्यन गर्ने यस्ता क्रियाकलापबाट प्रजातान्त्रिक दलीय पद्धतिका न्यूनतम मूल्य, मान्यता, संस्कृति र परम्परासमेतको अपहेलना भएको छ भनी किन नभन्ने ?' देउवाले ८ जेठमा पार्टी निर्णयभन्दा बाहिर गएर कुनै पनि निर्णय नगरेको भन्दै जवाफ फर्काए।

८ जेठकै केन्द्रीय कार्यसमितिको बैठकले सरकारले संसद्मा दर्ता गराएको प्रस्ताव फिर्ता लिन निर्देशन दियो। त्यसै दिन बसेको संसदीय दलको बैठकमा पनि देउवाको आलोचना भयो। त्यसै दिन बेलुका राजदरबार पुगेका देउवाले प्रतिनिधिसभा नै विघटनको सिफारिस गरे। तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि तत्कालै विघटन कार्यान्वयन गरिदिए र मध्यावधि तोकिदिए। देउवाको यस्तो कदमबाट आक्रोशित कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले मन्त्रिपरिषद्मा रहेका पार्टीका सदस्यलाई तीन दिनभित्र राजीनामा गर्न आह्वान गरे। कसैले राजीनामा दिए, कोही देउवाकै साथमा उभिए।

यता केन्द्रीय अनुशासन समितिले ९ जेठमै तत्कालीन प्रधानमन्त्री देउवालाई तत्काल पार्टीको साधारण सदस्यबाट निलम्बित गरी उनलाई तीनदिने स्पष्टीकरण पत्र पठायो। देउवाले ११ जेठमा अनुशासन समितिमा जवाफ फर्काए। तर, त्यसको भोलिपल्ट अनुशासन समितिले देउवाले पेस गरेको स्पष्टीकरण 'मनासिव नभएको एवं पार्टीलाई कुनै जानकारी नै नदिई प्रतिनिधिसभासमेत विघटन गरेको कुरा दलीय पद्धतिको सिद्धान्तविपरीत देखिएको तथा पार्टीको उद्देश्य, नीति, आचारसंहिता एवं विधानको गम्भीर रूपमा उल्लंघन भएको' ठहर गऱ्यो। उनलाई तीन वर्षका लागि पार्टीको साधारण सदस्यबाट समेत निष्कासन गरियो। देउवाले कारबाही फिर्ता लिन आग्रह गर्दै केन्द्रीय कार्यसमितिमा पुनरावेदनसमेत हाले। तर सुनुवाइ भएन।

यसैबीच देउवाले २ असार २०५९ मा आफू पक्षका महाधिवेशन प्रतिनिधिको भेला बोलाए। कोइरालालाई दबाब दिन बोलाइएको भेलालाई नै उनले महाधिवेशनको रूप दिए। ४ असारमा यो महाधिवेशनबाट कोइरालालाई सभापतिबाट हटाउने निर्णय भयो। ५ असारमा सभापतिमा देउवा चयन भए। तर कोइराला पक्षले नै आधिकारिकता पायो र देउवाको पार्टी नेपाली कांग्रेस प्रजातान्त्रिक हुन पुग्यो। यसरी कांग्रेसमा दोस्रो पटक ठूलो विभाजन भयो। पछि कांग्रेस प्रजातान्त्रिक पनि असोज २०६४ मा कांग्रेसमै मिल्न आइपुग्यो।

### २०८२ : देउवाको कारबाहीबाट अर्को ठूलो विभाजन

कांग्रेसमा तेस्रो ठूलो विभाजनको जरो २३ र २४ भदौ २०८२ को जेन-जी आन्दोलनसँग जोडिन्छ। आन्दोलनले राजनीतिमा नीतिगत र नेतृत्वगत परिवर्तन खोजेको भन्दै कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आवाज उठाएका थिए। उनीहरूले कांग्रेस बदलिनुपर्ने भन्दै दबाब बढाएकै पृष्ठभूमिमा कांग्रेसमा विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलन भयो। २९ असोजमा विशेष महाधिवेशन माग गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई निवेदन पेस भयो।

यसैबीच १५ मंसिरमा कांग्रेस केन्द्रीय कार्यसमितिले २६-२९ पुसका लागि नियमित महाधिवेशनको मिति तोकेको थियो। तर देउवा पक्षधर नेताहरूले नियमित महाधिवेशनको विपक्षमा पनि धारणा राखिरहेका थिए। महाधिवेशनको कार्यतालिकाअनुसार काम अघि नबढेपछि महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशन आह्वान गरे। २७ पुसदेखि जारी विशेष महाधिवेशनमा ५६ प्रतिशत प्रतिनिधि सहभागी भएको महाधिवेशन पक्षधरले बताएका छन्। विशेष महाधिवेशन जारी रहँदा विशेष महाधिवेशन पक्ष र देउवा पक्षबीच वार्ता चलेको थियो। २८-३० पुसमा चलेको वार्तामा सहमति जुट्न नसकेपछि देउवा पक्षले एक कदम अघि बढ्दै महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री मन्सुरलाई कारबाही गरेको हो।

बैठकको निर्णय सुनाउँदै देउवा पक्षका नेता मीनबहादुर विश्वकर्माले उनीहरूलाई अनुशासनको कारबाही गरिएको बताए। कांग्रेसको विधान २०१७ (संशोधनसहित) को धारा २२ उपधारा २० तथा धारा ३४ को उपधारा (८) को खण्ड (घ) (ङ) बमोजिम कांग्रेसको सदस्यसमेत नरहने गरी कारबाही गरिएको उनको भनाइ छ। यस्तो कारबाहीपछि दुवै पक्षले पार्टी विभाजनका रूपमा व्याख्या गर्न अस्वीकार गर्दै आफूहरू नै आधिकारिक कांग्रेस भएको बताएका छन्। तर हरेकजसो पार्टी विभाजन हुने प्रारम्भिक विन्दु यही हो। यसअघि सरकार र पार्टीबीचको असमझदारीका कारण कांग्रेसले विभाजन भोगेको थियो। यस पटकको पार्टीभित्र सुधार चाहने र नचाहनेबीचको संघर्षका कारण कांग्रेस विभाजन भएको छ। यसअघि विभाजनबाट गठित दुवै पार्टी कालान्तरमा मूल कांग्रेसमै मिसिएका थिए।

## देउवालाई उक्साउने को-को ?

**जयसिंह महरा र दुर्गा दुलाल** (काठमाडौं)

सानेपास्थित केन्द्रीय कार्यालय परिसरमा बुधबार दिउँसो १२:१६ बजे प्रवेश गर्दा कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई कांग्रेस नेता र कार्यकर्ताले आग्रह गरिरहेका थिए, 'दाइ, पार्टी विभाजन हुन दिनु हुन्न।' अन्तिम प्रयास चलिरहेको जवाफ उनले फर्काए। अलि अगाडि बढेपछि अर्को समूहले त्यही चासो राख्यो। खड्काले आकाशतिर इसारा गर्दै भने, 'हाम्रो हातमा कर्म छ, माथि निर्णय। हिसाबकिताब गरिरहेका छौं। उनीहरू इलेक्सन (चुनाव) मा जाने अनि हामी ठोक्ने।'

नेता-कार्यकर्ताको भीड छिचोल्दै खड्का केन्द्रीय कार्यालय प्रवेश गरे। केन्द्रीय कार्यसमिति बैठक भने २:२० मा बस्यो। ४ नबज्दै बैठकले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कांग्रेसको साधारण सदस्यसमेत नरहने गरी कारबाहीको निर्णय गऱ्यो। कारबाही गर्ने क्रममा स्पष्टीकरण सोध्ने साधारण प्रक्रियासमेत अपनाइएको थिएन।

सानेपामा कारबाहीको निर्णय हुँदै गर्दा विशेष महाधिवेशन पक्षधरले भने पार्टी एकताका लागि अन्तिम प्रयास गरिरहेको भन्दै नयाँ केन्द्रीय कार्यसमिति चयनको प्रक्रिया साँझ ८ बजेसम्म रोकेका थिए। केन्द्रीय कार्यालयमा महामन्त्री शर्मा छलफलका लागि आउँदै छन् भन्ने चर्चा चलिरहेको थियो।

केन्द्रीय कार्यसमिति बैठकमा कार्यवाहक सभापति खड्काले नै दुई महामन्त्री र एक सहमहामन्त्रीलाई कारबाही गर्नुपर्ने प्रस्ताव राखेका थिए। प्रस्ताव पारित गर्नुपूर्व नेता रमेश लेखकले वार्ताका क्रममा भएका छलफलबारे 'ब्रिफिङ' गरेका थिए।

कांग्रेस केन्द्रीय सदस्यहरूका अनुसार बैठकमा लेखकले महामन्त्रीहरूका तर्फबाट आएका मागहरूका बारेमा जानकारी दिएका थिए। विशेष महाधिवेशनको स्वामित्व लिनुपर्ने, सभापति शेरबहादुर देउवाले सक्रिय भूमिकामा नरहने, चुनावमा उम्मेदवार हुनेलाई दिइने टिकटमा देउवाको हस्ताक्षर नहुने, उम्मेदवार संसदीय बोर्डले चयन गर्ने, कुनै दलसँग चुनावी गठबन्धन नगर्ने, प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर चुनावमा जाने र पार्टी सञ्चालनका लागि छुट्टै संयन्त्र (हाइकमान्ड) गठन गर्नुपर्ने माग आएका लेखकले उल्लेख गरेका थिए।

लेखकले माग थपिँदै गएको र विशेष महाधिवेशनका कारण पार्टी विभाजनउन्मुख भएको भन्दै लेखकले आधिकारिकताको कानुनी आधारबारे धारणा राखेका थिए। त्यसै बीचमा केन्द्रीय सदस्यहरू दीपक गिरी र मोहन बस्नेतले कारबाहीको निर्णय निर्वाचन आयोगमा तत्काल पुऱ्याउनुपर्ने भएकाले आफ्नो भनाइ सक्न लेखकलाई आग्रह गरेका थिए। 'लेखकलाई आफ्नो कुरा छोट्याउनुस् भनेर उहाँहरू झर्किनुभयो,' एक केन्द्रीय सदस्यले भने।

केन्द्रीय सदस्यहरूका अनुसार विशेष महाधिवेशनमा सक्रिय रहेका महामन्त्रीहरूलाई अनुशासनको कारबाही गर्नुपर्छ भन्नेमा कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि र प्रकाशशरण महत अग्रपंक्तिमा थिए। उनीहरूले मंगलबार नै केन्द्रीय कार्यसमितिबाट कारबाहीको निर्णय गराउन दबाब दिएका थिए। मंगलबारको बैठक सारेर बुधबार बिहान ८ बजे बोलाइएकामा ११ बजेसम्म सारिएको थियो। त्यसपछि पनि बैठक सरेको थियो। ११ बजेपछि सिटौला 'महामन्त्रीहरूलाई कारबाही किन गरिएन ?' भनेर केन्द्रीय कार्यालयमा जंगिएका थिए। कार्यवाहक सभापति खड्का र नेता लेखकले महामन्त्रीहरूसँग संवाद भइरहेको र मिल्ने प्रयास भइरहेको छ भनेर जवाफ दिएपछि सिटौला रिसाउँदै उठेर अर्को कोठामा गएका थिए।

महामन्त्रीहरू थापा र शर्मालाई तत्काल कारबाही गर्नुपर्छ भनेर जोड दिनेमा शेखर कोइराला पनि रहेको केन्द्रीय सदस्यहरूको भनाइ छ। 'सभापति देउवालाई सेरेमोनियल बन्न, चुनाव नलड्न, टिकटमा हस्ताक्षर नगर्न, प्रधानमन्त्रीको उम्मेदवार आफूलाई बनाउन भन्ने आँट महामन्त्रीहरूलाई कसरी आयो भनी कोइरालाले देउवा निवास र केन्द्रीय कार्यालयमा बारम्बार प्रश्न उठाउनुभएको थियो,' एक केन्द्रीय सदस्यले भने।

महामन्त्रीद्वय थापा र शर्माले देउवामाथि अति गरेको तर्क गर्दै कोइरालाले अब अनुशासनको कारबाही गर्नैपर्ने भनी जोड दिएका थिए। थापाले विगतमा सिटौला, प्रकाशमान सिंह र अहिले आफूलाई धोका दिएको पनि उनले उल्लेख गरेका थिए।

महामन्त्रीहरूलाई अनुशासनको कारबाही गर्नैपर्छ भन्नेमा धनराज गुरुङ, मीन विश्वकर्मा, बालकृष्ण खाण, दीपक खड्का, श्याम घिमिरे, एनपी साउद पनि रहेको केन्द्रीय सदस्यहरूको भनाइ छ। शशांक कोइरालाले विशेष महाधिवेशन पक्षधरलाई कारबाही गर्नुपर्ने धारणा मंगलबार नै राखेका थिए।

कारबाहीको दबाब आइरहँदा कार्यवाहक सभापति खड्का भने पार्टी विभाजनको दोष आफूलाई आउनेमा चिन्तित थिए। 'कार्यवाहक सभापति खड्का आफ्नो नेतृत्वमा पार्टी विभाजित नहोस् भन्ने पक्षमा हुनुहुन्थ्यो। उहाँले एकता भए सबै नेताले गरेको भनेर जस लिने, विभाजन भए आफ्नो टाउकामा दोष थोपर्ने काम हुन्छ भन्नुभएको थियो,' एक केन्द्रीय सदस्यले भने, 'तर खड्कालाई नै कारबाहीको प्रस्ताव पेस गर्न र निर्णयमा हस्ताक्षर गराउन लगाइयो।'

अन्तिम समयसम्म पनि पार्टी विभाजन गर्न हुन्न भन्नेमा सहमहामन्त्रीहरू जीवन परियार र बद्री पाण्डे, केन्द्रीय सदस्यहरू चन्द्र भण्डारी, नैनसिंह महर र रामहरि खतिवडा थिए। तर कार्यवाहक सभापति खड्काले राखेको प्रस्तावमाथि कसैलाई पनि बोल्न दिइएन।

महामन्त्री थापा र शर्मा तथा सहमहामन्त्री मन्सुरलाई कारबाही गर्ने प्रस्ताव राखिएपछि केन्द्रीय सदस्यहरू चन्द्र भण्डारी र रामहरि खतिवडा बैठकबाट बाहिरिएका थिए। महामन्त्रीहरूलाई कारबाही गर्दा पार्टी विभाजन हुने भएकाले त्यसमा असन्तुष्टि

> **सहमतिका लागि बैठक सर्दै जाँदा बुधबार दिउँसो ११ बजे कृष्णप्रसाद सिटौला 'महामन्त्रीहरूलाई कारबाही किन गरिएन ?' भन्दै जंगिएका थिए, शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशशरण महत पनि कारबाहीका लागि हतारिएका थिए**

जनाउँदै आफू बाहिरिएको खतिवडाले बताए। 'प्रस्ताव पेस भएपछि हामी दुई केन्द्रीय समिति बैठकबाट उठेर हिँड्यौं,' उनले भने, 'पार्टी फुट्नु हुँदैन भन्ने हाम्रो धारणा थियो। हस्ताक्षर त हामीले मंगलबार गरेका थियौं, त्यही प्रयोग भयो होला।'

देउवानिकट रहेका नेताहरूको ठूलो पंक्ति कि त विवादित छन् कि उमेरले पाका छन्। पार्टी र सत्तामा पटक-पटक अवसर पाएका नेताहरूको बाहुल्य छ। प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला र विजयकुमार गच्छदार उमेरले पाका छन्। बीपी कोइरालाका छोरा शंशाक खुलेर कुनै पक्षमा स्पष्ट अडानसाथ लागेको देखिँदैन।

मोहन बस्नेत, बालकृष्ण खाण, रमेश लेखक, दीपक खड्कालगायत विवादित छन्। बस्नेतविरुद्ध टेरामक्स खरिद प्रकरणको भ्रष्टाचार मुद्दा विशेष अदालतमा छ। खाणविरुद्ध नक्कली भुटानी शरणार्थी प्रकरणको मुद्दा जिल्ला अदालत काठमाडौंमा विचाराधीन छ। गच्छदारविरुद्ध ललिता निवासको सरकारी जग्गाको भ्रष्टाचार मुद्दा सर्वोच्चमा विचाराधीन छन्।

पूर्वगृहमन्त्री लेखकमाथि भिजिट भिसा प्रकरणमा अनियमितता गरेको आरोप छ। गत २३ भदौमा जेन-जी आन्दोलनमा दमन गरेको आरोप पनि छ। केही समय अघि मात्र जाँचबुझ आयोग र मानवअधिकार आयोगमा उनले बयान दिएका थिए। दीपक खड्का स्काउटको जग्गा विवादमा मुछिएका थिए। देउवा समूहमै रहेका काठमाडौं-३ का सभापति एवं पूर्वसांसद सन्तोष चालिसेविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको अकुत सम्पत्तिसम्बन्धी मुद्दा विशेष अदालतमा विचाराधीन छ।

प्रतिनिधिसभा सदस्यमा पराजित भएका कृष्णप्रसाद सिटौलालाई लगत्तै राष्ट्रिय सभाको सांसद बनाइएकामा पार्टी नेतृत्वको आलोचना भएको थियो। देउवाको 'किचन क्याबिनेट' मा रहँदै आएका प्रवक्ता प्रकाशशरण महत जनतामा परीक्षण नहुने तर अवसर पाइरहने नेताका रूपमा परिचित छन्।


वर्गीकृत डिस्प्ले

उपचार
यहाँ महिलाको स्तन सम्बन्धि सम्पूर्ण रोगको सफल उपचार गरिन्छ।
CHINESE PEOPLE'S HOSPITAL
BOUDHA GATE OPPOSITE
9823662264, 01-4586586

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

# निर्वाचन आयोगबाट हामीलाई 'फेभर' हैन, निर्णय चाहिएको छ

**नेपाली कांग्रेसको काठमाडौंमा सम्पन्न दोस्रो विशेष महाधिवेशनबाट गगनकुमार थापा सभापतिमा निर्वाचित भएका छन् । भृकुटीमण्डपमा विशेष महाधिवेशन चलिरहेकै बेला पार्टीको तत्कालीन संस्थापन पक्षले थापा, विश्वप्रकाश शर्मा र फरमुल्लाह मन्सुरलगायतलाई साधारण सदस्यसमेत नरहने गरी ५ वर्षका लागि कारबाही गरेको थियो । महाधिवेशन, कारबाही, नेतृत्व परिवर्तन, आसन्न प्रतिनिधिसभा निर्वाचन र आगामी रणनीतिबारे नवनिर्वाचित सभापति थापासँग गरिएको कुराकानीको सम्पादित अंश :**

**८० वर्षको इतिहास बोकेको कांग्रेस पार्टी फेरि एक पटक विभाजित भएको छ । र, यो अत्यन्तै प्रतिकूल समयमा यसको नेतृत्व तपाईंले लिनुभएको छ । यो एउटा उपलब्धि हो, चुनौती हो अथवा पराजय हो । तपाईंले यसलाई कसरी समीक्षा गर्नुभएको छ ?**
पहिलो कुरा म नेपाली कांग्रेस पार्टी फुटेकै मान्दिनँ । किनकि पार्टीको विधानअनुसार भएको विशेष महाधिवेशनले गरेको निर्णय सबैका लागि शिरोधार्य हुनुपर्छ । १४औं महाधिवेशनमा आदरणीय शेरबहादुर देउवालाई यिनै महाधिवेशन प्रतिनिधिले सभापति चुनेका हुन् । तिनै प्रतिनिधिले अहिले यो निर्णय गरेका हुन् । दोस्रो, कांग्रेसभित्रको लडाइँ को सभापति हुने भन्ने होइन । पार्टीभित्रको सत्ता संघर्ष, शक्ति संघर्ष पनि होइन । समयको चापलाई बुझ्ने कि नबुझ्ने ? प्रतिकूलतालाई बुझ्ने कि नबुझ्ने भन्ने हो । समाज जता जाओस्, त्यसको वेग/भावना जता बगोस्, पार्टीभित्र मसँग संख्या छ भने मैले बेपरवाह त्यसलाई थिचेर-मिचेर जान सक्छु भन्ने पार्टीका मठाधीशहरूको लामो समयदेखि एउटा चरित्र रहँदै आएको छ । हामीले त्योमाथि प्रश्न गरेको हो । सडकले दुत्कारेको व्यक्ति वा समाजले हुन्न भनेको व्यक्ति पार्टीभित्रको संख्याका आधारमा पार्टी-सत्ता कब्जा गरेर त्यसले नै सडक र नागरिकमाथि आफ्नो निर्णय लाद्ने जुन विकृत दलीय अभ्यास छ, त्यसलाई बदल्ने एउटा प्रयास गरेका हौं । त्यसैले नाफा-घाटा के होला भनेर सरोकार राखेका छैनौं । सत्यको बाटोबाट अगाडि बढ्दै जान्छौं ।

**वैधानिकताको प्रश्न स्वाभाविक रूपमा उठ्छ । निर्वाचन आयोग हुँदै अदालतसम्म पनि पुग्न सक्छ । किनकि तपाईंहरू, दुई महामन्त्री र सहमहामन्त्रीलाई तत्कालीन संस्थापकले कारबाही गरेको छ । त्यसपछि तपाईंहरू कार्यसमिति चयनमा जानुभएको छ । त्यसकारण यो वैधानिकताको प्रश्न उठ्छ कि उठ्दैन । खासगरी मूल कांग्रेस कुन हो भनेर ?**
नेपाली कांग्रेस पार्टीको विधानअनुसार विशेष महाधिवेशन प्रारम्भ भइसकेपछि बन्दसत्र सुरु भएको पहिलो दिनै निर्णय गरेर नयाँ केन्द्रीय समिति निर्वाचनको प्रक्रिया बढाइएको हो । प्रक्रियासंगत ढंगबाट शेरबहादुर देउवा सभापति र हामी महामन्त्री रहेको केन्द्रीय कार्यसमिति भंग भयो । जसको जानकारी हामीले दुई दिन अगाडि नै निर्वाचन आयोगमा औपचारिक रूपमा दर्ता गराइसकेका छौं । त्यसैले निर्वाचन आयोगले आज चिन्ने, जान्ने भनेको भृकुटीमण्डपमा अहिले भइरहेको विशेष महाधिवेशन नेपाली कांग्रेस पार्टीलाई हो । त्यसकारण विधानसम्मत, कानुनसम्मत हिसाबले अहिले नेपाली कांग्रेसको केन्द्रीय समिति विशेष महाधिवेशनबाट चयनको प्रक्रियामा छ । नेतृत्व निर्माणको प्रक्रियामा छ । जो आफैं छैन । नभएको केन्द्रीय कार्यसमितिले हामीमाथि कारबाही गर्ने र त्यसलाई हामीले भोग्नुपर्ने हुन सक्दैन ।

जब यो विषय निर्वाचन आयोगमा प्रवेश गर्छ । आयोगले कति समय लिन्छ भन्ने कुरा महत्त्वपूर्ण छ । किनकि ६ माघमा प्रत्यक्ष निर्वाचनका लागि मनोनयन हुँदै छ । त्यही भएर ६ माघभित्र आयोग एउटा निष्कर्षमा पुग्ने सम्भावना देख्नुहुन्छ कि देख्नुहुन्न ? किनभने यस विषयमा मानिसहरूमा संशय छ ।

हाम्रो प्रचलित कानुन, निर्वाचन, दलसम्बन्धी कानुन, हाम्रो पार्टीको विधान यो सबै कुरालाई एक ठाउँमा राखेर हेर्दा मलाई लाग्छ, आयोगले एकदमै छोटो समयभित्र निर्णय गर्न सक्छ । विशेष अधिवेशन सम्पन्न भएको छ । यो अधिवेशनबाट भएर आएका कुरालाई अद्यावधिक गर्ने विषय मात्रै हो । अद्यावधि गरिसके पछाडि आयोगको निर्णय सकिन्छ । अद्यावधिक गरिसकेपछि बाँकी रहेका साथीहरू पनि आयोगको निर्णयलाई स्विकार्नु हुन्छ र पार्टी एकढिक्का भएर अगाडि बढ्छ । त्यो एउटा अपेक्षा र विश्वास पनि लिएको छु ।

**तत्कालीन महाधिवेशनबाट सभापतिमा निर्वाचित हुनुभएको शेरबहादुर देउवाको हस्ताक्षरसहितको 'डकुमेन्टहरू' निर्वाचन आयोगमा छन् । त्यसलाई 'रिप्लेस' गर्नका लागि तपाईंहरूसँग के कस्ता बलिया 'डकुमेन्ट्स' छन् । जसले गर्दा आफ्नो पक्षमा निर्णय आउँछ भन्ने तपाईंहरूलाई विश्वास छ ।**
निर्वाचन आयोगको नियमित प्रक्रिया छ । त्यो नियमित प्रक्रियामा जाने हो । शेरबहादुर देउवा सभापति रहेको बेलामा पार्टीले निर्णय गर्‍यो, उहाँको हस्ताक्षरलाई आयोगमा पठाइयो । यहीबीचमा पार्टी विशेष महाधिवेशनमा गयो । एकछिनलाई मानौं विशेष अधिवेशनमा गएको थिएन । निर्वाचन कानुनको हिसाबले कुनै पनि पार्टीले उम्मेदवारी दर्ता गर्नुभन्दा केही क्षण अगाडि पनि हस्ताक्षर पठाउन सक्छ । सामान्य अवस्थामा समेत आफ्नो बैठकबाट निर्णय गरेर हाम्रो सभापति बदलिनुभयो वा हाम्रो हस्ताक्षर गर्ने अधिकारी बदलिनुभयो भनेर जानकारी आयोगलाई दिन सक्छ । यो हस्ताक्षरबाट हाम्रो पार्टीको निर्वाचनसम्बन्धी प्रक्रिया बढाइदिनुस् भनेर आयोगलाई भन्न सक्छ । कानुनले पनि भन्छ ।

विशेष महाधिवेशन विधिसम्मत भएको छ । यसलाई निर्वाचन आयोगले विधिसम्मत अद्यावधिक गरिदिने हो । अतिरिक्त 'फेभर' नगरीकन कानुनसम्मत कुरालाई उसले स्वीकार गर्ने हो । पार्टीको नयाँ कमिटीलाई अद्यावधिक गरिसकेपछि नेपाली कांग्रेस एक ठाउँमा आउने र ठीक ढंगले चल्ने भई नै हाल्छ । एउटा अधिवेशन भइरहेको छ, अर्कोतिर पार्टीले निर्णय गर्‍यो भन्ने आधारमा दुईवटा कमिटी भएको भनिएको छ । दुईवटा त हुनै सक्दैन । कि हामी ठीक हुनुपर्‍यो, कि आज सानेपामा बसेर निर्णय गर्नेहरू ठीक हुनुपर्‍यो ? हाम्रो दाबीभन्दा पनि विधानसम्मत भन्ने हो । हाम्रो प्रस्ट बुझाइ के छ भने महाधिवेशन नै आधिकारिक हो । यसमा फुट्ने भन्ने प्रसंगै रहेन । हामी जहाँ छौं, त्यो ठीक हो ।


अंगद ढकाल

**लोकतन्त्रमा दल-दलबीच र दलभित्रै पनि आन्तरिक प्रतिस्पर्धा स्वाभाविक मानिन्छ । तर, पार्टी विभाजन पक्कै पनि अप्रिय हो । अब अहिले पार्टी विभाजन नहोस् भनेर कांग्रेसका नेता, कार्यकर्ता र स्वतन्त्र नागरिक तथा नागरिक समाजबाट पनि चिन्ता थियो । आज जुन तपाईंहरूले 'स्टेप' लिनुभयो । यसमा नआइपुग्नका लागि तपाईंहरूले अन्तिममा गरेका कोसिस के-के थिए ?**
यसलाई पार्टीको संस्थापन पक्षले कहिले के, कहिले के भनेर विभिन्न ढंगले आफ्नो तरिकाले हेर्‍यो । तर, यसको सार जम्मा एउटा कुरा थियो । नागरिकको तहबाट कांग्रेसको नेतृत्वलाई स्वीकार गर्दैनौं भनिसकेपछि त्यो कुरालाई मनन गरौं र नयाँ नेतृत्वका साथ जाऔं भन्ने हो । नयाँ नेतृत्व जो भए पनि हुन्थ्यो । मलाई बनाइदेऊ भनेर मैले चाहेको होइन । न मैले वा विश्वप्रकाश शर्माले मलाई प्रधानमन्त्रीको उम्मेदवार बनाऊ भनेका छौं । कांग्रेसले प्रधानमन्त्रीको उम्मेदवार तोकेर जाऔं भनेको हो । मलाई बनाउ भनरे एक पटक पनि भनेको छैन । नेपाली कांग्रेस निर्वाचनमा जाँदै गर्दा मतदाताले दिएको मतबाट ठूलो पार्टी भएको खण्डमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्दैनन् भन्ने प्रस्ट बनाएर जाऔं भनेका हौं । उहाँको हस्ताक्षर चल्ने वा नचल्ने कुराले अर्थ राख्दैन । उहाँको हस्ताक्षर चले वा नचले पनि उहाँले अह्राएको मानिसको हस्ताक्षर चलेपछि हुन्थ्यो । नयाँ पार्टीहरूले प्रधानमन्त्री को हुन्छ भनेर घोषणा गरेर गइरहेको स्थितिमा यो कुरा नटुंग्याइकन गयौं भने त्यसबाट के बुझिन्छ भने कांग्रेस निर्वाचित भएर आयो भने फेरि शेरबहादुर देउवा नै प्रधानमन्त्री बन्छन् । त्यो 'म्यासेज' जान्छ । हाम्रो भनाइ सडकले इन्कार गरेको कुनै पनि पात्रलाई पार्टीले जबर्जस्ती बोकेर जाने कोसिस गर्‍यो भने भोलि सडकले 'ब्यालेट' मार्फत त्यसलाई इन्कार गरिदिन्छ । यो मूर्खता नगरौं भनेका हौं । पार्टी यसरी जोगिँदैन । यही विषयमा हाम्रो कुरा नमिलेको हो ।

**विशेष महाधिवेशनले तपाईंको नेतृत्वमा केन्द्रीय कार्यसमिति बनाएको छ । आजको दिनपछि तपाईंको विचारमा शेरबहादुर देउवा, पूर्णबहादुर खड्कालगायतका नेताहरूको राजनीतिक हैसियत के हो ? उहाँहरूको पहिचान के हो ? उहाँहरूको दल के हो ? पद के हो ?**
उहाँहरू नेपाली कांग्रेसको पार्टी सदस्य हो । जसरी शेरबहादुर देउवा आउनुभन्दा पहिला अरू व्यक्तिहरू पार्टीको पदीय हैसियतमा हुनुहुन्थ्यो । उहाँहरू १४औं अधिवेशनबाट बन्नु भएको सभापति, उपसभापति हो । १४ र १५औंको बीचमा विशेष महाधिवेशनले मलाई सभापति बनायो । त्यही भएर उहाँहरू कांग्रेसको पूर्वसभापति, उपसभापति हो । हाम्रो श्रद्धेय नेताहरू हो ।

**आजको दिनमा उहाँहरूलाई तपाईंको सन्देश के छ ?**
पार्टीका सदस्यका हिसाबले उहाँलाई गर्ने अनुरोध के रहन्छ भने हिजो पनि हामीले पार्टीको फुट चाहेको होइन । फुट चाहेको भन्ने कुराको कुनै तुक छैन । अहिले पनि विशेष महाधिवेशनको निर्णयलाई शिरोधार्य गरिदिनुस् । सदस्यहरूको निर्णय हो यो, भन्ने आग्रह गर्छौं । दोस्रो कुरा कांग्रेस आजको दिनमा जुन अवस्थामा आइपुगेको छ । जुन अप्ठ्यारो भोगिरहेका छ, यसको कारक हामी होइनौं । उहाँहरूलाई राम्रोसँग थाहा छ । बन्दकोठामा छलफलहरू भएका छन् । हामी जाल-झेल, षड्यन्त्र, 'सेटिङ', 'फिक्सिङ' यी भाषालाई हामी बुझ्दैनौं । हामीले प्रस्ट भाषामा भनेको हो- तपाईं अलग भइदिनुस् । कांग्रेस हामी सम्हालेर लैजान्छौं । हामी सम्हाल्छौं भनेको, कहिल्यै पनि ड्राइभिङ सिटमा हामी बस्छौं भनेर दाबी गरेका होइनौं । नियमित महाधिवेशनबाट आउने स्थितिमा त्यो पनि गरौंला भन्ने हो । तर, अहिले पार्टीले ऐतिहासिक निर्णय गरेर जानुपर्छ भनेको हो । यो स्थितिमा सबैभन्दा ठूलो पदमा रहेका नेता नै ठूलो अवरोधक भइदिए । राष्ट्रले र समयले यसको मूल्यांकन गर्नेछ । आमपार्टी सदस्यहरूले शुभेच्छुकहरूले यसको मूल्यांकन गरिरहनुभएको छ । हामीले विशेष महाधिवेशनको हलमा भनेका वा कोठामा भनेका कुन चाहिँ कुरा हाम्रो व्यक्तिगत लाभसँग जोडिएको थियो । कुन चाहिँ कुरा पार्टी वा देशको अहितमा थियो ? कुनै पनि थिएन । एउटा कुरा पनि बताउन सक्नुहुन्न ।

**अब लगत्तै प्रत्यक्ष निर्वाचनका लागि उम्मेदवारी दिने दिन आउँदै छ । हामी निर्वाचनकै बीचमा छौं । योबीचमा तपाईंहरूले जुन चुनौती लिनुभएको छ । यसले निर्वाचन पछि नेपाली कांग्रेसको र समग्र नेपालको राजनीतिलाई कुन दिशामा लग्ला ? फागुन २१ पछाडिको समग्र नेपाली राजनीतिको परिदृश्य कस्तो देख्नुहुन्छ ?**
हामीले गरेको प्रयास कांग्रेस समर्थक, शुभचिन्तक र आम कार्यकर्तालाई मात्रै होइन, आम नागरिक र हिजो सडकमा आएका नौजवानहरूले पनि कांग्रेसको महाधिवेशनले हाम्रो आवाजलाई पनि प्रतिनिधित्व गरेको बुझेको हुनुपर्छ, बुझिदिनुपर्छ । बाँकी परिणामको हामीलाई धेरै ठूलो चिन्ता छैन । यो कुरा उहाँहरूले किन बुझ्नुपर्छ भने राजनीतिक दलको नेतृत्वले अनदेखा गर्ने, हेप्ने कार्य गरे । नागरिकलाई हेप्ने र पेल्ने कार्य गरेका छन् । मसँग संख्या छ भनेर पार्टीका आम कार्यकर्तालाई पेलेका छन् । संख्या पनि आफैंले सिर्जना गरेको, आफैंले नियन्त्रणमा राखेको हो । त्यही आधारमा गर्न खोजेको हो । त्यसलाई चुनौती दिएको हो । यो कुरा पार्टीका शुभेच्छुक नागरिकहरूले बुझिदिए, हामीलाई त्यति भए पुग्छ । त्यसपछि समयले हामीलाई कहाँ लिएर जान्छ, जान्छ । हामीलाई के कुरामा विश्वास छ भने एक दिन, दुई दिनमा निर्वाचन आयोगले दिने निर्णयसँगै अहिलेको परिस्थिति सम्हालिन्छ । र, हाम्रो नेतृत्वमा पार्टी फेरि एकढिक्का भएर ठीक ढंगले अगाडि बढ्छ भन्ने विश्वास छ ।

# कांग्रेस आधिकारिताको निर्णय निर्वाचन आयोगको 'कोर्ट' मा

## ६ माघमा प्रत्यक्षतर्फको उम्मेदवार मनोनयनको चुनावी कार्यतालिका रहेकाले छिटो निर्णय दिनुपर्ने दबाबमा आयोग

**राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा निर्वाचन प्रक्रिया जारी रहँदा भएको कांग्रेस विभाजनले आधिकारिकताको प्रश्न उठेपछि यो विषय तत्काल नै सल्टाउनुपर्ने दबाबमा निर्वाचन आयोग परेको छ । विशेष महाधिवेशन पक्षधरबाट गगनकुमार थापाको नेतृत्वमा सिंगो नयाँ कार्यसमिति चयन प्रक्रियामा छ । शेरबहादुर देउवा पक्षधरले भने तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा तत्कालीन सहमहामन्त्री फरमुल्लाह मन्सुरमाथि अनुशासनको कारबाही गर्दै पार्टीबाट निष्कासित गरेको छ ।

विशेष महाधिवेशन पक्षधर तथा देउवा पक्ष दुवैले गरेका निर्णयहरू अद्यावधिकका लागि निर्वाचन आयोगमा पठाउने तयारी छ । दलले आफ्नो पदाधिकारीमा गरेको हेरफेरको जानकारी ३० दिनभित्र आयोगलाई दिनुपर्ने कानुनी प्रावधान छ । राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ मा दलले आफ्नो नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेर र आयोगले तोकेबमोजिमका अन्य जानकारी ३० दिनभित्र आयोगलाई दिनुपर्ने उल्लेख छ ।

बन्दसत्रमा बोल्दै नेता शर्माले विशेष महाधिवेशनको निर्णयलाई आयोगले सदर गर्ने विश्वास व्यक्त गरेका छन् । विशेष महाधिवेशन पक्षधरले १६ पुसमै ५४ प्रतिशत प्रतिनिधिको हस्ताक्षरमा विशेष महाधिवेशन माग गरिएको जानकारी आयोगलाई गराएको थियो । विधानअनुसार माग गरिएको विशेष महाधिवेशन बोलाउन पार्टीलाई निर्देशन दिनसमेत आयोगलाई उक्त पत्रमा आग्रह गरिएको थियो । तर माग गरिएअनुसार आयोगले कांग्रेसलाई त्यस्तो कुनै निर्देशन दिएको छैन ।

२७ पुसमा सुरु दोस्रो विशेष महाधिवेशन भइरहेको जानकारी पनि आयोगलाई गराइएको छ । महाधिवेशन सम्पन्न भएपछि निर्णयहरू अद्यावधिकका लागि पठाइने पूर्वजानकारी विशेष पक्षधरले आयोगलाई दिएका छन् ।

देउवा पक्षले भने बुधबार पत्र लेखेर कांग्रेसले विशेष महाधिवेशन आयोजना नगरेको जानकारी आयोगलाई दिएको छ । साथै, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरमाथि अनुशासनको कारबाही गर्दै पार्टीबाट निष्कासित गरिएको जानकारी पनि आयोगमा पठाइएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले दुवै पक्षबाट अलग-अलग पत्र आएको बताएका छन् ।

देउवा पक्षबाट तीन पदाधिकारीलाई कारबाही गरिएको जानकारी आए पनि विधिवत् रूपमा त्यसलाई दफा ५१ अनुसार अद्यावधिक गर्ने प्रक्रियाबमोजिम नआएको आयोगको राजनीतिक दल तथा कानुन महाशाखा स्रोतले बताएको छ । राजनीतिक दलसम्बन्धी नियमावलीको अनुसूची-१८ मा दलको विवरण हेरफेर भएको निवेदनको ढाँचा छ । विवरण हेरफेरका लागि त्यही ढाँचाअनुसार निवेदन तथा त्यहाँ उल्लिखित कागजात बुझाउनुपर्छ । नियमावलीको नियम २५ मा दलले ऐनको दफा ५१ बमोजिम नाम, विधान, नियम, छाप, झन्डा, चिह्न (लोगो) परिवर्तन गरेमा वा पदाधिकारी हेरफेर भएमा दलको प्रमुख पदाधिकारी वा अधिकार प्राप्त व्यक्तिले अनुसूची १८ बमोजिम आयोगमा जानकारी गराउनुपर्ने उल्लेख छ ।

आयोगका एक कानुन अधिकृतले कुनै एउटा पक्ष मात्र दफा ५१ अनुसार पदाधिकारी हेरफेरको जानकारी सहित अद्यावधिकका लागि आउने तथा अर्को पक्ष नआएको स्थितिमा कुनै विवाद नै नदेखिने बताउँछन् । 'तर यहाँ त्यस्तो स्थिति छैन, दुवै पक्ष त्यसका लागि आउने नै छन्,' उनले भने, 'त्यो स्थितिमा आयोगले उपलब्ध प्रमाणहरूको जाँच गरेर एउटा पक्षको विवरणलाई अद्यावधिक गरिदिन सक्छ । त्यो स्थितिमा अर्को पक्षले आधिकारिकता पाएको पक्षसँगै मिलेर जानुपर्नेछ वा नयाँ पार्टी गठनको बाटो रोज्नुपर्नेछ ।'



> **आयोगमा विषय प्रवेश गरेपछि संविधान, ऐन, कानुन, नियम, निर्देशिका तथा पार्टीको विधानबमोजिम अध्ययन चिन्तन गरेर निर्णय दिन्छौं**
>
> **रामप्रसाद भण्डारी**
> कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

नयाँ पार्टी गठनको बाटोमा जानु भनेको चुनावका बेला उक्त पक्ष शून्यमा पुग्नुसरह हो । नयाँ पार्टी गठन गरी २१ फागुनमा हुने मतदानमा सहभागी हुन सक्ने गरी चुनावी कार्यतालिकताअनुसार भाग लिन सक्ने स्थिति र अवसर उक्त पार्टीलाई हुनेछैन ।

पार्टी विभाजन भएर बनेको वा अहिले आएर दर्ता हुने नयाँ राजनीतिक दलले आगामी प्रतिनिधिसभा निर्वाचनमा भाग नै लिन पाउँदैनन् । आयोगमा दर्ता भएका दलले निर्वाचन प्रयोजनका लागि दल पुनः दर्ता गराउनुपर्ने संवैधानिक प्रावधान छ । आयोगले प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि दल दर्ता गराउन दिएको १-१४ मंसिरको अवधिमा ११४ दलबाट १०७ निवेदन परेको छ । त्यसरी दर्ता भएका दलहरू मात्र २१ फागुनको निर्वाचनमा भाग लिन पाउँछन् । नयाँ दललाई चुनावमा भाग लिन पाउने स्थितिका लागि आयोगले निर्वाचन प्रयोजनका लागि दल दर्तादेखि सबै निर्वाचन कार्यक्रम पुनः ल्याउन सक्ने स्थिति अहिले छैन । त्यसतर्फ लाग्दा २१ फागुनमा निर्वाचन नै हुन नसक्ने ती अधिकृतको भनाइ छ ।

विशेष महाधिवेशन पक्षधरको निर्णय वा केन्द्रीय समितिले गरेको निर्णयमध्ये एउटालाई अद्यावधिक गरेर जानु अहिलेका लागि 'सर्टकट' बाटो हो । पार्टी विधानअनुसार विशेष महाधिवेशन बोलाउने प्रक्रिया मिलेको/नमिलेको निक्र्योल हुनासाथ महाधिवेशनको निर्णयलाई अद्यावधिक गर्ने वा नगर्ने निष्कर्षमा आयोग पुग्न सक्ने उनले बताए ।

'विवाद कुन रूपमा आउँछ र आयोगले त्यसलाई कसरी हेर्छ, त्यो आयोगका पदाधिकारीहरूकै जिम्माको विषय भयो,' आयोग स्रोतले भन्यो, 'आयोग भनेकै प्रमुख आयुक्त र आयुक्तहरू हुन् ।' पाँच सदस्यीय आयोगमा यतिबेला प्रमुख आयुक्त र एक आयुक्त पद रिक्त छ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी तथा दुई आयुक्तहरू सगुनशमशेर जबरा र जानकी तुलाधार छन् । तत्कालीन केपी शर्मा ओली सरकारले उनीहरूलाई नियुक्त गरेको हो ।

दुवै पक्षबाट आएका निर्णयमध्ये कुनै एकको मात्र अद्यावधिक गर्न नसकिने स्थिति आयोगले देखेमा दलको मान्यतासम्बन्धी विषय विवादमा प्रवेश गर्नेछ । त्यो भनेको राजनीतिक दलसम्बन्धी ऐनको परिच्छेद-९ मा रहेको दलको मान्यतासम्बन्धी विवादको निरूपण हो । आयोग स्रोतका अनुसार त्यो स्थितिमा दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको छिनोफानो आयोगले गरिदिनुपर्छ ।

ऐनको दफा ४३ मा दुई वा दुईभन्दा बढी दलबीच वा एउटै दलका दुई वा दुईभन्दा बढी पक्षहरूबीच दलको नाम, छाप, विधान, झन्डा, चिह्न, पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयबारे आधिकारिकताको विषयमा भएको विवाद निरूपणको अधिकार आयोगलाई हुने उल्लेख छ । केन्द्रीय समिति तथा पार्टीको नाम, झन्डा लगायतका विषयमा दुवै पक्षबाट दाबी आएको खण्डमा ऐनको दफा ४३, ४४, ४५ र ४६ मा रहेको विवाद निरूपणसम्बन्धी प्रक्रियाबाट जाँदा त्यसका लागि तोकिएको निश्चित प्रक्रियाहरूले समय लिने आयोगका अधिकारी बताउँछन् ।

त्यसरी विवाद निरूपण गर्दा दुई पक्षबीच सहमति नजुटेको स्थितिमा प्रमाणसहितका आधारमा आयोगले एउटा पक्षलाई विवाद उत्पन्न हुनुअघिको दलको हैसियतमा मान्यता दिन सक्छ । त्यसरी एउटा पक्षलाई मात्र मान्यता दिन नसकिने स्थितिमा केन्द्रीय समितिमा बहुमत रहेको पक्षलाई पुरानो दलको मान्यता र अर्को पक्षलाई छुट्टै राजनीतिक दलको रूपमा मान्यता दिई दर्ता गर्न सक्छ । तर त्यसरी गठन हुने नयाँ दलले जारी चुनावमा भाग पाउने छैन । पूर्वप्रमुख निर्वाचन आयुक्त आयोधीप्रसाद यादव चुनावी प्रक्रिया सुरु भइसकेकाले आयोगले लामो प्रक्रिया लिन नहुने बताउँछन् । छोटो विधि र प्रक्रियाबाट 'फास्ट ट्र्याक' मा आयोगले निर्णय दिन सक्नुपर्ने उनको भनाइ छ । विगतमा आयोगले दलको विवादलाई लामो समयसम्म निर्णय नदिएर अल्झाएको उदाहरण पनि छन् । अहिले सामान्य अवस्था नरहेकाले आयोगलाई त्यस्तो छुट नरहेको यादव बताउँछन् ।

आयोगका पदाधिकारीहरू विवादबारे निर्णय लिने जिम्मेवारीमा रहेकाले अहिले यस विषयमा टिप्पणी नगर्ने बताउँछन् । आयुक्त जबराले विषय कुन रूपमा आयोगमा प्रवेश गर्छ, त्यसअनुसार प्रमाणका आधारमा आयोगले निर्णय लिने जानकारी दिए । 'आयोगमा आइनसकेका विषयमा टिप्पणी गर्नु भएन,' उनले भने, 'कुनै दलको विवाद आएको स्थितिमा निर्वाचनको चापलाई हेरेर आयोगले यथाशक्य छिटो निर्णय दिनेछ ।'

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले पनि आयोगमा विषय प्रवेश गरेपछि संविधान, ऐन, कानुन, नियम, निर्देशिका तथा पार्टीको विधानबमोजिम अध्ययन चिन्तन गरेर आयोग निर्णयमा पुग्ने बताउँछन् ।

## 'आयोगले फास्ट ट्र्याकमा निर्णय लिनुपर्छ'



**कांग्रेस विभाजन भएपछि सबैको ध्यान निर्वाचन आयोगतर्फ सोझिएको छ । २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फका उम्मेदवारको मनोनयन गर्ने दिन आउन एक साताभन्दा कम समय छ । आयोगबाट अब कुन पक्षले आधिकारिकताको मान्यता पाउला भन्ने आम चासो छ । कांग्रेसको विवादले आसन्न निर्वाचनको वातावरण बिथोलिने हो कि भन्ने चिन्ता पनि कतिपयमा छ । यसै सन्दर्भमा पूर्वप्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवसँग कान्तिपुरले गरेको संक्षिप्त संवाद :**

**चुनावको मुखमा कांग्रेस पार्टीमा विवाद देखिएको छ । यसले चुनावलाई कस्तो प्रभाव पार्ला ?**
सरकारको सहयोगमा निर्वाचन आयोगले चुनावको तयारी गरेको छ । प्रक्रियाहरू अगाडि बढेका छन् । एउटा पार्टीभित्रको विवादले चुनावलाई नै असर गरिहाल्दैन । यो सम्बन्धित पार्टीको समस्या हो । असर उसैलाई गर्ने हो । तर देशको सबैभन्दा पुरानो र लोकतान्त्रिक पार्टीमा आएको विवादले निर्वाचनलाई लिएर आम मतदाता र कांग्रेस कार्यकर्तामा निश्चय पनि संशय बढाएको छ ।

**यस पटक विशेष परिस्थितिमा निर्वाचन घोषणा भयो । निर्वाचनका लागि बल्लबल्ल बन्दै गएको राजनीतिक वातावरणलाई कांग्रेसको विवादले कस्तो असर पार्छ ?**
कांग्रेसभित्रको विवाद निश्चय पनि यो चुनावका लागि राम्रो पक्ष होइन । त्यसको असर मतदानमा पर्न सक्छ । ३०-३२ प्रतिशत मत ल्याउने पार्टीमा विवाद देखिँदा निश्चय पनि राजनीतिक वातावरणलाई प्रभाव पार्ने नै भयो । तर निर्वाचन आयोगले धेरै तयारी गरिसकेको छ । समानुपातिक उम्मेदवारको मनोनयन भइसक्यो, मतपत्र छापिन थाल्यो । कर्मचारीको खटनपटन भइरहेको छ । प्रत्यक्षतर्फको मनोनयन आइसक्यो । यस्तोमा चुनाव रोकिँदैन, रोकिनु पनि हुँदैन । तर कांग्रेसको विवादले चुनावको राजनीतिक वातावरणलाई भने फितलो बनाउँछ ।

**६ माघमा प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्नुपर्नेछ । यहीबीचमा कांग्रेसको विवाद आयोगमा पुग्दै छ । यस्तो अवस्थामा आयोगले के गर्नुपर्ला ?**
पहिलो कुरा, पार्टीमा विवाद भएपछि त्यसको घाटा सम्बन्धित दललाई नै हुने हो । त्यो कुरा उनीहरूले बुझ्न जरुरी छ । अहिले पनि उनीहरू आन्तरिक विवादलाई मिलाएर चुनावमा जानुपर्छ । उनीहरू आफैं मिल्न सकेनन् भने विवाद सल्टाउने जिम्मा आयोगमा पुग्छ नै । त्यस्तो अवस्थामा आयोगले निर्णय दिनैपर्छ । समयको चाप छ । आयोगले 'फास्ट ट्र्याक'मा निर्णय लिनुपर्छ, दिनरात नभनीकन काम गर्नुपर्छ । यत्रो पुरानो र शक्तिशाली पार्टीलाई चुनावबाट अलग राख्न सकिँदैन ।

**कांग्रेसको विवादलाई तपाईंले पक्कै हेर्दै आउनुभएको छ, तपाईंको विचारमा यो विवाद कस्तो हो ?**
यो पार्टी विभाजनको कुरा होइन । केन्द्रीय समितिको निर्णयलाई आधिकारिक मान्ने कि महाधिवेशनको भन्ने नै हो । विवाद आयोगमा कुन रूपमा प्रवेश गर्छ, आयोगले हेर्ला । विभाजनको प्रक्रिया वा पार्टी आधिकारिकताको विवाद निरूपणको प्रक्रिया लामो छ । त्यसमा प्रवेश गरेको स्थितिमा कांग्रेसलाई चुनावमा जान समस्या हुन्छ । अहिले निर्वाचनको अवधि हो । यस्तो बेला छिटो निर्णय दिने बाटो रोज्नुपर्छ ।

**आयोगलाई तपाईंको सुझाव के छ ?**
कुनै पनि राजनीतिक दलको माथिल्लो र ठूलो निकाय महाधिवेशन हो । कांग्रेसमा पनि सर्वोच्च निकाय महाधिवेशन नै हो । सिंगो पार्टीले महाधिवेशनको निर्णय मानेर जानुपर्छ । पार्टीको महाधिवेशन भइसकेकाले त्यसलाई मानेर जानुपर्छ । आयोगले पनि पार्टीको विधान, ऐन, नियम तथा उपलब्ध गराइएका कागजातका आधारमा जतिसक्दो छिटो निर्णय दिनुको विकल्प छैन । यो सामान्य अवस्थामा आएको विवाद होइन । २०७४ सालमा चुनावकै बेला राप्रपामा देखिएको विवादलाई आयोगले 'फास्ट ट्र्याक' मा सल्टाएको थियो । आवश्यकताको नियमलाई हेरेर निर्णय लिनुपर्छ ।

सम्पादकीय

# कांग्रेस विभाजनले सिर्जना गरेको चुनौती र देखाएको बाटो

विशेष महाधिवेशनको आवाज र सभापति शेरबहादुर देउवाको हठले कांग्रेस विभाजित होला कि भन्ने आशंका यथार्थमा परिणत भएको छ। नेतृत्वको कार्यशैलीमाथि कांग्रेसभित्र उठेको जोडदार प्रश्न र त्यसले ल्याएको कम्पनले नेपालको समग्र राजनीतिक प्रणाली विधिमा चल्ने कि मनोमानीमा भन्ने बहसलाई केन्द्रमा ल्याएको छ। बुधबार कांग्रेसको साबिकको केन्द्रीय कार्यसमिति बैठकले महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई निष्कासनको कारबाही गरेपछि कांग्रेसले अर्को ठूलो विभाजन खेपेको छ। लोकतन्त्रमा दलहरूबीच र दलभित्र प्रतिस्पर्धा अपरिहार्य हुन्छ भने दल विभाजन आफैंमा अप्रिय हुन्छ। तर एकतालाई संगठित गर्ने सूत्र भने विधि र थिति नै हो। नीति र नेतृत्वमाथि प्रश्न र जवाफदेहिता सुनिश्चित भएको एकता मात्रै लोकतान्त्रिक हुन्छ। यही अनिवार्य आधार गुमाउन थालेको भनेर महाधिवेशन प्रतिनिधिहरूले विद्रोह गरेर विशेष महाधिवेशनबाट कांग्रेसको नयाँ नेतृत्व चयन गरेका छन्।

यो संयोग मात्र नहोला, २०५९ मा आफ्नै अग्रसरतामा पार्टी विभाजन गरेका शेरबहादुर देउवा २०८२ मा सभापति भएका बेला पार्टीलाई एकीकृत राख्न असफल भएका छन्। जेन-जी विद्रोहलगत्तै सक्रिय राजनीतिबाट अलग भएको घोषणा गर्दै कार्यवाहक सुम्पिएका देउवा फेरि 'राजपाठ' मा फर्किए, प्रतिनिधिसभाको समानुपातिकतर्फ र राष्ट्रिय सभाको निर्वाचनमा टिकट वितरणमा पहिलेजस्तै मनमौजी गरे। त्यतिमात्र होइन, बहुमत प्रतिनिधि सहभागी विशेष महाधिवेशनलाई अस्वीकार गर्दै कांग्रेसका तीन पदाधिकारीलाई कारबाही गरे। पार्टीको १४ औं महाधिवेशनबाट महामन्त्रीमा निर्वाचित गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी पाँच वर्षका लागि कारबाही गरिएको छ। उता पार्टीका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर बुझाएपछि दुई महामन्त्रीको पहलमा बोलाइएको विशेष महाधिवेशनले आफ्नो नीति निर्माण र नेतृत्व चयनमा आफ्नो 'कोर्स' पूरा गरेको छ। अब दुईमध्ये एक समूहलाई मान्यता दिने जिम्मेवारी र अधिकार निर्वाचन आयोगको हो।

पार्टी विभाजन भइसकेपछि कसले आधिकारिकता पाउने भन्ने विषय जटिल हुने गरेको छ। तर प्रचलित कानुन, सम्बन्धित पार्टीको विधान, लोकतन्त्रका आधारभूत मान्यता र सार्वजनिक औचित्य पुष्टि हुने गरी निर्वाचन आयोगले निर्णय लिन सक्नुपर्छ। लोकतन्त्रमा बहुमत उभिएको ठाउँ नै आधिकारिक र वैधानिक हुने सर्वव्यापी मान्यता हो। त्यस्तै कुनै पनि पार्टीमा व्यक्तिभन्दा केन्द्रीय समिति र केन्द्रीय समितिभन्दा महाधिवेशन ठूलो संस्था हो। कांग्रेस विवाद यही मान्यताबाट निर्क्योल हुनेछ भन्ने विश्वास गर्न सकिन्छ। दुवै पक्षसँग भएका कानुनी तथ्यका आधारमा आयोगले निर्णय गर्नेछ। तर, ६ माघमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्ने दिन तोकिएकाले त्यसअघि नै आधिकारिकताको विषय टुंग्याउनुपर्छ। यसो गर्नु आयोगको कर्तव्य पनि हो। निर्वाचन आयोगले पनि निर्णय केवल कानुनी औपचारिकता होइन, लोकतान्त्रिक संस्कृतिको 'टेस्ट केस' का रूपमा लिनुपर्छ। आयोगले समयमै, तथ्यमा टेकेर र सार्वजनिक रूपमा बुझिने तर्कसहित निर्णय दिएन भने चुनावी प्रक्रियामाथि अनावश्यक अन्योल थपिन्छ, जसले संवैधानिक संस्थामाथिको शंका बढाउँछ।

आयोगको निर्धारित कार्यतालिकाअनुसार निर्वाचनका कार्यक्रम अघि बढिरहेको छ। समानुपातिकतर्फको बन्दसूची दलहरूले बुझाइसकेका छन्। ६ माघमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता हुने भएकाले कांग्रेसका दुईमध्ये जुन पक्षले आधिकारिकता पाए पनि अर्को पक्ष निर्वाचनमा सहभागी हुन नपाउने स्थिति छ। किनकि, निर्वाचनमा भाग लिनका लागि मंसिर १-१४ सम्मको मिति निर्धारित थियो। त्यो समय व्यतीत भइसकेको छ। कांग्रेसभित्र देखिएको विवाद पार्टीको आन्तरिक विषय मात्रै भएकाले त्यसले निर्वाचन कार्यक्रमलाई प्रभावित गर्ने छैन भनेर सुनिश्चित गर्नुपर्नेछ। किनकि, जेन-जी आन्दोलनपछि बिथोलिएको राजनीति र संविधान गतिलाई लयमा ल्याउने निर्वाचन नै एक मात्र विकल्प हो। यसमा अवरोध आउने र भाँडिने स्थितिले मुलुकलाई क्षति पुऱ्याउँछ। त्यसप्रति सबै पक्ष संवेदनशील हुनुपर्छ।

त्यस्तै, अलग-अलग बाटो लिएपछि पुरानो संस्थापन र अब नेतृत्वमा छानिएको नेतृत्व दुवैका सामु आफ्नो अस्तित्व र औचित्य सावित गर्ने चुनौती आएको छ। अब्बल हुने अवसर दुवैलाई छ, तर प्रतिस्पर्धालाई स्वस्थ र मर्यादित बनाउने जिम्मेवारी पनि उनीहरूकै हो। दुवै समूहले आफ्नो कानुनी र राजनीतिक वैधता देखाउन आरोप-प्रत्यारोपभन्दा पर स्पष्ट राजनीतिक रोडम्याप, संगठन सञ्चालनको पारदर्शी शैलीसहित जनतासँगको जीवन्त संवादको स्थापित गर्नु पर्नेछ। विभाजनबाट जन्मिएको प्रतिस्पर्धा नीतिगत बहस, संस्थागत अनुशासन र नेतृत्वको उत्तरदायित्वतर्फ मोडियो भने मात्रै यसले लोकतन्त्रलाई बलियो बनाउनेछ।

# मुलुकको संकट टार्न निर्वाचन



भानुप्रसाद आचार्य

दियोमा बालेको बत्ती निभ्नुअघि पलभर चम्किलो बनेको देखिए पनि बत्तीको पृष्ठपोषण गर्ने घिउ/तेलको शक्ति सकिएपछि भ्याप्प निभ्छ। छिनभर चम्किएको उज्यालोले वातावरणमा ल्याएको आशा र उत्साहलाई पलभरमै सन्नाटा बनाउँदै अन्योल थप्दै, आधा जलेको बत्तीको इहलीला समाप्त हुन्छ। यही नै यथार्थ हो। धर्म, राजनीति, परम्परा र स्वार्थको आवरणमा हुने गरेको दीपज्वलनका लागि आवश्यक पर्ने दीप, घिउ, तेल लगायतका सामग्रीको निरन्तर जगेर्ना कठिन भए पनि असम्भव छैन। दियोबाट प्रकाश छर्ने पवित्र उद्देश्यमा मान्छेको समर्पण र निष्ठा सहयोगी हुन सक्छन्, तर कालजयी समाधानको साध्य हुन सक्दैनन् भन्ने यथार्थ नेपालको वर्तमान परिस्थितिले प्रमाणित गरेको हो।

छद्म भेषमा गरिने क्रियाकलापबाट उत्पन्न हुने कलह तथा वैमनस्यले जन्माउने विकृति, असंगति एवं विसंगतिको सुलह सरल र सहज हुँदैन। राजनीति, समाज र परिवारका टाठाबाठा चतुर खेलाडीहरूले सबै खेललाई एउटै डालोमा हाली भद्रगोलको भुमरीमा घुमाएपछि विधि, प्रक्रिया, शासन, अनुशासन, संविधान, सुशासन स्खलित गराइ शून्य स्थितिमा पुऱ्याउँछन्। यस्तो शून्यताको अवस्थालाई कुटिल तथा चतुर खेलाडीले आफ्नो शक्ति र पहुँचअनुसार घरपरिवार, समाज र मुलुकलाई तहसनहस बनाउँछन्। समयक्रम बित्दै जाँदा यसको निरन्तरता घरपरिवार, समाज र राज्य संरचनाको संस्था, विधि, क्रियाकलाप र पहिचानमा ग्रहण लाग्छ। कालान्तरमा राज्यको स्वतन्त्र अस्तित्वमा आघात पुग्छ।

### वर्तमान परिस्थिति

आ-आफ्नै स्वार्थको रोटी सेक्न राजनीतिक दल, जेन-जी, नागरिक अगुवा विभिन्न समूहमा विभक्त भएका छन्। मुलुकको स्वाधीनताको रक्षा र सुशासनको मूल एजेन्डा यी समूहको प्राथमिकताबाट ओझेलमा परेको छ। नयाँ, पुराना, साना, ठूला दल र समूहभित्र व्यक्तिगत स्वार्थ तथा लाभको वितण्डा छताछुल्ल भएको छ। सरकारसँग जेन-जी आन्दोलनकारीको सम्झौता भइसकेपछि पनि व्यक्तिगत तथा समूहगत स्वार्थमा जकडिएको जेन-जी समूह र राजनीतिक दलहरूबाट सरकार आजित भएको अभिव्यक्ति स्वयं प्रधानमन्त्रीबाट आएको छ।

सदियौंदेखि जीवनमरणको स्थिति भोगिरहेका अति न्यून आय भएका वर्गको जीवनयापनमा सुधार हुन सकेको छैन। अति न्यून आय वर्गका नागरिकको (भुइँमान्छे) समस्यालाई राज्यले व्यवस्थापन नगरी यथास्थितिको निरन्तरता दिनु समस्याको सामान्यीकरण मात्र नभई विवेकहीनताको द्योतक पनि हो। भुइँमान्छेले खेपिरहेका बाह्रकालको जीवनयापनको कष्टलाई प्रारब्ध, समय तथा आकस्मिकतासँग जोडेर राज्य मौन बसी सहज रूपले लिने प्रवृत्तिलाई परिवर्तन गरी परिणाम देखिने कामको सुरुवात राज्यले गर्नुपर्दछ। शासन र सत्तालाई मात्र केन्द्रमा राखी समाज, प्रकृति, विवेक, मूल्यमान्यता र कर्तव्यलाई तिलाञ्जलि दिएर लोकतन्त्रको सुगा रटाई वास्तविक लोकतन्त्र हुन सक्तैन। भुइँमान्छेले खेपिरहेको नियमित आकस्मिकताको घटनामा राज्यले बगाउने तत्कालको गोहीको आँसुको घेराभन्दा पर गएर समाज संरचना, जीवनस्तर, शोषणबाट मुक्तिको जग बसाल्न संक्रमणकालको सीमा औंल्याई आधारभूत आयामहरूको सुधारमा कन्जुस्याइँ गरिरहनु पर्दैन।

घोषित निर्वाचनप्रति ठूला राजनीतिक दलहरूको दृष्टिकोण एवं क्रियाकलाप स्थापित राजनीतिक मूल्यमान्यता र दीर्घकालीन राष्ट्रिय हित अनुकूल छैन। लोकतान्त्रिक आधारमा खडा भएका ठूला दलहरू अन्तरिम सरकारले गराउन लागेको निर्वाचनमा लोकतन्त्रको रक्षाका लागि निःसर्त उभिनुपर्नेमा विभिन्न बहानामा दुर्घटना निम्त्याउने खेलमा तल्लीन देखिन्छ। दलभित्रको आपसी कलह, पदीय स्वार्थ, भागबन्डा र अनिर्णयको बन्दीको प्रभुत्व रहेको खेलमा ठूला दलहरू प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा लिएर अदालत धाएको स्थिति छ। सुरुमा एमालेले अदालत पुऱ्याएको यो मुद्दामा कांग्रेसको केन्द्रीय समितिले राजनीतिक विद्रोहलाई स्वीकार गरी प्रतिनिधिसभाको निर्वाचनमा भाग लिने निर्णय गरिसकेको अवस्थामा निर्वाचनको मिति नजिकिँदै गएपछि ६५ जना सांसदले प्रतिनिधिसभा पुनःस्थापनाको पूरक रिट दर्ता गरेपछि यी दुवै दलका नेतृत्वको सन्दिग्ध चरित्र उजागर भएको छ। लोकतान्त्रिक ठूला दलले सहज रूपमा निर्वाचन सम्पन्न गराउन नेतृत्वदायी भूमिका खेली संकट समाधान गर्न अग्रसर हुनुपर्नेमा अनिश्चय, सन्दिग्ध, पदलोलुप र कारबाहीको भयबाट ग्रसित भएर प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा लिएर अदालत जानु राजनीतिक रूपले आफ्नो खुट्टामा आफैं बन्चरो हान्नु हो।

बुझ्नुपर्ने कुरा, जेन-जी विद्रोह तत्कालीन सरकारको कुशासन, भ्रष्टाचार, कमजोर सेवा प्रवाह, न्यून जवाफदेहिता, अकर्मण्यताबाट सिर्जित परिणाम थियो। लोकतान्त्रिक सुशासन पद्धतिको विरुद्ध थिएन। राजनीतिक र नैतिक दृष्टिकोणले पुनःस्थापनाको रिट लिएर ठूला दल अदालतमा जानु हुँदैनथ्यो। आफ्नै दलको केन्द्रीय महाधिवेशन गर्न नसक्ने दलले भूल स्वीकार गरेर माफी माग्दै जनतामा जानुपर्थ्यो। अदालतको निर्णय जेजस्तो आए पनि दलहरूले ठूलो भूल गरेका छन्। लोकतन्त्रमा विश्वास राख्ने नागरिकको विश्वासको निरन्तरतामा आघात पुऱ्याएका छन्। पुस्तान्तरणबिना यथास्थितिमा दलहरू अझ कमजोर बन्दै छन्। निकट लोकतान्त्रिक परीक्षाको चुनौतीलाई स्वीकार गरेर जान सक्नुपर्दछ। अन्यथा दलहरूको ह्रासोन्मुख स्थिति नै यथार्थ हो र मुलुकले अर्को दुर्घटना भोग्नुपर्ने अवस्था आउन सक्छ।

मानव जीवनमा शारीरिक, मानसिक, प्राकृतिकता, आर्थिक र राजनीतिक रूपमा प्रत्यक्ष सम्बन्ध गाँसिएको 'अति सर्वत्र वर्जित' को उक्तिलाई राजनीतिले उपेक्षा गर्दा जेन-जी हलचलले आन्दोलन हुँदै मुलुकको स्वाधीनताको रक्षाको संकटको स्थितिसम्म पुगेको डरलाग्दो परिदृश्य अहिले पनि मडारिरहेको आकलनले मुलुक संकटबाट मुक्ति पाइनसकेको स्थिति कायम छ।

सुरुमा 'गरी खान देऊ' भन्ने जायज मागसहित हलचलमा उत्रिएको जेन-जी समूहभित्र चामत्कारिक तवरले तत्कालै ध्वंस, स्वार्थ र अराजकताको क्रियाकलाप चुलाइएपछि आवश्यकताको सिद्धान्त अनुरूप गठित अन्तरिम सरकारबाट शान्ति सुरक्षा कायम र निर्वाचन मिति घोषणाको काम अति आवश्यक र सुझबुझ पूर्ण थियो। संक्रमणकालीन शासकीय नियन्त्रणको कठिन अवस्थामा थप ध्वंस हुन नदिएर जनसाधारणको दैनिकीलाई सहज अवस्थामा ल्याउने उपलब्धिलाई अहिलेसम्मको मूल्यांकनमा सरकारको प्रशंसा गर्न हिचकिचाउनु पर्दैन। तोकिएको समयमा प्रतिनिधिसभाको निष्पक्ष निर्वाचन गर्ने प्रमुख लक्ष्य प्राप्त गर्ने बाटोमा हिँडिरहेको सरकारले प्राप्त गरेको सफलता स्वागतयोग्य छ। असहज तथा कठिन कर्तव्यलाई ज्ञान तथा कौशलबाट फत्ते गर्नु नै सफल सरकारको द्योतक हो।

'पपुलिज्म'को रोगले पहिले-पहिले जादुगरी पेसालाई धन आर्जन गर्ने सशक्त माध्यमका रूपमा अँगालेको थियो। अनेकौं तिलस्मी जादुगर आए गए तर विश्वमै कोही पनि जादुगर स्थापित हुन सकेनन्। राजनीतिले जब 'पपुलिज्म'को जादुगरी बाटो समात्यो, राजनीतिज्ञलाई अहम्, भ्रम र तमको अधिनायकी रूपले गाँज्यो। जादुगरीको निरन्तरतामा प्रश्न उब्जिए जस्तै राजनीतिक लोकरिझ्याइँ पनि क्षणिक तुष्ट पूरा गर्ने औजार बन्न पुगेको तथा भविष्यको दिगो उन्नयनमा कमजोर देखिएको यथार्थ विश्वकै अनुभवले पुष्टि गरेको छ। स्वस्थ, शान्त र आशावादी अधिकांश नागरिक पनि लोकरिझ्याइँको तीतोप्रताडले दैनिक जीवनमा निराशा, अस्वस्थता र अनिश्चयको भुमरीमा झेलिन बाध्य छन्।

विसंगतिपूर्ण तवरले सञ्चालित हिजोको शासनले असरल्ल पारेको यत्रतत्रको विसंगति तथा अव्यवस्थाबाट सिर्जित परिस्थितिले मुलुकको स्वाधीनताको रक्षासम्म पुगेको गम्भीर एवम् डरलाग्दो संकटको समाधान छोटो अवधिको संक्रमणकालभित्रै निमिट्यान्न हुन्छ भन्ने सोच आफैंमा अपूरो हुन्छ। आवश्यकताको सिद्धान्तबाट जन्मिएर ६ महिनाको अल्पायु तोकिएको, दैनिक शासन प्रशासन सञ्चालन गर्ने र २०८२ फागुन २१ मा निर्वाचन गराउने मुख्य अभिभारा पाएको सरकारलाई अनेकन् बखेडा र जाल जुक्तिभित्र छिराएर रनभुल्लमा पारी निर्वाचन हुन नदिने, असफल बनाउने र आ-आफ्नो स्वार्थका लागि मुलुकमा संकट गहिऱ्याएर संक्रमण तथा अस्थिरता बढाउने क्रियाकलाप एवं प्रयास आन्तरिक एवं बाह्य शक्तिको 'कपटी चाल' हुन सक्छ। यस्तो कपटपूर्ण चालको गन्ध महसुस गरेर इमानदारीपूर्वक प्रधानमन्त्रीबाट अहिलेको अभिव्यक्ति आएको हो भने आगामी दिन अझ संकटपूर्ण हुनेछ।

### अब के गर्ने ?

प्रारब्धलाई देखाएर वर्तमानमा निष्क्रिय रही दुष्परिणामलाई नियति तथा इतिहासको पोल्टामा हाली आफैं भित्र उकुसमुकुस्सिएर परिणाम स्वीकार गर्ने निम्छरो विकल्पभन्दा मौजुदा परिस्थितिसँग जुझेर जटिल संकटबाट मुक्ति लिने दायित्व नागरिकमाथि आइपुगेको यथार्थ हो। निराशा, निःसहायतालाई देखाएर जटिल परिस्थितिबाट नागरिक भाग्नु हुँदैन। जटिल परिस्थितिको समाधान लोकतान्त्रिक पद्धतिबाटै खोज्ने हो। वर्तमान, भविष्य र जुगानजुगको ढोका खोल्ने 'समाज उन्नयन'को बाटो समातेर आफ्नोतर्फबाट योगदान पुऱ्याउनु नागरिकको कर्तव्य हो। सत्कर्म नै जीवनको मार्ग हो भन्ने हाम्रो धर्मशास्त्रीय परम्पराको सारबाट विमुख हुने छुट नागरिकलाई पनि छैन। २०८२ फागुन २१ को निर्वाचनलाई सफल पार्न सरकार, दल नागरिक समाज र प्रत्येक सर्वसाधारण नेपाली नागरिक आ-आफ्नो कर्तव्यअनुसार जुट्नुपर्दछ।

राज्यको क्रियाकलापबाट यो तथा त्यो नाम एवं कामबाट अपहेलित नागरिकले विद्रोहको स्वर उठाउनु स्वाभाविक हो। इमानदार, नैतिकवान् नेतृत्वको कौशलपूर्ण राज्य सञ्चालन तथा व्यवस्थापनबाटै भुइँमान्छेलाई समेत समेटेर संकट समाधान गर्नु नेतृत्वको दायित्व हो। जतिसुकै बलियो नेतृत्व भनिए पनि दूरदृष्टि राख्न नसक्ने, तात्कालिक लेनदेन, सम्झौता स्वार्थ र लाभको तराजुमा आफूलाई जोख्ने दल एवं नेतृत्वको औचित्य भविष्यमा देखिँदैन। यसैगरी तात्कालिक समाधान मात्र हेरी दीर्घकालीन राष्ट्रको हित र स्वाधीनताको कसीमा खरो उत्रन नसक्ने दल एवं नेतृत्व पाखा लाग्नु बुद्धिमानी हुनेछ।

वैश्विक, राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा कार्यरत नागरिक समाज, दल, पेसा व्यवसाय, बौद्धिक एवं विज्ञताको छातामुनि एकत्रित तथा संगठित भएका नागरिक अगुवा समय क्रममा परोक्ष वा अपरोक्ष तवरले पहिले वा अहिलेको संक्रमणकालमा पनि सत्ता सञ्चालनमा सहभागी भएकै छन्।

कुनै पनि कारणले डुब्न लागेको जहाजरूपी संक्रमणकालीन राष्ट्रलाई सकुशल किनारामा अवतरण गराउने मुख्य कर्तव्य संक्रमणकालीन सरकारको हो। सरकारको सदस्यहरूलाई आकांक्षा, तृष्णा, लाभ, मोहको विषालुपनमा लिप्त हुने छुट छैन। सरकारमा रहेका केही सदस्यहरू आकांक्षा र लोभमा आशक्त रहेको सूचना समाचार पत्रहरूमा छरप्रस्ट भएका छन्। आफ्नो आकांक्षालाई प्राथमिकतामा राख्ने हो भने पदको लालचबाट आजै मुक्त भई निष्पक्ष तवरले सरकार चल्न दिनुपर्दछ। राज्यको शक्ति एवं स्रोत साधनको पहुँचबाट अलग रही सर्वसाधारण नागरिकसरह आ-आफ्ना आकांक्षा प्राप्त गर्न कसैले रोक्दैन। संक्रमणकालीन तरल अवस्थामा बाह्य तथा आन्तरिक साना र ठूला शक्तिको औजार तथा प्रभावमा परेर पोखरी हुडेलेर धमिलो बनाई आ-आफ्ना स्वार्थरूपी माछा मार्ने कोसिस गर्ने छुट कसैलाई पनि छैन।

साना-ठूला बहुरुपिया अनेकौं व्यक्तिले आकार, प्रकार र परिणाम उपर दुराग्रही मनसायको पोको सक्रिय वा सुषुप्त रूपमा खोल्ने प्रयत्न गर्नेछन्। निष्ठा, इमानदारिता एवं अर्जुन दृष्टिको कठिन लक्ष्य प्राप्त गर्न सरकार हतोत्साही नभई होमिनुपर्नेछ। संक्रमणलाई सफल अवतरण गराउने क्रममा आइपरेका बाधा व्यवधान हटाउन असहज भएको स्थितिमा सरकारले सर्वसाधारण नागरिकलाई बाधा व्यवधानको जानकारी गराई जनसहयोगको याचनाको आह्वान गर्नुपर्दछ। सरकार पारदर्शी एवं इमानदार भएको स्थितिमा सर्वसाधारण नागरिक अग्रिम पंक्तिमा उभिएर सरकारलाई सघाउन तत्पर हुनेछन्। सरकारको 'अर्जुन दृष्टि' संक्रमणको लोकतान्त्रिक अवतरणमा निरन्तर रहनुपर्दछ। दायाँबायाँ लाग्नु घातक हुनेछ। लोकतान्त्रिक शासन पद्धतिमा जनसर्वोच्चतालाई शिरोधार्य गर्दै दाउपेच, लोकरिझ्याइँ, कृत्रिम राष्ट्रियता, शासकीय तुष्टीकरण, भू-राजनीतिक बखेडा आदिका जन्जाल चिर्न पनि सरकार पारदर्शी र जवाफदेही बनी जनसमक्ष जानुपर्दछ।

सरकारको नेतृत्वले बोध गरेको देखिएको यथार्थ तथा गम्भीर वस्तुस्थितिको निकास भनेको तोकिएको समयमा निर्वाचन सम्पन्न गरी शान्तिपूर्ण सत्ता हस्तान्तरणको इमानदार अभिव्यक्तिलाई सम्मान गर्दै नागरिकले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्दछ। निर्वाचन, सरकारको र वर्तमान शासकीय पद्धतिको विकल्प खोज्ने सोच मुलुकलाई द्वन्द्वमा अझ फसाउने, विभाजनतर्फ उक्साउने र चिरकालसम्म गन्जागोलको स्थितिमा राखी स्वार्थको दुनो सोझ्याउने रणनीति हुन पुग्दछ।

ठूला-साना राजनीतिक दल एवं तीसौं जेन-जी समूहको दबाब र गालीबाट आजित भएको व्यथा प्रधानमन्त्री स्वयंले अभिव्यक्त गर्नुपर्ने स्थितिले जेन-जी समूहको उद्दण्डता तथा उच्छृंखलतामा लगाम र राजनीतिक दलको चेत तथा विवेकमा संयम एवं सुधार अपरिहार्य रहेको देखिन्छ। अचानोमा परी पेन्डुलमको स्थितिमा काम गर्नुपरेको पीडा व्यक्त गर्दै अब मुलुक बंगलादेश नहोस् भन्नेसम्मको अभिव्यक्ति व्यक्त गरी सकुशल निकासका लागि मिहिनेत तथा धैर्यका साथ काम गरिरहेको मार्मिक वेदना प्रधानमन्त्रीबाट आएको छ। यस्तो गम्भीर स्थितिमा मुलुकलाई संकटबाट निकास दिन तीसौं समूहमा रहेका जेन-जी, सयौं दल र यसका गुट उपगुट, सरकारमा सामेल भएका तर भिन्न आकांक्षा राख्ने सदस्यहरू, नागरिक अगुवा र सर्वसाधारणले मुलुकलाई संकटबाट जोगाउन तोकिएको फागुन २१ गतेको निर्वाचनमा मन, वचन र कर्मले सरकारलाई सहयोग गर्नुपर्दछ।

यसका लागि जेन-जीका तर्फबाट समूहपरक स्वार्थ त्याग गर्ने, राजनीतिक दलभित्रको खिचातानीलाई स्थगित गरी आसन्न निर्वाचनमा होमिनुपर्छ। सरकारमा रहेका सदस्यहरूले एउटै लयमा निर्वाचनको मुख्य लक्ष्यमा प्रधानमन्त्रीलाई सघाउनुपर्छ। आ-आफ्ना आकांक्षा बोकेका सदस्यहरूले सरकारबाट पद त्याग गरी बाहिर रहेर आफ्नो मिसनमा अगाडि बढी प्रधानमन्त्रीलाई चुनावमा सघाउनुपर्छ। चुनावका लागि बाँकी रहेको छोटो अवधिलाई मध्यनजर गरी नागरिक अगुवा तथा बौद्धिक समूहले निर्वाचनको विकल्पको तानाबाना जुक्ति र संश्लेषणको अभ्यासमा भन्दा तोकिएको समयमा निष्पक्ष निर्वाचनका लागि पहल गर्नुपर्दछ। नागरिक अगुवा एवं विषय विज्ञले अत्यावश्यक संरचनागत कमजोरीमा तात्कालिक सुधार, सुरक्षा अवधारणाको कमजोरी औंल्याउनुपर्दछ। साथै क्रमबद्ध निर्वाचनसमेतलाई दृष्टिगत गरी कमजोरी सच्याउन पेसागत एवं प्राविधिक सहजीकरण गर्नुपर्दछ। सर्वसाधारण नागरिकले निर्वाचनलाई उत्सवका रूपमा अँगाल्नु नै मुलुकलाई अहिलेको संकटबाट पार लगाउने मुख्य उपाय हो।

निर्वाचनमा हारजित स्वाभाविक हो। मुख्य कुरा मौलिक लोकतान्त्रिक सिद्धान्त, बहुदल विचारको सम्मान, सच्चरित्र एवं नैतिकवान् राजनीतिकर्मी, उदार विचारको निरन्तरता र निष्ठावान् सहयात्रीको पहिचानद्वारा जनसेवा नै दलहरूको मूलबाटो हो।



मुलुकलाई संकटबाट निकास दिन तीसौं समूहमा रहेका जेन-जी, सयौं दल र यसका गुट उपगुट, सरकारमा सामेल भएका तर भिन्न आकांक्षा राख्ने सदस्यहरू, नागरिक अगुवा र सर्वसाधारणले मुलुकलाई संकटबाट जोगाउन तोकिएको फागुन २१ गतेको निर्वाचनमा मन, वचन र कर्मले सरकारलाई सहयोग गर्नुपर्दछ

# जेन-जीहरूको राजनीतिक विचलन



जेन-जी अभिमत

सुस्मिता क्षेत्री

नेपाली राजनीतिको इतिहासमा भदौ २३/२४ को आन्दोलन केवल क्यालेन्डरको कुनै सामान्य मिति वा सडकको भीड थिएन। त्यो त दशकौंदेखि गुम्सिएको कुण्ठा, कुशासनको पिँजडा र राजनीतिक सिन्डिकेटको पर्खाल भत्काउन निस्किएको ज्वालामुखी थियो। त्यो विद्रोह नेपाली राजनीतिको दुश्चक्र तोड्ने, असक्षम-भ्रष्ट नेतृत्वलाई कठघरामा उभ्याउने र सत्ताको बागडोर साँचो अर्थमा नयाँ पुस्तालाई सुम्पिने एउटा ऐतिहासिक महाअभियान थियो।

तर, इतिहास निर्माण गर्ने त्यो स्वर्णिम अवसरको डिलमा उभिएर आज पछाडि फर्किंदा जुन दृश्य देखिँदै छ- त्यो निकै पीडादायी, विडम्बनापूर्ण र हृदयविदारक छ।

एक सचेत नागरिक र परिवर्तनको अग्रदूत मानिएको जेन-जीको आँखाबाट नियाल्दा आज हामी गम्भीर प्रश्नको घेरामा उभिएका छौं, आखिर हामी कहां चुक्यौं ? यो प्रश्न केवल राजनीतिक होइन, यो नैतिक र अस्तित्व रक्षाको हो। यो आन्दोलनको सबैभन्दा ठूलो सौन्दर्य र शक्ति यसको स्वतःस्फूर्तता थियो। कुनै दलको ह्विपबिनै, कुनै नेताको आदेशबिनै सडकमा ओर्लिएको त्यो जनसागर आफैंमा एक विस्मयकारी परिघटना थियो। तर, कालान्तरमा त्यही शक्ति नै हाम्रो सबैभन्दा ठूलो कमजोरी सावित भयो। आन्दोलनको राप र ताप सेलाउन नपाउँदै जेन-जी जसरी विभिन्न गुट, उपगुट र स्वार्थ-समूहमा विभाजित भए, त्यो नै हाम्रो रणनीतिक पराजयको प्रस्थानबिन्दु बन्यो।

निःसन्देह, कुनै एक संगठित संरचनाले नेतृत्व नगरेको आन्दोलनमा विचारको विविधता हुनु र फरक-फरक स्थानमा उभिनु अस्वाभाविक होइन। लोकतन्त्रमा मतभिन्नता स्विकार्य हुन्छ। सुरुवाती चरणमा साझा स्वार्थका मुद्दामा देखिएको अभूतपूर्व एकताले जुन आशा जगाएको थियो, त्यसलाई हामीले संस्थागत गर्न सकेनौं। जब नेतृत्व लिने र आन्दोलनलाई निकास दिने समय आयो, तब वैचारिक स्पष्टताभन्दा व्यक्तिगत महत्त्वाकांक्षाको लडाइँ सुरु भयो। साझा एजेन्डामा सामूहिक सौदाबाजी गर्नुको सट्टा, आ-आफ्नो डम्फु बजाउँदै हिँड्दा आन्दोलनको मूल मर्ममाथि नै प्रहार भयो। हामीले बिर्सियौं कि भीड जतिसुकै ठूलो भए पनि त्यसलाई सही दिशा दिने कम्पास भएन भने त्यो भीड केवल अराजकतामा परिणत हुन्छ।

सबैभन्दा उदेकलाग्दो र दुःखद पक्ष त तब सतहमा आयो, जब आफूलाई जेन-जीका स्वघोषित मसिहा ठान्ने पात्रले नै विकल्पहीन बाटो रोजे। हिजो सडकमा घाँटी सुक्ने गरी जुन दल, जुन प्रवृत्ति र जुन नेताहरूको विरुद्धमा रगत उम्लिने नारा लगाइएको थियो, आज तिनै दलको दैलोमा केन्द्रीय सदस्यको पद थाप्न र चुनावी टिकटको दौडमा लामबद्ध हुन हाम्रा साथीहरूलाई कुनै संकोच लागेन।

व्यवस्था बदल्न निस्केकाहरू अवस्था बदल्न नपाउँदै पदको 'बार्गेनिङ'मा लिप्त हुनु भनेको आन्दोलनको भावनामाथि गरिएको भद्दा मजाक हो। यो प्रवृत्तिले समाजमा एउटा गम्भीर प्रश्न उब्जाएको छ- के विद्रोहको उद्देश्य पुराना र चाउरी परेका अनुहारको भीडमा केही नयाँ र चिल्ला अनुहार थप्नु मात्रै थियो ? के हामीले लडेको लडाइँ केवल कुर्सी साटासाटका लागि थियो ? जब क्रान्तिकारी भनिनेहरू नै यथास्थितिवादीको मतियार बन्छन्, तब विश्वासको संकट गहिरो भएर जान्छ।

वैकल्पिक र नयाँ भनिएका दलहरूले जेन-जीका नाममा जसरी अवसरको वितरण गरे- त्यो झनै विभेदकारी, अन्यायपूर्ण र सामन्ती सोचबाट ग्रसित देखियो। यहाँ जेन-जीको परिभाषालाई नै संकुचित बनाइयो। नयाँ दलहरूको व्यवहार हेर्दा लाग्छ, उनीहरूको नजरमा जेन-जी आरक्षण वा अवसर भनेको केवल सम्भ्रान्त वर्गका लागि सुरक्षित कोटा हो।

के नेपालमा राजनीति गर्न, नेतृत्व लिन र देश बनाउन विदेशी विश्वविद्यालयको महँगो डिग्री र बलियो पुर्ख्यौली सम्पत्ति नै अन्तिम योग्यता हो ? समान पहुँच, समानता र भ्रष्टाचार अन्त्यका लागि दूरदराजका गाउँ-बस्तीबाट आएका, धूलो-मैलोमा हुर्किएका र सडक संघर्षमा प्रहरीको लाठी खाएका भुइँमान्छेका छोराछोरीलाई किनारा लगाउने काम भयो। जसरी सुकिला-मुकिला, अंग्रेजी फरर बोल्ने र पहुँचवालालाई काखी च्याप्ने काम भयो, यसले नयाँ दलहरूको नियतमाथि गम्भीर प्रश्न खडा गरेको छ। यो प्रवृत्तिले सामाजिक न्यायको धज्जी मात्रै उडाएको छैन, राजनीतिलाई पुनः हुनेखाने वर्गको निजी बिर्ता बनाउने चेष्टा गरेको छ। के गरिब, मजदुर र किसानका छोराछोरीले सधैं सडकमा टायर मात्रै बाल्नुपर्ने ? अनि सत्ताको तर मार्न चाहिँ डिग्रीधारी सम्भ्रान्तहरू मात्रै आउनुपर्ने ? यो कस्तो नयाँ राजनीति हो ?

आजको यो स्वार्थप्रेरित लुछाचुँडी र पदको लोभ देख्दा ती महान् सहिदप्रति गहिरो आत्मग्लानि हुन्छ, जो परिवर्तनको सपना आँखामा सजाएर सदाका लागि अस्ताए। हामी, जो बाँचेका छौं- आज ऐनामा आफ्नै अनुहार हेर्दा आफैंलाई प्रश्न गर्न बाध्य छौं, के साथीहरूले यसैका लागि आफ्नो अमूल्य जीवन आहुति दिएका थिए ?

सडकमा रगत बगाउने, अंगभंग हुने र जेलनेल भोग्ने वास्तविक योद्धाहरू आज पनि सडकमै अलपत्र छन्। उनीहरूको घाउमा मल्हम लगाउनु त परको कुरा, तिनलाई चिन्ने पनि कोही छैन। तर, तिनै सहिदको रगत र घाइतेको पसिनालाई भऱ्याङ बनाएर आन्दोलनको क्रेडिट लिँदै पदमा पुग्नेहरूले एक पटक पछाडि फर्केर हेर्ने कष्टसमेत गरेनन्। कतिपय अवस्थामा त एकान्तमा सोच्दा यस्तो लाग्छ, बेकारमा बाँचेछौं, बेकारमा सडकमा गएछौं। यो केवल एक व्यक्तिको हतासा होइन, हजारौं युवाको सामूहिक नैराश्यता हो। केन्द्रीय समितिमा आफ्नो नाम चढाउँदै गर्दा सडकका वास्तविक योद्धाहरूको चुलो बल्यो कि बलेन ? यो हेक्का कुनै पनि नयाँ नेतालाई भएन।

यो कुनै कुण्ठा वा गुनासो मात्रै होइन, चेतावनी हो। जेन-जीको नाम भजाएर वा भावनाको व्यापार गरेर वा जुनसुकै दलको जुनसुकै सिट र पद ओगटेका ती अनुहार हामीले बिर्सेका छैनौं। सडकको आन्दोलनलाई आफ्नो व्यक्तिगत करिअर बनाउने र सहिदको रगतमाथि टेकेर सत्ताको विलासिता उपभोग गर्नेहरूलाई यो पुस्ताले माफी दिने छैन।

समय बलवान् छ र इतिहास निर्मम हुन्छ। जेन-जीको आन्दोलन अहिले केही सुस्ताएको वा दिशाहीन जस्तो देखिएला, तर यो मरेको छैन। खरानीभित्रको आगोझैं यो अझै जीवित छ। जसले आज अवसरवादको बाटो रोजेका छन् र वर्ग उत्थानका लागि आन्दोलन बेचेका छन्, याद गर्नुहोस्- भोलिको इतिहासले तिनीहरूसँग एक-एक हिसाब माग्नेछ।

हामीले लडेको लडाइँ अधुरो छ, तर अन्त्य भएको छैन। अबको हाम्रो बाटो हुनेछ– निर्मम समीक्षासहितको संगठित र वैचारिक यात्रा।



### भुल सुधार

३० पुस २०८२ को अन्तिम पृष्ठमा प्रकाशित 'आयरल्यान्डसँग अभ्यास खेल खेल्दै नेपाल' शीर्षक समाचारमा नेपालको खेल तालिकामा जनवरी हुनुपर्नेमा जुन महिना भएकोमा भुल सुधार गरिन्छ।

# समानुपातिकमा पेशाकर्मीको लहर



सचिन घिमिरे



हरेक पटक उल्लेखनीय संख्यामा पेसाकर्मीको समानुपातिक प्रतिनिधित्वमा आकर्षण हुनु सम्बन्धित पेसाकर्मीलाई आफ्नो पेसासँगै विकर्षण भएर हो वा अन्य केही तत्त्वले आकर्षण गरेर हो ? यसबारेमा चर्चा गर्नुपर्ने भएको छ ।

झन्डै चौबीस सय वर्षअघि ग्रिक दार्शनिक प्लेटोले आफ्नो चर्चित कृति 'रिपब्लिका' मा न्यायिक मन भएको मानिसले आदर्श (सहर) समाज निर्माणका लागि गर्ने न्यायिक कर्महरू दार्शनिक दृष्टिकोणले निर्देशित हुनुपर्छ भन्ने आशय प्रकट गरेका थिए । सुकरातका चेला प्लेटोले शासन गर्ने अभिलाषा राख्ने मानिस वा दार्शनिकको (राजा) नेतृत्वको सन्दर्भ आफ्नो पुस्तकमा चर्चा गरे । त्यसमा उनले दार्शनिक रुझानका साथ गरिएको न्यायिक कर्मले नै दुनियाँको सर्वोत्कृष्ट आनन्द प्राप्त हुन्छ भन्ने वाक्यमाथि व्याख्या गरेका थिए ।

वर्तमान नेपालको राजनीतिक परिदृश्यमा दार्शनिक प्लेटोको व्याख्याअनुरूप समाजका लागि सकारात्मक न्यायिक कर्मको योगदानले सुखानुभूति गर्न चाहने न्यायिक आत्मा दुर्लभ हुँदै गएका छन् । प्लेटोका अनुसार, व्यक्तिगत रूपमा गरिने न्यायिक कार्यहरू नै अन्ततोगत्वा सामाजिक र राजनीतिक न्यायमा परिणत हुन्छ । तसर्थ, न्यायिक कर्महरूद्वारा समाजमा उज्यालो छर्न सक्ने मानिसलाई मात्रै हजारौं वर्षसम्म समाजले प्रशंसा गरिरहन्छ । यसविपरीत प्लेटोका अनुसार, सदाचारलाई तिलाञ्जली दिँदै अन्यायपूर्ण कर्महरूले समाज दुःखी तुल्याउनेहरू त्यति नै वर्षसम्म दण्डको भागीदार भइरहन्छन् । दिनप्रतिदिन अवैचारिक, असैद्धान्तिक र अनैतिक हुँदै गइरहेको नेपाली राजनीतिक परिदृश्यमा दार्शनिक प्लेटोले उठान गरेका न्यायिक कर्म र आदर्श-समाजको सन्दर्भ राजनीतिमा सत्ता आरोहण गर्न फगत एक समीकरण मात्रै बनाइरहेका पात्रहरूलाई हास्यास्पद लाग्न सक्छ । यद्यपि, जस्तोसुकै विषम परिस्थितिमा पनि न्यायिक मूल्यहरूमा विश्वास गर्ने न्यायिक मानिसले राजनीतिमा आदर्श र सदाचारको महत्त्वलाई सशक्त रूपले पुनर्ताजगी गरिरहनु एक सचेत नागरिक उत्तरदायित्व हो । हालसालै सार्वजनिक वृत्तमा बहसका रूपमा तैरिएको समानुपातिक प्रतिनिधित्वको सवाललाई दृष्टान्त मान्दै न्यायिक मनले गरिने राजनीतिक सदाचारका अभ्यास प्लेटोले अर्थ्याएझैं आदर्श समाज निर्माणका लागि कुन हदसम्म जिम्मेवार हुन्छन् भन्ने विषयमा यो आलेख केन्द्रित छ ।

## सामाजिक तत्त्वमीमांसाको खडेरी

दर्शनको फाँटमा सामाजिक तत्त्वमीमांसाको अवधारणाले समाजको संरचनागत चरित्र, विद्यमान अन्तरविरोधहरू र सामाजिक संसारलाई गहनसँग मनन गरेर मात्रै समाज रूपान्तरण-खातिर न्यायिक निर्णय गरिनुपर्ने दार्शनिक रुझानमा जोड दिन्छ । सामाजिक तत्त्वमीमांसाको ज्ञानबिना राजनीतिक निर्णय गर्नु समाजलाई दुखानुभूति गराउने अन्यायिक कर्महरू हुन् । नेपाली सन्दर्भमा पहिलो र दोस्रो संविधानसभा निर्वाचनताका समानुपातिक प्रतिनिधित्वको सवालमा यथेष्ट बहस भएको यथार्थ जगजाहेर नै छ । यद्यपि, विचारले भन्दा अनुहारको चमकले, राजनीतिक रुझानले भन्दा सामाजिक सञ्जालको उफानले आमजनमानसको वैचारिकी र काल्पनिकी प्रभावित हुँदै गएको छ । स्रोत र शक्ति बाँडफाँटका लागि समतामूलक तरिकाले गरिनुपर्ने हरेक राजनीतिक निर्णय निरन्तर स्वार्थसमूहको कब्जामा फस्दै गएपछि समानुपातिक प्रणालीभित्रको गहन दार्शनिक मर्ममाथि फेरि एक पटक घनिभूत सार्वजनिक बहस गर्नुपर्ने बेला आएको छ । सैद्धान्तिक रूपमा समानुपातिक प्रतिनिधित्वको प्रणाली वर्गीय, जातीय, लैंगिक, क्षेत्रीय र अन्य संरचनागत उत्पीडनको सवाललाई समतामूलक दृष्टिकोणले प्रतिनिधित्व गराउनुका लागि नै हो । तर, व्यवहारमा भने नेपालको सामाजिक, राजनीतिक, सांस्कृतिक र संरचनागत असमानताको न्यूनतम तत्त्वबोध पनि नभई समानुपातिक प्रतिनिधित्वको सवाललाई ठाडै तिलाञ्जली दिइएको छ । यो पहिलो अवस्था सरासर कर्ताहरूको अज्ञानताले सिर्जना हुन्छ । वैकल्पिक र नवीन राजनीतिका हिमायतीहरूले समेत जम्माजम्मी एक तिहाइ जिल्लाका मानिसहरू मात्रै समानुपातिक बन्दसूचीमा पार्नु र क्षेत्रीय उत्पीडनको सवालसमेत उपेक्षित गर्नु समानुपातिक प्रणालीलाई हेर्ने दार्शनिक रुझानकै अभाव हो ।

सामाजिक तत्त्वमीमांसाको ज्ञान नै नहुनु एउटा पाटो, अर्कोतर्फ पार्टीका कार्यकर्ताले दाबा गरेअनुरूप समानुपातिकको बन्दसूचीहरू आफैंमा निर्दोष प्रेमीहरूले प्रेमिकाहरूको हृदय जित्न लेखिएको इमानदार प्रेमपत्रहरू भने अवश्य होइन । राजनीतिमा शक्ति एक यस्तो प्राधिकार हो, जसको प्रयोगले समाजमा विद्यमान स्रोतको उपभोगको अधिकार कसले मौका पाउने, कसले नपाउने भन्ने अवस्थाको तय गर्छ । दोस्रो अवस्थामा, तरमारा वर्गबाट आएका स्वार्थ समूहको निहित उद्देश्य पूरा गर्न आफूसँग भएको शक्तिको दुरुपयोग गरी राजनीतिक खेलाडीले जानीबुझीकन अन्यायिक निर्णय गर्छन् । यसर्थ, समानुपातिक बन्दसूची उपयोगितावादी र व्यवहारवादी राजनीतिको उपजका रूपमा तयार हुन्छ । त्यसैले कसको नाम किन पर्छ भन्ने थुप्रै कारणमध्ये पार्टी चलाउने चन्दादाता, व्यापारिक घरानाका साहुजी र नेतृत्वलाई अप्ठेरो पर्दा भित्रभित्रै सक्रिय उद्धारकर्ताहरू नै प्राथमिकताको सूचीमा पर्छन् । यस अतिरिक्त नेतृत्वको आचरणगत कमजोरीको फाइदा उठाएर आर्थिक रकम प्राप्त गरिसकेपछि पनि थप क्षतिपूर्तिका लागि समानुपातिक सांसदमा राख्नुपर्ने वाचाबन्धनहरू र आफ्नो शेखीपछि पनि अर्को पुस्तालाई राजनीतिक परिदृश्यमा देखिरहन चाहने तरमारा वर्गको अभिलाषाकै कारण समानुपातिक पदको गरिमाको धज्जी उडाइएको छ । तसर्थ, डि-जुरे अर्थात् विधिवत् रूपमा सीमान्तकृत वर्गलाई प्रतिनिधित्व गराउनुपर्ने समानुपातिक प्रणालीको दर्शन विपरीत डि-फ्याक्टो अर्थात् यथार्थमा तरमारा प्रवृत्ति नै हाबी हुनुको कारण राजनीतिक पार्टीहरूले तयार पार्ने बन्दसूची आफैंमा स्वार्थले भरिएको सहमतिको सम्झौतापत्रका रूपमा तयार हुन्छ । चाहे पहिलो अवस्था सामाजिक तत्त्वमीमांसीय अज्ञानताका कारण नजानेर हुन गएको होस् वा दोस्रो अवस्था जानीबुझीकन शक्तिको आडमा मिचेर जाने प्रवृत्ति नै किन नहोस्, दुवै अवस्थाले बृहत्तर समाजको सुखानुभूतिको बेवास्ता गर्दै समतामूलक र प्लेटोले अर्थ्याएझैं आदर्श समाज निर्माणको यात्रामा घात गरिरहेका हुन्छन् ।

## कल्कवर्क अरेन्ज सिन्ड्रोम

चर्चित निर्देशक स्ट्यान्ले कुब्रिकको चलचित्र 'कल्कवर्क अरेन्ज' को नियतिमा नेपालका राजनीतिक वृत्तका अधिकांश शीर्ष नेतृत्व पुग्नु टीठलाग्दो परिस्थिति हो । कुब्रिकको त्यस चलचित्रमा एलेक्स नामको मुख्य पात्रले एक सन्दर्भमा एउटी महिलालाई बलात्कार गर्छ र अर्को सन्दर्भमा अर्की महिलालाई बलात्कृत हुनबाट जोगाउँछ ।

आसेपासेवाद र नातावादविरुद्ध आजीवन संघर्ष गरेका पुराना पार्टीले जेन-जी आन्दोलनको मर्मलाई समेत तिलाञ्जली दिएर समानुपातिक प्रणालीमा सकेसम्म तरमारालाई नै पक्षपोषित गराउने कुसंस्कारको पुनरावृत्ति गरेका छन् । यसर्थ, सुशासनको वकालत पनि गर्ने र मौका मिल्नेबित्तिकै आफूलाई कुशासनको प्रतिमूर्ति पनि बनाउन नछोड्ने नेपालका पुराना पार्टीमा भएको अन्तरविरोधी चरित्र नयाँ भनिने पार्टीहरूमा पनि 'कल्कवर्क अरेन्ज' को एलेक्स पात्रसँग ठ्याक्कै मेल खाएको देखिन्छ । 'बढे मियाँ तो बढे मियाँ छोटे मियाँ सुभान अल्लाह' को शैलीमा भ्रष्टाचार र बेथितिविरुद्ध आफ्नो पेसागत दक्षता प्रदर्शन गरेर सुशासनको मसिहा साबित भएका पात्रहरूसमेत मौका पाउनेबित्तिकै सुशासन र कुशासनको दुईधारे तरबार दुवैतर्फ चलाउन माहिर देखिएका छन् । 'उम्रिँदै तीन पात' भन्ने नेपाली उखानजस्तै देशलाई अग्रगामी निकास दिन तयार खेलाडीले समेत आफ्नो भाग प्रतिशतमा हिसाब गरेर समानुपातिकको सूची तयार पार्न विवश नियतिले नयाँ पार्टीलाई समेत उही पुरानै व्यथाले आक्रान्त पारेको देखिन्छ ।

केवल तीन पृष्ठभूमिबाट आएका मानिस एकै झन्डामुनि आउँदैमा आमजनतालाई आशाको सञ्चार गराउँदैन । पुरानाहरूको कुशासनसँग आजित भएका आमजनताले नयाँसँग सुशासन र विधिको शासनका नाममा गरिने न्यायिक प्रतिबद्धता र अभ्यासको अपेक्षा गरेका छन् । नयाँका नाममा राजनीतिक वृत्तमा उदाएका पात्रहरू तिनै मानिस हुन्, जसले कुनै बेला पुराना पार्टीले गरेको सत्ता गठबन्धनलाई अपवित्र करार गरी पटक-पटक सञ्चारमाध्यममा कार्यक्रम बनाउने, र्‍याप गाउने र आफूलाई गठबन्धन राजनीतिको सिकार बनाएर काम गर्न दिइएन भन्दै रोइलो गर्न भ्याएका थिए । भौतिक पूर्वाधार र सुशासनका सवालमा फरकपना महसुस गराएकै कारण सार्वजनिक वृत्तमा चर्चित पात्रले समेत आफूले निर्णय गर्ने अवस्थामा पुगेपछि समानुपातिक प्रणालीका नाममा गरिएका अन्यायिक कर्म आफैंमा निर्देशक कुब्रिकले 'कल्कवर्क अरेन्ज' मा चारित्रीकरण गरेको पात्र एलेक्सको नियति जस्तै अन्तरविराधी देखिएको छ । न्यायिक मनहरूले गरेका न्यायिक निर्णयले मात्रै आदर्श समाजको परिकल्पनालाई सार्थकता प्रदान गर्न सक्छ । नवीनता र वैकल्पिक राजनीतिको भाष्य केवल नारामा सीमित भयो । त्यसैले राजनीतिक सुझबुझ र न्यायिक निर्णय गर्नुपर्ने बेला राजनीतिक खेलाडीले समाज, अर्थराजनीति र सार्वजनिक नीतिमाथि हेर्ने राजनीतिक चेतनाको अभाव समानुपातिक बन्दसूची तयार गर्दा छताछुल्ल भएको छ । जानीबुझीकनै अन्यायिक मनले सिर्जना गरेका यस प्रकारको दुर्नियत अन्ततोगत्वा अल्पसंख्यकको सुखानुभूतिमा प्रतिबद्ध हुन्छन् । र, बहुसंख्यकलाई दुखानुभूति गराउनै उद्वेलित हुन्छन् ।

## पेसागत अवमूल्यनको लहरो

नेपालको सन्दर्भमा राष्ट्रपति भइसकेपछि देशले एक उत्कृष्ट चिकित्सक गुमाएको ऐतिहासिक नजिर छ । त्यसो हुँदा हरेक पटक उल्लेखनीय संख्यामा पेसाकर्मीको समानुपातिक प्रतिनिधित्वमा आकर्षण हुनु सम्बन्धित पेसाकर्मीलाई आफ्नो पेसासँगै विकर्षण भएर हो वा अन्य केही तत्त्वले आकर्षण गरेर हो ? यसबारेमा चर्चा गर्नुपर्ने भएको छ । आफूलाई वैकल्पिक र नयाँ शक्तिको हवाला दिँदै उदाएका नयाँ दलले समेत समानुपातिक पद हाकाहाकी पेसाकर्मीलाई आफ्नो कर्मबाट 'डिप्रोफेस्नलाइज्ड' हुने गरी बाँडफाँट गरेको दृष्टान्त नेपाली राजनीतिक वृत्तमा सर्वविदितै छ । देशको एक वरिष्ठ स्त्रीरोग विशेषज्ञले तीन वर्ष संसद्मा मौन भएर बिताएको अवधि होस् वा आफूलाई चलचित्रकर्मी भन्ने विधायकले चलचित्र विधेयकमा आफ्नो ऊर्जा दिनुभन्दा टिकटक भिडियो बनाएर समय व्यतित गरेका दृष्टान्त नेपाली जनमानसले भोगिसकेका छन् । न कुनै गम्भीर मुद्दाको उठान, न नीतिनिर्माण प्रक्रियामा विशेष दखलता- संसद् भवनको कुर्सी खुइँल्याउनुभन्दा अन्य कुनै प्रतिफल सिर्जना गर्न नसकेका पेसाकर्मीको बाक्लै उपस्थिति थियो, विगतको संसद्मा । यसर्थ, अन्य थुप्रै उदाहरणसमेतको चर्चा गर्दा समानुपातिक प्रणाली पेसाकर्मीलाई पेसाबाट निष्क्रिय बनाएर विधायकका नाममा रमितेहरूको उत्पादन गर्ने औजारको बनिरहेको छ । अब सवाल उठ्छ, आफ्नो पेसामा अब्बल ठहरिएका मानिसलाई समानुपातिक प्रणालीमार्फत चुनिएर विधायक बन्ने रहर किन पलाउँछ ? यसको सहज उत्तर हो- समानुपातिक प्रणालीमार्फत चुनिँदा प्रत्यक्ष चुनाव नलडीकनै पद प्राप्त हुन्छ । पद मात्रै प्राप्त हुँदैन, सँगसँगै विधायकको तलब-भत्ता र विदेश जाने रातो पासपोर्ट पनि सहजै प्राप्त हुन्छ ।

सैद्धान्तिक रूपमा तरमारा वर्गले आफूलाई समानुपातिक प्रतिनिधित्व प्रणालीमा उपयुक्त सम्झिएर 'हुन्छ' भन्नु नै आत्मिक सुखानुभूति र बहुसंख्यकहरूका लागि दुखानुभूतिको सवाल हो । अर्कोतर्फ, समाजमा विद्यमान दुर्लभ र विशेषज्ञ ज्ञान हासिल गरेका पेसाकर्मीले आफ्नो पेसा परिवर्तन गरिसकेपछि राजनीतिक वृत्तमा पनि अब्बलता प्रदर्शन गर्न सके मात्रै प्लेटोले भनेझैं आफूलाई पनि आत्मिक सुखानुभूति महसुस हुन्छ । तर, अफसोच- प्राविधिक क्षेत्रबाट राजनीतिमा आएका केही विधायकले आमसञ्चार र सामाजिक सञ्जालमा अभिव्यक्त गरेको प्रस्तुतिमाथि मध्यनजर गर्ने हो भने व्यर्थमा तिनले आर्जेको पेसागत ज्ञान ओझेलमा पारिरहेका छन् भन्ने स्पष्ट हुन्छ । एकातर्फ देश विकास गर्ने सपना बोकेर चुनावमा होमिएको पार्टीले स्वास्थ्यजस्तो महत्त्वपूर्ण पेसाका जल्दाबल्दा पेसाकर्मीलाई पेसाबाट विमुख गराएर राजनीतिक वृत्तमा तान्ने प्रक्रियाले 'देश विकास भनेको राजनीतिक वृत्तमा योगदान गरेपछि मात्रै हुन्छ' भन्ने एकांकी भाष्यको पक्षपोषण गरेको देखिन्छ । कुनै निश्चित पेसासँग विरक्तिएर पेसा परिवर्तन गर्न पाउनु व्यक्तिको नैसर्गिक अधिकार हो । तर, सम्बन्धित क्षेत्रमा आफूलाई अब्बल प्रमाणित गरेका पेसाकर्मीको समानुपातिकप्रतिको गहिरो आकर्षणले लामो समय उत्पीडनको मुद्दा बोकेर हिँडेका इमानदार अभियन्ताको भाग भने अवश्य खोसेको छ । ती चुनावको आर्थिक भार वहन गर्न सक्दैनन् । तर, नीतिनिर्माण तहको समतामूलक प्रतिनिधित्वमा आवश्यक पर्ने सीमान्तकृत समुदायका मानिसका लागि आरक्षणस्वरूप लागू गरिएको समानुपातिक प्रणाली पुराना र नयाँ अधिकांश पार्टीका पेसाकर्मीको हातमा सुम्पनु पार्टी चलाउन चन्दा उठाउने गतिलो माध्यम बनेको छ । यो अन्यायिक मन र निर्णयको दबदबामा सदियौंदेखिको ऐतिहासिक उत्पीडन र सामाजिक बहिष्करण भोगिरहेको सीमान्तकृत वर्गसँग गरिएको बेइमानी हो ।

## सेलिब्रेटीहरूको समानुपातिक आकर्षण

निश्चय पनि राजनीति कसैको सदाबहार पेसा भइरहनु हुँदैन । समाजका हरेक तह र तप्काका मानिसको न्यायपूर्ण र समान पहुँचले मात्रै आदर्श समाज निर्माणमा टेवा पुग्छ । नेपालमा विभिन्न सन्दर्भमा कला-क्षेत्रका अब्बल व्यक्तित्वले राजनीतिक वृत्तमा हामफाल्ने अभ्यास भइरहेका छन् । यद्यपि, कला क्षेत्रबाट आएका एकाधबाहेक अधिकांश कलाकारको राजनीतिक वृत्तमा विधायक वा अन्य पदाधीकारीका रूपमा उपस्थिति टीठलाग्दो छ । नेपालकै सन्दर्भ हेरौं, आफू सम्बन्धित क्षेत्रको नीतिनिर्माण हुने अवस्थामा समेत समानुपातिक सांसदको हैसियतमा बसेका व्यक्तिले न्यूनतम सक्रियता पनि देखाउन नसकेको दृष्टान्त जगजाहेरै छ ।

भारतको सन्दर्भमा चर्चित अभिनेता गोविन्दा र धर्मेन्द्र विधायक भएको केही वर्षमै निष्क्रिय भएका थिए । आफूसँग समाजलाई हेर्ने निश्चित दृष्टिकोणै नभईकन राजनीतिक वृत्तमा उपस्थिति देखाउनु र धरातलीय यथार्थको ज्ञानबिनै समाजलाई दिशानिर्देश गर्ने स्थानमा उपस्थिति जनाउनु व्यक्ति स्वयं र देशलाई समेत प्रत्युत्पादक हुन्छ । यस्तो विवेचना भारतीय राजनीतिमा सेलिब्रेटीको उपस्थितिपछिको निष्क्रियतालाई लिएर भएको थियो । कलाकारको सार्वजनिक छविको आडमा चुनावमा सहज जित निकाल्न सकिने आकलन गरेर पार्टीहरूले तिनलाई समानुपातिक प्रणालीको ढोकाबाट छिराएर सहजै विधायक बनाउने प्रवृत्तिलाई न्यायिक कर्मद्वारा न्यायिक सुखानुभूति हासिल गरेको अभ्यास मान्न सकिँदैन । यस पटकको चुनावमा खास राजनीतिक पार्टीहरूको समानुपातिकको बन्दसूचीमा सेलिब्रेटीका नाममा तरमारा वर्गको पहुँच देखिनु नै नवीनता र वैकल्पिकताको भाष्यले पिछडा वर्गको मुटु छुन सकेको छैन भन्ने यथार्थ प्रमाणित गरेको छ ।

समानुपातिक प्रतिनिधित्वको निहित शक्तिको दुरुपयोग गर्दै सम्बन्धित क्षेत्रलाई पनि घाटा लाग्ने र राजनीतिक पार्टीमा आइसकेपछि उत्पादकत्व पनि नदेखिने प्रवृत्तिले चौतर्फी घाटाबाहेक अरू केही नहुने अवस्था सिर्जना भएको छ । राजनीतिक पार्टीमा विचारभन्दा मुहार र गहनताभन्दा बजारिया ग्ल्यामर हाबी हुँदै जानुले भन्छ- वर्तमान अवस्थामा तिनैले राजनीतिक-कर्मलाई हलुका बनाउँदै लगेका छन् । समानुपातिक विधायकको पद प्राप्त भइसकेपछि आफ्नो वैचारिक उचाइ बढाउन कलाकार स्वयंले पनि कसरत गरेको देखिँदैन । यसअलावा पार्टीहरूले पनि सेलिब्रेटीलाई हल्ला गर्ने टोकनका रूपमा मात्रै प्रयोग गरेका छन् । यसले नेपाली राजनीतिमा सेलिब्रेटीको उपस्थिति भुलभुलैयाबाहेक गहन हस्तक्षेप गर्ने तहमा नपुगेको आभास हुन्छ । आमसञ्चार माध्यममा अभिव्यक्त भएका अन्तर्वार्ता केलाउने हो भने निख्खर नेपाली शब्दहरूले वाक्य निर्माण गरेर आलोचना गर्दासमेत आफूलाई नै आलोचना गरेको हो भनेर ठम्याउन पनि हम्मे-हम्मे हुने सेलिब्रेटीबाट नीतिनिर्माण तहमा गहन योगदानको अपेक्षा अर्को एउटा भ्रम हुनेछ । चर्को आलोचनापछि आत्मअनुभूति भएर वा भनौं भित्री दबाबमा नाम फिर्ता लिने प्रक्रिया अघि बढे पनि समानुपातिक प्रतिनिधित्वको सवाल सञ्चारमाध्यममा अनुहार देखाउन वा रातो पासपोर्टमा विदेश घुम्न मात्रै सुनिश्चित गरिएको होइन भन्ने तत्त्वबोध गर्नु महत्त्वपूर्ण हुन जान्छ । कलाकारले राजनीतिक पार्टीमार्फत राष्ट्रसेवा गर्न चाहेमा पार्टीको जनवर्गीय संगठनमार्फतै आफूमा निख्खरता हासिल गर्दै लैजाने र नीतिनिर्माण तहमा हस्तक्षेप गर्न सक्ने बाटाहरू खुल्लै छन् ।

हरेक व्यक्तिमा स्वाभाविक प्रकारको राजनीतिक चेत विकास गरी अघि बढ्ने अवस्था सिर्जना गर्नुभन्दा टीआरपीका आडमा तिनलाई टपक्कै टिपेर समानुपातिक सांसद बनाउने र बन्न खोज्ने प्रवृत्ति छ । यसले नेपाली समाजको रूपान्तरणको पाटोमा कुनै ठोस भूमिका खेलेको देखिँदैन । सर्वोच्च अदालतले समेत समानुपातिक प्रणालीको मर्म आत्मसात् गर्दै महिला, पिछडा वर्ग तथा विकलांगको समेत समानुपातिक प्रतिनिधित्वको सवालमा सचेत हुन ध्यानाकर्षण गरेको छ । तसर्थ, सार्वजनिक अपेक्षाविपरीत नेपालका नयाँ र पुराना राजनीतिक पार्टीले उही पुरानै शैलीमा समानुपातिक बन्दसूचीलाई स्रोत र शक्तिका आडमा तयार हुने सम्झौताको दस्तावेज बनाएका छन् । यो आदर्श समाज निर्माणका लागि न्यायिक निर्णय कदापि होइन ।

नेपालको संविधानले प्रत्याभूत गरेको समानुपातिक प्रतिनिधित्वको सवालमाथि न्यायिक मनहरूले न्यायिक निर्णय गर्नुपर्छ । यस्तो निर्णयपछि नै दार्शनिक प्लेटोले परिकल्पना गरेजस्तै आदर्श समाज निर्माणमा भूमिका खेल्नेछ । र, नयाँ-पुराना दलले समानुपातिक चयनको दार्शनिक रुझानलाई मननसहित न्यायिक अभ्यास गर्न सके मात्रै वर्तमान समाजले बोध गरेको आवश्यकता सम्बोधन हुनेछ ।

# जमिनदारी शोषणविरुद्धको त्यो पिस्कर आन्दोलन

सरेश नेपाल



वर्तमानमा हामी जुन राजनीतिक स्वतन्त्रता, आर्थिक तथा सामाजिक विकासका सम्भावनाको आलोकमा छौं- यो यत्तिकै प्राप्त भएको होइन । अझै हामीले गर्नुपर्ने धेरै छ । यद्यपि आज हामीले प्राप्त गरेको स्वतन्त्रता र मान्छे भएर बाँच्न पाउने आधार सजिलै बनेको होइन ।

आजको स्थितिमा आइपुग्न धेरै कठिन संघर्ष र बलिदान भएको छ । पुरानो राज्य प्रणालीले जनताको जीवनस्तर उकास्नु त परैको कुरा, उल्टै अनेकन दमन र शोषण गर्‍यो । मुलुकको विकासमा कुनै रुचि राख्दैनथ्यो । विधिको शासन, मानवअधिकारका विषयमा छलफलसमेत गर्न चाहँदैनथ्यो ।

एउटा क्रूर र अलोकतान्त्रिक शासन व्यवस्थाविरुद्ध अनवरत लडाइँपश्चात् नै नागरिकले बोल्न पाउने अधिकार स्थापना भएको हो । आजको नयाँ पुस्ता त्यही बोल्न पाउने अवसरको उपभोग गरिरहेको छ । यो पुस्ता आजको व्यवस्थाविरुद्ध बोल्छ र उसले त्यस समयको कथा पनि थाहा पाउनु जरुरी छ ।

विगतलाई ठीक ढंगले बुझेर सही दृष्टिकोण बनाइयो भने मात्रै सुन्दर भविष्यको मार्गचित्र अवलम्बन गर्न सहज हुनेछ । आज मुलुकमा देखापरेको नयाँ सम्भावनालाई विगतका उपलब्धिको प्रकाशमा हेरिनुपर्छ ।

शोषण र अन्यायविरुद्धका सबै संघर्षको दूरगामी महत्त्व त हुन्छ नै, तर कतिपय विद्रोहको भने विशिष्ट महत्त्व रहन्छ । पिस्कर विद्रोह कहिल्यै भुल्न नसकिने संघर्ष बनेर इतिहासमा अंकित छ । नेपालको राजनीतिक आन्दोलनमा पिस्कर विद्रोहले दिएको सन्देश अहिले पनि निकै वजनदार ठानिन्छ ।

माघे संक्रान्तिका दिन सिन्धुपाल्चोकको पिस्करमा जात्रा लाग्ने गर्छ । सहरबजारका पसलहरू चाकु, घिउ, तिलौराले सजिन्छन् । अरू बेला सुनसान हुने पिस्करमा जात्राका बेला महादेवथान, धुस्कुन, तौथली, टेकानपुर, चोगटी क्षेत्रका सर्वसाधारणको ठूलो भीड लाग्छ । रातैभर जाग्राम बसेर बत्ती बाल्ने चलन छ । रात कटाउन नाचगान गरिन्छ । अल्पसंख्यक थामी जातिको बाहुल्य रहेको क्षेत्र भएकाले जात्रामा उनीहरूको सांस्कृतिक जीवन र पहिचान देख्न सकिन्छ ।

४१ वर्षअघिको पिस्करको स्थिति ज्यादै भिन्न थियो । गाउँमा अत्याचार धेरै थियो । तर, अत्याचारबारे बोल्न सक्ने स्थिति थिएन । विद्यालय नाम मात्रैको थियो, गरिबी व्याप्त थियो । अधिकांश किसान ज्याला-बोहनी, सिकर्मी-डकर्मी काम गरेरै गुजारा चलाउँथे । खेतीयोग्य जमिन प्रायः नहुनु, भए पनि उब्जनी कम हुनु, पाखोरेखो जग्गा पनि ठूलाठालुकै हुनु, अधियाँ बुझाउनुपर्ने हुनुजस्ता कारण थिए विपन्नताका । निगालोका डोका, डाला, थुन्से, भकारी बनाउँथे थामीहरू । दुःख धेरै हुन्थ्यो, त्यसका तुलनामा आम्दानी निकै कम । थामीका छोराछोरीहरू स्कुल जाने कमै हुन्थे । बाल विवाह, धामी-झाँक्री प्रथा व्याप्त थियो । झैंझगडा, मुद्दामामिला भइरहन्थ्यो । गाउँ अशान्त र बेथितिमै चलिरहेको थियो ।

राणा शासनको चरम शोषण र दमनविरुद्ध प्रजातन्त्रको स्थापना भए पनि गरिब किसानको पक्षमा पञ्चायती शासकले कुनै ठोस काम गरेका थिएनन् । युगौंदेखि सामन्ती निरंकुशताको जुवामुनि जोतिँदै आएका नेपाली श्रमजीवी गरिब किसानलाई शोषण र दमनको पञ्जाबाट सधैंका लागि मुक्त गर्न नयाँ धारबाट आन्दोलन अगाडि बढाउन जागरण पैदा भइरहेको थियो । २०३५ को जनमतसंग्रहमा पञ्चायत र बहुदलबीचको टकरावमा पञ्चायत पक्षको जित भएपछि आन्दोलनमा लागेका सुधारवादका पक्षधर युवालाई विभिन्न जेलनेलको सजाय भयो । आफ्नो दमनलाई चरमोत्कर्षमा लैजान सरकारी पक्ष र गाउँका स्थानीय सामन्त लालायित थिए ।

जनतामा उठेको आन्दोलन दबाउन सरकारीस्तरबाटै सशस्त्र प्रहरीको परिचालन गरिएको थियो । २०४१ सालकै माघे संक्रान्तिका दिन सिन्धुपाल्चोकको पिस्करमा जनचेतना जगाउने हिसाबले प्रगतिशील सांस्कृतिक कार्यक्रम भइरहेको स्थानमा सरकारले प्रहरी परिचालन गर्‍यो । इले थामी र वीरबहादुर थामीको गोली हानी हत्या गर्‍यो । त्यसपछि सयौं राउन्ड गोली



चलाएर २ जना किसानको हत्या तथा दर्जनौंलाई घाइते पारेको विरोधमा आन्दोलन देशका करिब ५० जिल्लामा फैलियो, लाखौं पर्चा वितरण गरिए । दर्जनौं आमसभा तथा जुलुस भए । सिन्धुपाल्चोकका २३ जना तथा देशैभरि सयौं आन्दोलनकारी पक्राउ परे । त्यस आन्दोलनलाई देश र विदेशबाट समर्थन प्राप्त भयो भने निरकुंशतन्त्र र पञ्चायती शासकको हत्यारो चरित्रलाई पनि नांगो पारिदियो ।

गरिब थामी जातिको बाहुल्य रहेको पिस्करमा आर्थिक उपार्जनको अवसर अत्यन्तै न्यून थियो । एउटा सानो झुप्रोभित्र बाख्रा, कुखुरा र मान्छे बस्ने एउटै ठाउँ हुन्थ्यो । सम्पत्तिका नाममा फुटेर चुहिने भएको कुच्चिएको सिलावर थाल, कराई, पानी खाने माटाको घैंटो, एक-दुई वटा हँसिया, कोदालो यस्तै-यस्तै मात्रै हुन्थ्यो । जाडोमा पनि प्रायः थामी जाति ओढ्ने-ओछ्याउने र न्याना लुगा जोरजाम गर्दैनथे । ती वनबाट खोजेर ल्याएको झिक्राहरूले आगो सल्काउँथे र त्यसै न्यानोमा रात बिताउँथे ।

स्थानीय हुनेखाने सामन्तले कृषि क्षेत्रमा काम गर्ने गरिब थामीसँग गर्ने व्यवहार अत्यन्तै क्रूर प्रकृतिको थियो । आफूमाथि जस्तोसुकै अत्याचार भए पनि उनीहरू ऋणलगायतको जीवन निर्वाहसँग सम्बन्धित कामका कारण बँधुवा भएकाले यस्तो ज्यादतीविरुद्ध बोल्न सक्दैनथे भने स्वतन्त्र निर्णय लिने हिम्मत हुँदैनथ्यो ।

कृषि मजदुरको ज्याला प्रतिदिन ४ माना धान थियो । त्यो ४ माना पनि पूरा भरिँदैनथ्यो अर्थात् सामान्तहरूले भरेर दिने मानो नै सानो हुन्थ्यो । अन्नमा ढुंगा, माटो, भुस आदि मिसाइएको हुन्थ्यो । जस्तोसुकै अन्न दिए पनि गरिबहरू प्रतिकार गर्न सक्दैनथे । त्यसबाहेक बेठी, गुहार, टीका, फुर्का आदि नाम दिएर वर्षको ५/७ वटा खेतालाको ज्याला दिँदैनथे । ज्याला असाध्यै कम र कामको घण्टा अत्यधिक भएकाले गाउँका गरिबहरूको जीवनस्तर कष्टकर बन्दै गइरहेको थियो ।

वर्गीय समाजको अस्तित्व नै शोषण तथा विभेदकारी संरचनामा आधारित हुन्छ । आर्थिक शोषणलाई स्थायित्व दिनकै निम्ति राजनीतिक, सामाजिक तथा धार्मिक-सांस्कृतिक शोषणलाई सामन्तवर्गले प्रश्रय दिन्छन् । पिस्करमा हुने शोषणलाई यही दृष्टिकोणबाट अलग गर्न सकिँदैनथ्यो । राजनीतिक रूपमा जनता सचेत र संगठित हुने प्रयत्न गर्दा दमन हुनु, सामाजिक विभेदको विरोध गर्दा 'उग्रवादी' भएको आरोपमा मुद्दा लाग्नु, धर्म र सामन्ती संस्कृतिलाई मलजल गरी पुरोहित वर्गलाई समाजको चालक शक्ति बनाउनेतर्फ जोड दिनुले यी भनाइहरूको पुस्ट्याइँ हुन्छ ।

२०१६ मा बिर्ता उन्मूलन हुँदा पनि यहाँका किसानले कुनै अधिकार पाएनन् । गुठी व्यवस्थालाई सरल गरेको भनी जति प्रचार गरे पनि यहाँका पुरेत, जिम्मुवाल, मुखिया आदिले गरिबलाई गुठीका नाममा सताउन छाडेनन् । २०२१/२२ मै जोताहा फाराम किसानका नाममा भरिएको र जोताहाको निस्सा पाएकालाई नापीको समयमा स्वामित्व नदिएर सोलोडोलो रूपमा डाँडाकाँडा र खोल्साहरूलाई साँध-सिमाना बनाई सबै गुठीभित्र पारियो । र, बिर्तालाई गुठीमा परिणत गरियो । जग्गा जोताहा परिवारका नाममा हुनुपर्ने र गुठी जमिन रैकर हुनुपर्ने माग गर्दै किसानले पटक-पटक संघर्ष गर्दा सामन्ती शोषणको आधार धार्मिक मान्यतामाथि आँच पुग्ने ठानेर किसानका मागतर्फ सरकारले कुनै ध्यान पुर्‍याएन ।

पञ्चायती राजनीतिक व्यवस्था वर्गीय रूपले जमिनदार तथा ठूला आर्थिक हैसियत बोकेकाहरूको एकलौटी हित गर्ने गरी बनाइएको संविधान नियम-कानुनअनुसार चल्ने व्यवस्था थियो । यस व्यवस्थाको प्रशासन, न्यायालय र राजनीतिक निकायले हुनेखाने वर्गले बोलेको कुरा लागू गर्ने र सम्पन्न वर्गको वकालत गर्ने गर्थे । यसको प्रभाव पिस्करमा पनि यही किसिमले परेको थियो । विपन्न समुदायका आर्थिक र सामाजिक भलाइका संघर्ष राजनीतिक अधिकारका संघर्षसँग एकदमै घनिष्ठ रूपमा जोडिएका थिए । राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू एकअर्काका परिपूरक रहेछन् भन्ने निष्कर्ष बन्न लामो संघर्षबाट प्राप्त अनुभवले मद्दत गरेको थियो ।

पिस्करका युवा पुस्तामा बिस्तारै त्यहाँ हुने सामन्ती शोषणको विरुद्ध केही त गर्नै पर्छ भन्ने सोच देखापर्न थालेको थियो । खासगरी २०२७/२८ ताका गाउँ पञ्चायतको चुनाव लड्दा केही युवाले शोषण, अन्याय र अत्याचारको विरोधमा भेला-बैठक गर्न थालेका थिए । किसानले असंगठित आन्दोलन स्वस्फूर्त रूपमा आ-आफ्नै ढंगले गर्दा भोग्नुपरेका अप्ठ्याराले पनि एकताबद्ध भई संघर्ष गर्न प्रेरित गरिरहेको थियो । विपन्न वर्ग तथा लैंगिक असमानता नै आर्थिक तथा सामाजिक अन्तरविरोधका जगहरू हुन् । यिनै अन्तरविरोध नै राजनीतिक अन्तरविरोधमा अभिव्यक्त हुन थाल्यो ।

तीसको दशकमा पञ्चायती शासन राजनीतिक रूपले निकै दमनकारी थियो । भूमिगत कम्युनिस्ट पार्टीहरू विभाजनका कारण छिन्नभिन्नकै अवस्थामा थिए । एकातिर ग्रामीण क्षेत्रका जनता परम्परागत विभेद, आर्थिक शोषण र गरिबीबाट मुक्त हुन चाहन्थे, अर्कातिर कम्युनिस्ट पार्टीको संगठनात्मक गतिविधि बढ्दै थियो । जमिनदारको धानको भकारी कब्जा गर्ने, जाली तमसुक च्यात्नेदेखि सांस्कृतिक कार्यक्रममार्फत वर्गीय चेतना बढाउने कार्यसम्म पनि ती अघि बढिरहेका थिए । पछिपछि यस्ता गतिविधिका रिपोर्ट स्थानीय प्रशासनसम्म पुग्न थाले ।

२०३५/३६ को विद्यार्थी आन्दोलनदेखि जनमतसंग्रहसम्म आइपुग्दा सिन्धुपाल्चोकमा पञ्चायतविरोधी जनचेतना धेरै माथि उठिसकेको थियो । किसानहरू संगठित गतिविधिमा सक्रिय भइरहेका थिए । महिला समुदायमा समेत पार्टी-काम घनीभूत ढंगले अघि बढेको थियो । राजधानीसँग मात्र होइन, चीनसँग समेत जोडिएको जिल्लामा यस्ता गतिविधि बढ्नुलाई शासक वर्गले आपत्तिको विषय बनाई निगरानी बढाएको थियो ।

पिस्करको संघर्ष र प्रतिरोध सामन्ती सत्ताविरुद्ध थियो । त्यसले परिवर्तन गर्न खोजेको समाज अहिले कस्तो भएको छ ? लामो समयदेखि उत्पीडन भोग्दै आइरहेका त्यहाँका अल्पसंख्यक थामी, पहरी जातिलगायतले नेपाली समाजलाई गुणात्मक रूपले समुन्नत बनाउन गरेको योगदान अहिले हामी भुल्दै त छैनौं ? यी प्रश्नहरू ज्युँका त्युँ छँदै छ । हिंसात्मक दमनविरुद्ध निकै साहसिक र बलिदानपूर्ण संघर्ष गरेर प्राप्त भएका उपलब्धि पर्याप्त नभए पनि धेरै महत्त्वपूर्ण छन् ।

जब माघे संक्रान्तिले हाम्रा ढोकाहरू ढकढक्याउन थाल्छ, पिस्करको कहालीलाग्दो दमन र प्रतिरोधको ज्वाला मनभरि सलबलाउन थाल्छ । बेग्लै वर्ग-घृणा उम्लिन्छ र परिवर्तनका पानाहरूमा हराउँदै गरेका वर्गीय मुद्दाहरूको खोजीको चिन्ताले सताउन थाल्छ । न्यायपूर्ण समाज निर्माण गर्नु, गुठी र बिर्ता किसानको पूर्ण स्वामित्वमा पुर्‍याउनु, अनुपस्थित भूस्वामित्वको अन्त्य गर्नुलगायत सामाजिक न्यायका क्षेत्रमा ठोस काम हुन जरुरी छ । पिस्कर विद्रोह र देशभरका यस्तै अन्य विद्रोहको आवाज आज पनि उत्तिकै महत्त्वपूर्ण छन् ।

# इरानमा तत्काल सैन्य हस्तक्षेप नगर्न अमेरिकालाई अरब देश र इजरायलको सुझाव

**सैन्य हस्तक्षेपले क्षेत्रीय रूपमा ठूलो असर पर्ने, स्ट्रेट अफ हर्मुज हुँदै गरिने तेल ढुवानी प्रभावित हुने र आफ्ना देशका अमेरिकी अखडामा प्रत्याक्रमण हुन सक्ने अरब देशहरूको चिन्ता**

**एजेन्सी** (न्युयोर्क)

अरब देश र इजरायलले इरानमाथिको सम्भावित सैन्य हस्तक्षेप तत्काल नगर्न अमेरिकालाई आग्रह गरेका छन् । ती देशका अधिकारीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भेटेर तत्काल सैन्य हस्तक्षेप नगर्न आग्रह गरेको अमेरिकी सञ्चारमाध्यमहरूले जनाएका हुन् ।

इजरायली अधिकारीहरूले इरानको सत्ता थप कमजोर नभएसम्म ठूलो परिमाणको सैन्य हस्तक्षेप नगर्न ट्रम्प प्रशासनलाई सुझाव दिएको अमेरिकी सञ्चारमाध्यम एनबीसी न्युजले उल्लेख गरेको छ । 'अर्कोतर्फ इरानमा अमेरिकाले सैन्य हस्तक्षेप नगरोस् भन्ने पक्षमा छिमेकी देशहरू रहेको अरब देशका अधिकारीले बताएका छन्,' एनबीसी न्युजको समाचारमा भनिएको छ ।

वाल स्ट्रिट जर्नलले विभिन्न स्रोतलाई उद्धृत गर्दै साउदी अरेबिया, ओमान र कतारले इरानमा हस्तक्षेप नगर्न आग्रह गर्दै ट्रम्प प्रशासनमा लबिइङ गरिरहेको जनाएको छ । इरानमा ठूलो आन्दोलन चलिरहे पनि यी देशले अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन् । इरानमा अमेरिकी सैन्य हस्तक्षेप हुँदा क्षेत्रीय रूपमा ठूलो असर पर्ने अरब देशहरूको चिन्ता छ । यसले हर्मुजको घाँटी हुँदै गरिने तेल ढुवानीमा ठूलो असर गर्न सक्छ । विश्वको झन्डै २० प्रतिशत तेल हर्मुज हुँदै आउँछ ।

त्यस्तै, अमेरिकी सेनाले हमला गरेमा इरानले सम्भावित प्रत्याक्रमण गर्न सक्ने डर पनि ती देशलाई छ । पश्चिम एसियामा अमेरिकाका १९ सैन्य अखडा छन् । त्यहाँ ४० देखि ५० हजार अमेरिकी सेना बस्छन् । इरानले आफूमाथि हमला भएमा अमेरिका र इजरायली सेनाको अखडामा प्रत्याक्रमण गर्ने जनाएको छ ।

अमेरिकी सञ्चारमाध्यमका अनुसार साउदी अरबका अधिकारीहरूले कुनै पनि द्वन्द्वमा आफ्नो देश नफस्ने आश्वासन तेहरानलाई दिएका छन् । तेहरानविरुद्धको हमलाका लागि आफ्नो भूमि प्रयोग हुन नदिने उनीहरूको रणनीति छ । पश्चिम एसियामा सुरक्षा अवस्था बिग्रँदा यहाँको अर्थतन्त्रमा असर पुग्ने र सामाजिक विकास अवरुद्ध हुने जोखिम छ । साउदी अरेबियाले भिजन २०३० योजनाअन्तर्गत आफ्नो अर्थतन्त्रलाई विविधीकरण गर्न खोजेको छ । यसका लागि क्षेत्रीय शान्ति महत्त्वपूर्ण हुने साउदी अरबको भनाइ छ । 'साउदी अरबका अधिकारीलाई इरानी सत्ताको कुनै माया छैन,' साउदीका लागि पूर्वअमेरिकी राजदूत माइकल रत्नेले भने, 'तर अस्थिरताप्रति उनीहरूलाई चिन्ता छ ।'

ट्रम्पले मंगलबार रक्षा मन्त्रालयका अधिकारीहरूसँग इरानमा सम्भावित हमला योजनाबारे ब्रिफिङ लिएका थिए । उनले इरानमा प्रदर्शन जारी राख्न आन्दोलनकारीलाई आग्रह पनि गरेका थिए । 'आन्दोलन जारी राख्नुस् । सहयोग बाटोमै छ,' उनले भनेका थिए । त्यस्तै इरानको सत्ताले व्यक्ति हत्या बन्द नगरेसम्म कुनै वार्ता नहुने पनि ट्रम्पले बताएका थिए ।




**इरानमा सरकारविरुद्ध भइरहेको आन्दोलनको समर्थनमा स्पेनको बार्सिलोनामा गरिएको प्रदर्शन ।**

तस्बिर : रोयटर्स

इरानमा २८ डिसेम्बरमा सरकारविरुद्ध सुरु भएको आन्दोलन जारी छ । यहाँ झन्डै १२ हजार व्यक्ति मारिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको अनुमान छ । यद्यपि, इन्टरनेट र टेलिफोन कटौती भएकाले मृतकको यकिन संख्या बाहिरिएको छैन । १९७९ को इस्लामिक क्रान्तिले शाही सत्ता ढालेपछि अमेरिकामा निर्वासित जीवन बिताइरहेका पूर्वयुवराज रेजा पहल्वीले इरानको धार्मिक सत्ता नभएर देशको सेवा गर्न सुरक्षाकर्मीहरूलाई अपिल गरेका छन् ।

इरानको न्यायालयका प्रमुखले बुधबार प्रदर्शनकारीको बयान प्राथमिकताका साथ लिइने बताएका छन् । हिरासतमा रहेकाहरूलाई सरकारले मृत्युदण्ड दिन सक्ने चिन्ता मानवअधिकारवादीहरूले व्यक्त गरिरहेका बेला प्रधानन्यायाधीश घोलाहुसैन मोसेनी इजेईले यस्तो टिप्पणी गरेका हुन् । इरानमा झन्डै १८ हजार व्यक्ति हिरासतमा रहेको अनुमान बेलायती सञ्चारमाध्यम डेली मेलले सार्वजनिक गरेको छ ।

आन्दोलनकारीलाई मृत्युदण्डको सजाय दिएमा इरानमाथि निकै कठोर कदम चाल्ने ट्रम्पले सोमबार बताएका थिए । २६ वर्षीय एक युवामाथि इरान सरकारले मृत्युदण्ड फैसला सुनाएपछि ट्रम्पले यस्तो चेतावनी दिएका थिए । केही दिनदेखि हिरासतमा रहेका इर्फान सोल्टिनीलाई बुधबार मृत्युदण्ड दिने इरान सरकारको तयारी थियो । उनको परिवारलाई यस विषयमा सूचना पनि दिइएको थियो । उनको अवस्था त्यसपछि अज्ञात छ ।

## स्टारलिंकको निःशुल्क इन्टरनेट

अर्बपति व्यवसायी एलन मस्कको स्पेस एक्सले इरानमा निःशुल्क स्टारलिंक स्याटेलाइट सेवा दिन सुरु गरेको छ । इरानमा स्टारलिंक अवैध छ । यसका बाबजुद यहाँ झन्डै ५० हजारदेखि १ लाख व्यक्तिले स्टारलिंकको सेवा प्रयोग गरिरहेका छन् । तर आन्दोलन र सरकारी निगरानीका कारण शुल्क बुझाउन पाएका छैनन् । गत सातादेखि सरकाले इन्टरनेट र टेलिफोनमा प्रतिबन्ध लगाएकाले बाहिरी विश्वसँग इरानको सम्पर्क टुटेको छ ।

स्टारलिंकले ब्रोडब्यान्ड इन्टरनेट (स्याटेलाइटबाट रिसिभर) मार्फत सिधा सेवा दिन्छ । तर पछिल्लो समय सरकारले स्टारलिंकको टर्मिनलमा अवरोध गर्ने तथा रिसिभरहरू छापा हान्ने काम गरिरहेको छ । आइतबार मात्रै ट्रम्पले इरानी जनतालाई संकटमा सहयोग गर्ने लक्ष्यसहित इन्टरनेट सेवा सुचारु गर्न मस्कसँग कुरा गर्ने बताएका थिए । 'हामी एलनसँग कुरा गर्न सक्छौं । किनकि उनी यस्ता कुरामा निकै राम्रा छन् । उनीसँग राम्रो कम्पनी छ,' ट्रम्पले एयर फोर्स वान जहाजमा पत्रकारसँग कुराकानी गर्दै भनेका थिए ।

भूराजनीतिक द्वन्द्वमा फसेकाहरूलाई मस्कको कम्पनीले सेवा दिएको यो पहिलो पटक होइन । यसअघि रुसले युक्रेनमा आक्रमण गरेपछि मस्कले युक्रेनी सेना र सर्वसाधारण दुवैलाई इन्टरनेट सेवा प्रदान गरेका थिए । अमेरिकाले भेनेजुएलामा आक्रमण गरेपछि त्यहाँ पनि इन्टरनेट बन्द थियो । मस्कले यहाँ ३ फेब्रुअरीसम्मका लागि निःशुल्क ब्रोडब्यान्ड सेवा दिने निर्णय गरेका छन् ।

## भन्सार शुल्क वृद्धिले इरानी अर्थतन्त्र थप प्रभावित

राष्ट्रपति ट्रम्पले इरानसँग व्यापार गर्ने कुनै पनि देशमाथि २५ प्रतिशत कर लगाउने घोषणा गरेका छन् । संकटग्रस्त इरानी अर्थतन्त्रलाई यसले थप समस्यामा पारेको छ । उच्च मुद्रास्फीति, बेरोजगारीजस्ता आर्थिक संकटकै कारण इरानमा विरोध प्रदर्शन भइरहेको हो ।

इरानले चीन, टर्की, इराक, यूएई र भारतमा तेल तथा अन्य सामग्री निर्यात गर्दै आएको छ । यहाँको झन्डै ८० प्रतिशत तेल चीनले किन्छ । संयुक्त राष्ट्रसंघ कमट्रेडका अनुसार सन् २०२४ मा चीन र इरानबीच १३ अर्ब अमेरिकी डलरभन्दा बढीको द्विपक्षीय व्यापार भएको थियो । तर वास्तविक आँकडा योभन्दा धेरै हुने अनुमान छ । आफूमाथि पश्चिमा शक्तिले प्रतिबन्ध लगाएकाले इरानले चीनसँग अनधिकृत च्यानलमार्फत व्यापार गर्दै आएको छ, जसको हिसाब राष्ट्रसंघ र अन्य आधिकारिक निकायसँग हुँदैन ।

ट्रम्पको पहिलो कार्यकालमा अमेरिकाले विभिन्न देशलाई इरानसँग तेल खरिद नगर्न धम्की दिएका थिए । इरानसँग तेल खरिद गर्नेहरूलाई भन्सार शुल्क बढाउने घोषणा ट्रम्पले गरेपछि भारतसहितका देशले यसमा ठूलो कटौती गरेका थिए । त्यसपछि इरानले आफ्नो तेल व्यापारमा चीनसँग निर्भरता बढायो । गत वर्ष इरानको ८० प्रतिशत तेल चीनले किन्यो । २०१६ देखि नै चीन इरानको शीर्ष व्यापार साझेदार थियो । अहिले यो साझेदारी थप बृहत् भएको छ ।

चीनले प्लास्टिक, फलामको अयस्क, रसायन, मेथानोललगायत विभिन्न सामग्री इरानसँग किन्छ । अमेरिकामा चिनियाँ सामग्रीले अहिल्यै ३५ प्रतिशत भन्सार शुल्क तिर्नुपरेको छ । इरानसँगको व्यापार कायम रहँदा त्यसमा थप २५ प्रतिशत भन्सार थपिनेछ । दक्षिण कोरियामा गत अक्टोबरमा भएको एसिया-प्रशान्त आर्थिक सहयोग शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र समकक्षी ट्रम्पबीच भेटघाट भएको थियो । यस भेटले अमेरिका र चीनको व्यापार युद्धमा केही समय विराम लाग्यो । तर, अहिले फेरि इरानको विषयलाई लिएर नयाँ तनाव सुरु हुने देखिएको छ ।

वासिङ्टनस्थित चिनियाँ दूतावासले ट्रम्पको नीतिको निन्दा गर्दै बेइजिङले आफ्नो हितको रक्षा गर्न आवश्यक उपायहरू अवलम्बन गर्ने बताएको छ । अमेरिकाको एकपक्षीय प्रतिबन्धलाई चीनले अस्वीकार गर्ने बताएको छ । 'व्यापार युद्धमा कोही पनि विजेता हुँदैन । चीनले आफ्नो वैध अधिकार र हितको दृढतापूर्वक रक्षा गर्नेछ,' चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले मंगलबार भनेका छन् । चीनले इरानमाथिको अमेरिकी हस्तक्षेपको पनि निन्दा गरेको छ ।

राष्ट्रसंघको २०२४ को कमट्रेड तथ्यांकअनुसार, टर्किए इरानको दोस्रो ठूलो व्यापारिक साझेदार थियो । दुई देशबीचको व्यापार लगभग ५.७ अर्ब अमेरिकी डलरको थियो । टर्किएमाथि अहिले अमेरिकाले १५ प्रतिशत आधारभूत भन्सार शुल्क लगाएको छ । स्टिल र आल्मुनियममा लाग्ने भन्सार शुल्क भने ५० प्रतिशत छ । इरानसँगको व्यापारपछि यसमा शुल्क थप हुनेछ ।

इरानको अर्को ठूलो व्यापारिक साझेदार भारत पनि एक हो । २०२४ मा इरानले भारतमा १.०५ अर्ब डलरभन्दा बढीको सामग्री निर्यात गरेको थियो । त्यस्तै पाकिस्तानमा १.०२ अर्ब डलरभन्दा बढी सामग्री निर्यात गरेको थियो । यी देशले पनि इरानसँग व्यापार कायम राख्दा अमेरिकाको थप भन्सार शुल्क झेल्नेछन् ।

इरानले तेल निर्यात गरेर धेरै रकम कमाउँदै आएको छ । यसबाहेक तरकारी र मेसिनरी उपकरण पनि निर्यात गर्छ । विश्व बैंकको पछिल्लो तथ्यांकअनुसार इरानले २०२२ मा १४७ व्यापारिक साझेदारलाई आफ्ना विभिन्न उत्पादन निर्यात गरेको थियो । २०१५ मा अमेरिकाको अगुवाइमा इरानमा आणविक कार्यक्रम समाप्त गर्ने र त्यसबापत इरानलाई विश्व बजारमा सहज प्रवेश दिने गरी पेरिसमा सम्झौता भएको थियो । यस सम्झौतासँगै इरानको तेलले विश्व बजारमा सहज पहुँच पाएको थियो । तर, २०१८ मा ट्रम्पले अमेरिकी प्रतिबन्धहरू पुनः लागू गर्ने निर्णय गरे । त्यसयता, इरानले चिनियाँ बजारमा तेल निर्यातलाई बढाउँदै लगेको छ ।


## भावपूर्ण श्रद्धाञ्जली

जन्मः वि.सं.: २००६।०९।०५



स्वर्गारोहणः वि.सं.: २०८२।०९।१९

**स्व. कीर्ति मदन जोशी**

यस पर्व सुधार राष्ट्रिय कार्यान्वयन समितिका पञ्चाङ्ग व्यवस्थापक तथा प्रवन्धक बिद्वान **कीर्ति मदन जोशी**को मिति २०८२ पौष १९ गते शनिवार पर्व सुधार अनुसार श्री स्वस्थानी पूर्णिमाका अन्तिम दिन ब्रम्हलीन हुनु भएकोमा यस समितिलाई अपुर्णिय क्षति पुगेको छ । यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदनाका साथै उहाँको आत्माले बैकुण्ठधाममा बास होस् भनि माता श्री स्वस्थानी माँसँग कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**पर्व सुधार राष्ट्रिय कार्यान्वयन समिति, नयांबजार ।**

**अन्य आबद्ध संस्थाहरु :**

**पर्वसमय सुधार राष्ट्रिय समाज नेपाल,नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति, ल.पु.रातो मत्स्येन्द्रनाथको ज्योतिषिय सल्लाहकार, जोशी समाज केन्द्रिय कार्यालयका संस्थापक, आजीवन सदस्य तथा पूर्व केन्द्रिय सल्लाहकार, नेवाः देय् दबुका सल्लाहकार, हलिं नेवाः गुथि ज्योतिष शाखाका पूर्व अध्यक्ष, कीर्ति पञ्चाङ्गम्का संरक्षक ।**


## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — कुनै कुराले मन उत्साहित बनाउला । सकेसम्म समसामयिक रहन खोजिनेछ । आफैंले आफ्नो सहजताको विचार गरिनेछ ।

**वृष** — आफन्तजनसितको भेटले मन फुरुक्क पर्नेछ । विविध परिकारमा मन रमाउला । कतैको सानोतिनो घुमघाम हुन सक्छ ।

**मिथुन** — कुनै कुराले मन उत्साहित हुनेछ । प्रियजनसित राम्रो समय बिताउने मौका मिल्नेछ । विविध खानपानमा मन रमाउनेछ ।

**कर्कट** — समसामयिक कुरामा जोड दिइनेछ । कुनै कुराले नजानिंदो गरी व्यस्त बनाउला । सकेसम्म आफ्नो खुसीमा पनि जोड दिइनेछ ।

**सिंह** — कुनै कुराले मन खुसी हुनेछ । समयानुसार कामलाई तह लगाइनेछ । आफू असम्बद्ध कुरामा तर्किन खोजिनेछ ।

**कन्या** — मन उत्साहित बन्दा सबै कुराहरू सहज लाग्नेछन् । मनपर्दो परिकारमा जोड दिइनेछ । सामाजिक काममा सहभागी हुने अवसर मिल्ला ।

**तुला** — कुनै कुराले मन प्रसन्न रहनेछ । समयलाई आफू अनुकूल तह लगाइनेछ । भावी कामकुराबारे छलफल गरिनेछ ।

**वृश्चिक** — बहुप्रतीक्षित काममा सफलता मिल्नेछ । मनपर्दो कामकुरामा मन रम्नेछ । इच्छानुसार समयलाई तह लगाइनेछ ।

**धनु** — अत्यावश्यक प्राथमिकतामा जोड दिइनेछ । समयानुसार चल्न खोजिनेछ । जसरी पनि सकारात्मक रहने प्रयत्न गरिनेछ ।

**मकर** — पारिवारिक भेटघाट हुनेछ । कुनै कुराको आकस्मिक लाभ हुनेछ । आर्थिक पक्ष सुदृढ रहनेछ ।

**कुम्भ** — कुनै कुराले मनलाई खुसी तुल्याउनेछ । सकेसम्म बेलैमा सबै काम सकिनेछ । बचेको समय आफूलाई दिन खोजिनेछ ।

**मीन** — विविध कुराले व्यस्त बनाउनेछ । सकेसम्म प्राथमिकतामा जोड दिइनेछ । आफू असम्बद्ध कुरामा तर्किने प्रयास हुनेछ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

भंगालमा ०-४-०-०बनेको घर विक्रीमा 9813864280

**सम्पर्क**

सस्तोमा CASHDEPOSIT, धितो फुकुवा, बैंकलोन ९८५११५४६०९

धितोफुकुवा घरजग्गा धितोराखी लोन ९८४१९९७८८६

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

Cashdeposit धितोलोनचुक्ता Statement शेयरलगत 9851006688

**विविध विक्रीमा**

आधुनिक अपार्टमेन्ट बिक्रिमा, धुम्बाराई, 9768996266

GARMENT FACTORY ON SALE, TEN SEWING MACHINE AND CUTTING TABLES, SPACE, 9841564077, 5344960

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सेफ्टीट्यांकी सफाई ३५००/- 9841673230, 9851099572

ढल टवाइलेट जामखोल्ने १००% 9841000096

ढलटवाइलेट मंगल जामखोल्ने सस्तोमा 9843999386

**चाहियो**

सेक्युरिटी गार्डहरूको तुरुन्त आवश्यकता, 9808323444

लेडिज रिसेप्सनिष्ट, मार्केटिङ्ग, सेल्स 9808201486

लगनखेल म:म: सेन्टरमा कामदारको आवश्यकता तलब १५,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

रिसोर्टकोलागि अलराउण्डर कुक, किचन हेल्पर, लेडिज क्यासियर, बाउन्सर, केटाकेटी वेटर चाहियो सम्पर्क ९७४३२६८२६६

घरमा कामगर्ने महिला चाहियो खान-बस्न सुविधा 10000 गोदावारि गोदामचौर 9841422048

**कुलेखानीमा खानाबस्ने सुविधासहित वेटर १ कुक १ 9803836118**

अनुभवि कुक र मसाल्ची ९८०३००८५३७

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६५९३५३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४५५६५२५३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३५८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४५२३०५, ९८४५५६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४५१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०५ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४५४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१५५७, ९८४१६२७४८५ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०५२६७४, ९८४१५७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८५२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४५२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४५१०५, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४५८३४५२, ४५८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३५५८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३५७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४५६६५४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११५५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७५७, ०१-५४३५५२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१५५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०५ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०५, ९८४५१५५३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १४४.६१ |
| युरो | १६८.७३ |
| पाउन्ड स्टर्लिङ | १९४.८१ |
| अस्ट्रेलियन डलर | ९६.८७ |
| कतारी रियाल | ३९.५६ |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. २,७८,०००

**चाँदी** रू. ५,६५५

# पहिलो त्रैमासको आर्थिक वृद्धिदर ३.२ प्रतिशत

## गत वर्षको पहिलो त्रैमासमा सुरुमा ३.४ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरिए पनि उक्त अवधिमा वास्तविक वृद्धिदर २.९ प्रतिशत कायम

**यज्ञ बञ्जाडे** (काठमाडौं)

राष्ट्रिय तथ्यांक कार्यालयले आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमास (साउन, भदौ र असोज) मा मुलुकको आर्थिक वृद्धिदर ३.२ प्रतिशत रहने प्रक्षेपण गरेको छ। कार्यालयले बुधबार सार्वजनिक गरेको प्रथम त्रैमासको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) प्रतिवेदनले करिब ३.२ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपणको गरेको हो।

आधारभूत मूल्यमा आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा जीडीपी वृद्धिदर ३.२ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरेको हो। गत वर्षको पहिलो त्रैमासमा सुरुमा ३.४ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरिए पनि वास्तविक वृद्धिदर २.९ प्रतिशत कायम भएको थियो।

२०८१/८२ को प्रथम त्रैमासिकको तुलनामा चालु वर्षको सोही अवधिमा खाद्यान्न बाली, वनपैदावर, निर्जीवन बिमालगायत उत्पादनमा संकुचन देखिएको छ। तर उक्त अवधिमा विद्युत् उत्पादन तथा वितरण, वित्तीय क्रियाकलाप, पशुजन्य उत्पादन, फलफूल तथा तरकारी, व्यापार सेवा, पर्यटन आगमनलगायत विभिन्न क्रियाकलापमा वृद्धि भएकाले समग्र आर्थिक वृद्धिदर ३.०२ प्रतिशतले वृद्धि हुने कार्यालयको अनुमान छ। यहीकारण गत वर्षको पहिलो त्रैमासको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा अर्थतन्त्रका १८ वटै क्षेत्र (औद्योगिक वर्गीकरण) को वृद्धिदर सकारात्मक (धनात्मक) रहने कार्यालयको अनुमान छ।

गत वर्षको पहिलो त्रैमासको तुलनामा चालु वर्षको सोही अवधिमा आर्थिक गतिविधिमा सुधार देखिएको तथ्यांक कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेले बताए। 'गत वर्षको पहिलो त्रैमासमा २.९ प्रतिशतले आर्थिक वृद्धिदर थियो। चालु वर्षमा यस्तो वृद्धिदर ३.२ प्रतिशत हुने अनुमान छ,' उनले भने।

गत आर्थिक वर्षको पहिलो त्रैमासको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा विद्युत् तथा ग्यास सम्बन्धित क्रियाकलापको वृद्धिदर सबैभन्दा धेरै १४.९१ प्रतिशत छ। यो क्षेत्रलाई पछ्याउँदै वित्तीय तथा बिमासम्बन्धी क्रियाकलाप ७.०७ र पेसागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप क्षेत्रको वृद्धिदर ५.५२ प्रतिशत वृद्धि हुने प्रारम्भिक अनुमान छ। 'अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान गर्ने कृषि क्षेत्रको वृद्धिदर १.३६ प्रतिशत हुने प्रारम्भिक अनुमान छ,' प्रतिवेदनमा उल्लेख छ, 'धानबाली उत्पादनमा भएको कमी देखिए तापनि पशुपन्छी, तरकारी बाली तथा फलफूल उत्पादनमा भएको सामान्य वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ।'




अर्थतन्त्रको दोस्रो ठूलो हिस्सा ओगटेको थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ३.८९ प्रतिशत भएको अनुमान छ। व्यापारजन्य वस्तुको स्वदेशी उत्पादन तथा आयातमा भएको वृद्धिका कारण यस क्षेत्रको वृद्धि हुन गएको कार्यालयले जनाएको छ। पहिलो त्रैमासमा पानी आपूर्ति, ढल निकास, फोहोर व्यवस्थापन तथा उपचारात्मक क्रियाकलापको वृद्धिदर सबैभन्दा कम १.११ प्रतिशत रहने देखिएको छ। यो क्षेत्रबाहेक कम वृद्धिदर रहेको क्षेत्र मानव स्वास्थ्य तथा सामाजिक क्रियाकलाप हो। यो क्षेत्रको वृद्धिदर १.१९ प्रतिशत रहने देखिएको छ।

तर आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासको तुलनामा यस आर्थिक वर्षको सोही अवधिमा जीडीपी वृद्धिदर १.६८ प्रतिशतले ऋणात्मक हुने कार्यालयको अनुमान छ। सो अवधिमा अर्थतन्त्रका १८ औद्योगिक वर्गीकरणमध्ये १३ क्षेत्रको वृद्धिदर ऋणात्मक छ भने चार क्षेत्रको धनात्मक छ। एउटा क्षेत्रको वृद्धिदर स्थिर छ। यसरी धेरै क्षेत्रको गतिविधिमा ऋणात्मक र अन्य चार क्षेत्रको गतिविधिमा सामान्य वृद्धि भएकाले समग्र कुल गार्हस्थ्य उत्पादन ऋणात्मक भएको अनुमान गरिएको कार्यालयले जनाएको छ।

प्रतिवेदनमा कार्यालयले २३ भदौको जेन-जी आन्दोलन र २४ को प्रदर्शनका कारण अर्थतन्त्रमा सरकारी र निजी गरी करिब साढे ८४ अर्बको भौतिक संरचना तथा सम्पत्ति नष्ट भएको सरकारी अध्ययन मूल्यांकन प्रतिवेदनले जनाएको छ। यसकारण गत वर्षको चौथो त्रैमासको तुलनामा चालु वर्षको पहिलो त्रैमासमा आर्थिक वृद्धिदर करिब साढे १ प्रतिशतले ऋणात्मक बनेको हो। तर प्रतिवेदनमा त्यो आन्दोलनको प्रसंग उल्लेख छैन। जीडीपीमा धेरै योगदान रहेका कृषि, निर्माणलगायत उत्पादनमूलक र व्यापार क्षेत्रमा प्रत्यक्ष असर नदेखिएकाले आर्थिक वृद्धिदरमा प्रत्यक्ष धेरै असर नदेखिएको लामिछानेले बताए।

गत वर्ष चौथो त्रैमासको तुलनामा चालु वर्षको पहिलो त्रैमासमा प्रशासनिक तथा सहयोगी सेवा, पेसागत, वैज्ञानिक तथा प्राविधिक सेवा, सूचना तथा सञ्चार र विद्युत्, ग्यास क्षेत्रको वृद्धिदर सामान्य बढेको छ। पहिलो त्रैमासमा आवास तथा खाना क्षेत्रको वृद्धिदर गत वर्षको चौथो त्रैमासको तुलनामा स्थिर छ। आर्थिक गतिविधि धनात्मक रहेका क्षेत्रमध्ये विद्युत् तथा ग्यास क्षेत्रको वृद्धिदर सबैभन्दा धेरै ४.९५ प्रतिशत छ।

उक्त अवधिमा अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर १.६५ प्रतिशत संकुचनमा गएको देखिन्छ। ऋणात्मक वृद्धिदर हुने १३ वटा औद्योगिक वर्गीकरणमध्ये खानी तथा उत्खनन क्षेत्र सबैभन्दा बढी १०.०५ प्रतिशतले खुम्चिएको छ। यस क्षेत्रलाई पछ्याउँदै सार्वजनिक प्रशासन, सुरक्षा तथा अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापको वृद्धिदर ५.९५ प्रतिशत ऋणात्मक रहने अनुमान छ। यीसँगै १३ क्षेत्रको गतिविधि खुम्चिएपछि पहिलो त्रैमासमा समग्र अर्थतन्त्रको वृद्धिदर १.६८ प्रतिशतले ऋणात्मक हुने अनुमान कार्यालयले गरेको हो।

सामान्यतथा आर्थिक वर्षको अन्तिम त्रैमास (चौथो) को तुलनामा पहिलो त्रैमासमा कि न्यून वृद्धिदर वा ऋणात्मक वृद्धिदर रहँदै आएको लामिछानेले जनाए। 'पहिलो त्रैमासमा सरकारी खर्च कम हुने, बजारमा मुद्रा आपूर्ति पनि कम हुने, नयाँ आयोजनाको पनि काम सुरु नभइसकेकोलगायत कारण एउटा वर्षको चौथो त्रैमासको तुलनामा त्यसपछिको वर्षको पहिलो त्रैमासमा आर्थिक वृद्धिदर कम वा ऋणात्मक रहने गरेको छ,' उनले भने।

राष्ट्रिय तथ्यांक कार्यालयले यसअघि २०८२/८२ मा आधारभूत मूल्यमा ३.९९ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरिसकेको छ। राष्ट्रिय लेखा प्रणालीबमोजिम आर्थिक सूचक निर्माण गर्न अर्थतन्त्रभित्र सञ्चालित सबै प्रकारका आवासीय आर्थिक क्रियाकलापलाई मापन गरी तथ्यांकीय स्वरूपमा प्रस्तुत गरिन्छ। तथ्यांक कार्यालयले वार्षिक, प्रादेशिक तथा त्रैमासिक राष्ट्रिय लेखाका अनुमान नियमित सार्वजनिक गर्दै आएको छ।

वार्षिक राष्ट्रिय लेखाका अनुमानबाट छोटो अवधिमा हुने आर्थिक वृद्धि वा संकुचनलाई लेखाजोखा गर्न सकिँदैन। तसर्थ, कार्यालयले छोटो अवधिमा भएका परिवर्तनलाई समेटी अर्थतन्त्रको दिशाबोध गर्न त्रैमासिक राष्ट्रिय लेखाका अनुमान प्रयोग गर्दै आएको छ। कार्यालयले २०६७/६८ देखि निरन्तर रूपमा त्रैमासिक राष्ट्रिय लेखा अनुमान तयार गरी प्रकाशन गर्दै आएको छ।

कार्यालयले मौसमी प्रभावसहितका मूल्य अभिवृद्धिको वृद्धिदर र मौसमी प्रभाव समायोजित मूल्य अभिवृद्धिको वृद्धिदर गरी दुई किसिमले त्रैमासिक जीडीपी मापन गर्दै आएको छ। मौसमी प्रभावसहितका मूल्य अभिवृद्धिको वृद्धिदर अनुमान गर्न यस आर्थिक वर्षको सम्बन्धित त्रैमाससँग गत आर्थिक वर्षको सोही त्रैमासको विवरण तुलना गर्ने गरिन्छ। यसरी गरिएको विश्लेषणले गत वर्षको निश्चित त्रैमासको तुलनामा यस वर्षको सोही त्रैमासमा आर्थिक गतिविधिमा भएको परिवर्तन थाहा हुन्छ। मौसमी प्रभाव समायोजित मूल्य अभिवृद्धिको वृद्धिदर अनुमान गर्न अघिल्लो त्रैमासबाट लगत्तै (त्यसपछि) को त्रैमासको विवरण तुलना गरिन्छ।

# सातामा तीन दिन बढ्यो, एक दिन घट्यो नेप्से

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार साढे एक अंकले मात्र बढेको छ। मंगलबार ४.९० अंकले बढेर नेप्से २ हजार ६ सय ३९.९१ विन्दुमा बन्द भएको थियो। बुधबार १.५२ अंकले बढेर नेप्से २ हजार ६ सय ४१.४३ विन्दुमा पुगेको छ। अघिल्लो दिनको तुलनामा नेप्से ०.०५ प्रतिशतले सकारात्मक हो। बिहीबार सार्वजनिक बिदा रहेकाले बुधबार साप्ताहिक कारोबारको अन्तिम दिन हो।

यो साता चार दिन मात्र बजार खुल्यो। जसमा तीन दिन नेप्से बढ्दा सेयर बजार ११.०६ अंकले उकालो लाग्यो। एक दिन ५.५४ अंकले नेप्से घट्यो। समग्रमा साप्ताहिक कारोबारमा नेप्से ५.४७ अंकले बढेको छ। यो साताका तीन दिन नेप्से बढे पनि वृद्धिदर निकै कम (पाँच अंक वा त्यसभन्दा थोरै) छ। यसले सेयर बजारमा खासै उत्साह नरहेको बुझिन्छ।

बुधबार कारोबारमा आएकामध्ये १ सय २५ कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय २४ कम्पनीको घट्यो। ११ कम्पनीको सेयर मूल्य स्थिर रह्यो। सेयर मूल्य बढ्नेभन्दा घट्ने कम्पनीको संख्या एक धेरै छ। यहीकारण समग्र नेप्से करिब झिनो अंकले

**१२५ कम्पनीको सेयर मूल्य बढ्यो, १२४ कम्पनीको घट्यो, ११ कम्पनीको सेयर मूल्य स्थिर**

बढेको हो। सो दिन सुपरमादी हाइड्रोपावर कम्पनीको सेयर मूल्य सबैभन्दा धेरै ९.९४ प्रतिशतले बढ्यो। योसँगै १ सय २५ वटा कम्पनीका सेयरधनीले बुधबार नाफा कमाएका छन्। ती कम्पनीको सेयर मूल्य बढेपछि ती कम्पनीका सेयरधनीका सम्पत्तिको मूल्य बढेको हो। तर उक्त दिन १२४ कम्पनीका सेयरधनीले नोक्सान व्यहोरेका छन्। ती कम्पनीको सेयर मूल्य घटेपछि सेयरधनीको सम्पत्तिको मूल्यमा पनि कमी आएको हो।

यस दिन कुल ७२ हजार ६ सय ७१ पटकको कारोबारमा १ करोड २५ लाख ४ हजार ९ सय ७० कित्ता सेयर किनबेच भए। ती कारोबारबाट ६ अर्ब २० करोड ९४ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ। अघिल्लो दिनको तुलनामा कारोबार रकम घटेको हो। मंगलबार करिब ७ अर्ब रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो। सो दिन कारोबारमा आएका १३ उपसमूहमध्ये बैंकिङ, जीवन बिमा, उत्पादन तथा प्रशोधन, लघुवित्त र अन्यको परिसूचक घटे। बाँकी उपसमूहको परिसूचक सकारात्मक रहे। जलविद्युत्, लगानी, सामूहिक लगानी कोष, निर्जीवन बिमा, अन्य तथा व्यापार समूहको परिसूचक बढेको छ। बाँकी उपसमूहहरूका परिसूचक घटेका छन्।



# गगन थापा कांग्रेस...

दल सुध्रनुपर्छ, ठीक ठाउँमा उभ्याउनुपर्छ भनेर आफूहरूले वर्षौंदेखि जोड दिँदै आएको उल्लेख गर्दै उनले यो पटक त्यसैका लागि जोखिम मोलेको उल्लेख गरे ।

देउवा कार्यकारी भूमिकामा सक्रिय बन्न नहुने विशेष महाधिवेशन पक्षधरको माग सुन्न संस्थापन पक्ष तयार नभएपछि कांग्रेस विभाजित भएको हो । यसले कांग्रेसको आन्तरिक जीवनमा मात्रै नभएर समग्र नेपाली राजनीतिमै तरंग ल्याएको छ। अब थापा र देउवा नेतृत्वका दुई समानान्तर केन्द्रीय कार्यसमिति आमनेसामने भएका छन् । पार्टीको झन्डा र चुनाव चिह्न रुख कसले पाउने भन्ने विवाद पनि उत्पन्न भएको छ ।

आधिकारिकताको विवाद निर्वाचन आयोग र सर्वोच्च अदालतसम्म पुग्ने देखिएको छ। दुवै पक्षले निर्वाचन आयोगमा आआफ्नो दाबी पेस गरिसकेका छन् । विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई अद्यावधिक गराउन थापा नेतृत्वको समूहले बहुमत प्रतिनिधिको हस्ताक्षरसहितको फाइल बुझाएको छ। देउवा पक्षले भने 'कांग्रेस पार्टीका नाममा २६-२८ पुसमा कुनै औपचारिक कार्यक्रम नगरिएको' जानकारीसहितको पत्र आयोगमा पेस गरेको छ ।

२३ वर्षअघि पनि कांग्रेस विभाजित भएको थियो। त्यति बेलाको विभाजनमा पनि देउवा नै मुख्य केन्द्रमा देखिएका पात्र थिए । देउवाले २०५९ मा पार्टी विभाजन गर्दै 'नेपाली कांग्रेस (प्रजातान्त्रिक)' गठन गरेका थिए। पाँच वर्षपछि दुवै पार्टीबीच एकता भएको थियो। कांग्रेसमा पहिलो विभाजन भने २०१० मा भएको थियो । त्यति बेला कांग्रेसबाट अलग्गिएर मातृकाप्रसाद कोइरालाको नेतृत्वमा 'राष्ट्रिय प्रजा पार्टी' गठन गरिएको थियो । कांग्रेस र प्रजा पार्टीबीच तीन वर्षपछि एकता भएको थियो ।

विशेष महाधिवेशनमा नयाँ कार्यसमिति चयनका लागि मतदान प्रक्रिया अघि बढाउनुअघि मंगलबार अपराह्न देउवा पक्षले सानेपामा केन्द्रीय कार्यसमिति बैठक गरेर महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई पाँच वर्षसम्म साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो । कारबाही गर्न उनीहरूलाई स्पष्टीकरण सोध्ने प्रक्रिया अपनाइएको थिएन ।

सानेपामा कारबाहीको निर्णय भएलगत्तै भृकुटीमण्डपको हलमा थापा, शर्मा र मन्सुरले सम्बोधन गरेका थिए । थापाले संविधान र कानुनको परिधिभित्र विशेष महाधिवेशन भएकाले चुनाव चिह्न र पार्टीको झन्डा आफूहरूसँगै हुने बताए। 'संविधान र कानुनमाथिको विश्वासका आधारमा यो विशेष महाधिवेशन भएको हो। यसले जे निर्णय गर्छ, संविधानले उसैलाई मान्छ । निर्वाचन आयोगले उसैलाई मान्छ,' उनले भने, 'साथीहरूलाई लागेको छ, रुख र झन्डा के हुन्छ ? कांग्रेस एउटै छ । यहीँ भृकुटीमण्डपमा छ । यसैको पक्षमा रहन्छ । कसैले लैजान्न । जहाँ विशेष महाधिवेशन भएको छ, त्यहीँ उभिने हो । कांग्रेस जहाँ छ, त्यहीँ रुख र झन्डा हुनेछ ।'

शर्माले पनि पार्टी विधान र ऐनअनुसार विशेष महाधिवेशनले लिएको निर्णयलाई निर्वाचन आयोगले सदर गर्ने विश्वास व्यक्त गरे । कांग्रेसलाई नयाँ जीवन दिएर आम नागरिकको भरोसाको पार्टी बनाउन सभापति देउवालाई नेतृत्व छाड्न आग्रह गर्नु कुनै गलत नभएको उनको भनाइ थियो । 'आगामी निर्वाचनमा कांग्रेस एकढिक्का भएर जानुपर्छ । सभापति छाड्दा सिंगो कांग्रेस एक भएर जान्छ भन्नु गलत हो ? नेपाली कांग्रेस अरू दलसँग नमिली १६५ मा उम्मेदवार उठाउने कुरा गलत हो ?' उनले भने, 'कांग्रेस आगामी निर्वाचनमा एकढिक्का भएर १६५ ठाउँमा उभिएर रुख चिह्नमा भोट हाल्नुपर्छ भन्यौं । प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर जाऔं भन्नु गलत हो ? कांग्रेस बनाऔं, विधि बनाएर जाऔं भन्दा कारबाहीमा पर्नंपर्ने हो ? नेताहरू सम्बोधनपछि देउवा नेतृत्वको केन्द्रीय कार्यसमिति खारेजीको घोषणासहित विशेष महाधिवेशनले नयाँ कार्यसमिति चयन प्रक्रिया अघि बढाएको थियो ।

**यस कारण रोकिएन विभाजन**

जेन-जी आन्दोलनपछि कांग्रेसका तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले मंसिरभित्रै नियमित महाधिवेशन हुनुपर्ने माग गरे । संस्थापनपक्ष २१ फागुनको प्रतिनिधिसभा निर्वाचन अगाडि महाधिवेशन गर्ने मनस्थितिमा नदेखिएपछि विशेष महाधिवेशन बोलाउने प्रयोजनका लागि हस्ताक्षर अभियान सुरु भयो । खासमा मंसिरभित्रै नियमित महाधिवेशन गराउन दबाब सिर्जना गर्ने रणनीतिका रूपमा हस्ताक्षर संकलन थालिएको थियो ।

५४ प्रतिशत प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशन माग गरेर गत २९ असोजमा केन्द्रीय कार्यालयमा निवेदन दर्ता भयो । पार्टी विधानको धारा १७(२) ले विशेष महाधिवेशन आह्वानका लागि दुईवटा प्रावधान राखेको छ। पहिलो, केन्द्रीय कार्यसमिति आफैंले आवश्यक ठानेमा बोलाउन सक्छ। दोस्रो, ४० प्रतिशत प्रतिनिधिले लिखित अनुरोध गरे तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्छ ।

संस्थापनपक्षको बहुमत रहेको केन्द्रीय कार्यसमितिले भने विधानमा भएको यो व्यवस्थालाई अटेर गर्दै आयो । विशेष महाधिवेशनको माग निस्तेज बनाउन १५ मंसिरको बैठकले नियमित महाधिवेशनको २६-२८ पुसमा १५ औं महाधिवेशन गर्ने तालिका ल्यायो । कार्यसम्पादन समितिले १८ पुसमा तालिका संशोधन गर्दै २८-३१ वैशाखमा महाधिवेशन गर्ने निर्णय गरेपछि तत्कालीन महामन्त्रीद्वय थापा र शर्माले भृकुटीमण्डपमा विशेष महाधिवेशन आह्वान गरेका थिए ।

विशेष महाधिवेशनमा बहुमत प्रतिनिधिको उपस्थिति हुन नदिन संस्थापनपक्ष र नेता शेखर कोइराला पक्षले कसरत गरेका थिए। त्यसका बाबजुद विशेष महाधिवेशनमा करिब ५६ प्रतिशत प्रतिनिधि सहभागी भए । पार्टीका कुनै पनि निकायको बैठक र अधिवेशनका लागि ५१ प्रतिशत गणपूरक संख्या हुने व्यवस्था छ ।

थापा विशेष महाधिवेशनको गृहकार्यमा जुटिरहँदा शर्मा भने विशेष महाधिवेशनको तयारीसँगै संवादबाट सहमति जुटाउने कसरतमा खटिए । २३ पुसमा विशेष महाधिवेशन आह्वान भएदेखि नै सहमतिका सूत्रहरू अनौपचारिक रूपमा आदानप्रदान भइरहेका थिए । यस क्रममा विशेष महाधिवेशनलाई केन्द्रीय कार्यसमितिले स्वामित्व लिने गरी छलफल चलेको थियो ।

२७ पुसको विशेष महाधिवेशन उद्घाटन समारोहमा नै सभापति देउवालाई सहभागी गराउन शर्माले निकै जोडबल गरेका थिए । तर देउवाले विशेष महाधिवेशनको स्वामित्व लिन गरिएको आग्रहलाई २८ पुससम्म अस्वीकार गर्दै आएका थिए। विशेष महाधिवेशनमा बहुमत प्रतिनिधिको उपस्थिति भएपछि भने संस्थापनपक्ष दबाबमा परेको थियो। केन्द्रीय कार्यसमिति भंग गरी नयाँ केन्द्रीय कार्यसमिति चयन गर्ने कार्यविधि विशेष महाधिवेशनको बन्दसत्रले पारित गराएपछि थप दबाब परेको थियो। त्यसपछि देउवाले गगन-विश्वलाई प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ ४० प्रतिशत टिकट दिने प्रस्ताव बालकृष्ण खाण र रमेश लेखकमार्फत पठाए । तर भागबन्डालाई थापा र शर्माले स्वीकार गरेनन् । त्यसपछि देउवा विशेष महाधिवेशनको स्वामित्व लिने र महाधिवेशनले पारित गरेका प्रस्तावहरू कार्यान्वयनमा लैजान तयार देखिए। विशेष महाधिवेशनमा सहभागी प्रतिनिधिहरूको माग नेतृत्व परिवर्तन थियो । त्यस विषयमा छलफल गर्न भन्दै २८ पुसको राति नै दुई पक्षबीच अनौपचारिक कार्यदल बन्यो । त्यसमा संस्थापनपक्षबाट खाण र लेखक तथा शेखर कोइराला पक्षबाट मीनेन्द्र रिजाल र जीवन परियार थिए। विशेष महाधिवेशन पक्षरबाट प्रदीप पौडेल, गुरुराज घिमिरे, देवराज चालिसे र मधु आचार्य थिए ।

२८ पुसको राति नै कार्यवाहक सभापति पूर्णबहादुर खड्काको निवासमा महामन्त्रीहरूसँग कुराकानी भयो । कोइरालानिकट दर्जनभन्दा बढी जिल्ला सभापतिहरूले पनि एउटा मध्यमार्गी प्रस्ताव तयार पारे । उनीहरूले विशेष महाधिवेशन पक्षधर नेताहरूसँग बसेर देउवालाई कार्यकारी भूमिकाबाट अलग पार्ने गरी मध्यमार्गी प्रस्ताव तयार पारेका थिए। त्यसमा विशेष महाधिवेशनको स्वामित्व लिनुपर्ने, त्यसले पारित गरेका निर्णयहरू कार्यान्वयन गर्नुपर्ने, सभापति देउवा कार्यकारी भूमिकाबाट अलग हुनुपर्ने, निर्वाचन आयोगमा सभापतिको ठाउँमा कार्यवाहक सभापति खड्काको नाम र हस्ताक्षर पठाएर अद्यावधिक गर्नुपर्नेलगायत थिए । कोइरालामार्फत लगिएको त्यो प्रस्ताव देउवाले ठाडै अस्वीकार गरे ।

२९ पुसमा विशेष महाधिवेशनबाट नयाँ केन्द्रीय कार्यसमिति गठनका लागि निर्वाचन कार्यक्रम सार्वजनिक भएपछि संस्थापनपक्ष थप दबाबमा पर्‍यो । त्यसपछि विभिन्न तहमा निरन्तर संवाद हुन थाल्यो । कार्यदलको २९ पुसको बैठक लाजिम्पाटस्थित एक घरमा बसेको थियो । दिउँसो करिब १२ बजेसम्म त्यहाँ बैठक बसेपछि अर्को बैठक महाराजगन्जस्थित कांग्रेसकै एक कार्यकर्ताको घरमा बसेको थियो । उक्त बैठक ६ बजेसम्म चल्यो । त्यति बेलासम्म विशेष महाधिवेशनको स्वामित्व लिने, त्यसको निर्णय कार्यान्वयन गर्ने, सहमतिका आधारमा टिकट वितरणका लागि संसदीय बोर्ड गठन गर्ने समझदारी बनेको थियो ।

विशेष महाधिवेशन पक्षधर नेताहरूले नेतृत्वका विषयमा तीन विकल्प दिएका थिए। विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्ने, सभापतिले राजीनामा दिने र सभापतिको पदमा मात्रै निर्वाचन गराउने र नेतृत्वमा संस्थापनपक्षले अघि बढाएको व्यक्तिलाई समेत स्वीकार गर्ने । तर, यी तीन विकल्पमा जान नहुने अडान संस्थापनपक्षका खाण र लेखकले राखे। त्यसपछि विशेष महाधिवेशन पक्षधर नेताले सभापतिलाई कार्यकारी भूमिकाबाट अलग राख्न कार्यवाहक सभापति, दुई महामन्त्री र अरू दुई नेतासमेतको संलग्नतामा पार्टीलाई नयाँ ढंगले सञ्चालन गर्न पाँच सदस्यीय 'हाइकमान्ड' बनाउनुपर्ने, सभापति देउवाले आगामी चुनाव लड्न नहुने विकल्प राखियो ।

संसदीय चुनाव लड्ने वा नलड्ने विषय वैयक्तिक अधिकार भएकाले पछि महाधिवेशन पक्षधर नेताहरूले त्यस्तो माग हटाए । उनीहरूले 'हाइकमान्ड' निर्माणलाई 'बटमलाइन' बनाए। २१ फागुनको निर्वाचनलाई केन्द्रमा राखेर भावी प्रधानमन्त्रीको नामसमेत लिएर जानुपर्ने माग नेता शर्माले बुधबार बिहान समावेश गरे । बुधबार बिहान थापा र शर्माले देउवालाई भेटेरै ८ बुँदामा माग दोहोर्‍याए । त्यसमा सभापति देउवा र उनी निकटस्थले मानेनन् । त्यसपछि थापा र शर्मा बाहिरिए । त्यसपछि पनि सहमतिका लागि दुवै पक्षबीच टेलिफोन संवाद भइरहेका थिए ।

सहमति हुँदा र नभएको अवस्थामा गर्ने निर्णय तयार पारेर संस्थापनपक्षले मंगलबार केन्द्रीय कार्यसमिति बैठक बोलाएको थियो। वार्ता चलिरहेकै कारण मंगलबारको बैठक बुधबार बिहान ८ बजे आह्वान गरिएको थियो। बैठक सर्दै-सर्दै अपराह्न ३ बजेतिर मात्रै बस्यो । बैठक सुरु हुनुभन्दा केही समय अगाडि शर्माले ८ बुँदाको प्रस्ताव पठाएका थिए। त्यसबारे कार्यवाहक सभापति खड्काले बैठकमा जानकारी गराएका थिए ।

देउवाले बुधबारको अन्तिम रस्साकसीबीच निर्वाचन आयोगमा कार्यवाहक सभापति खड्काको नाम र हस्ताक्षर चल्ने गरी अद्यावधिक गर्न तयार भएको सन्देश पठाएका थिए। तर पार्टी सञ्चालनको कार्यकारीबाट अलग भई 'हाइकमान्ड' बनाउने र भावी प्रधानमन्त्री घोषणा गरेर जान देउवापक्ष तयार भएन। 'प्रमुख कुरा टिकटमा सभापतिले हस्ताक्षर नगर्ने भन्ने थियो । कानुन र नियमले हुने रहेछ भने म हस्ताक्षर फिर्ता लिन तयार छु भनेर सभापतिज्यूले भन्नुभयो। तर उहाँहरूले त्यसलाई पनि मान्नुभएन। मागमाथि माग थप्दा समस्या आयो,' देउवाको पक्षबाट निरन्तर वार्तामा संलग्न नेता लेखकले भने, 'हाइकमान्ड गठन र आगामी संसदीय निर्वाचनमा सभापति नलड्ने विषय महाधिवेशन पक्षधरले मंगलबार नै छाडिसकेका थिए ।'

विशेष महाधिवेशन पक्षधरबाट वार्तामा सहभागी नेता प्रदीप पौडेलले नेतृत्व बदलिएको सन्देश नदिँदासम्म विशेष महाधिवेशनकै औचित्य नहुने अवस्था आएकाले कुनै न कुनै रूपमा सम्बोधन गर्नुपर्ने बाध्यताका बीच आफूहरूले मध्यमार्गी प्रस्ताव अघि सारेको बताए। 'तर त्यसलाई नमानेपछि सभापति कार्यकारी भूमिकामै बस्न खोजेको प्रस्ट भएको छ,' उनले भने ।

देउवा लचिलो हुने हुन् कि भन्ने आसमा भृकुटीमण्डपमा विशेष महाधिवेशनको निर्वाचन कार्यक्रम सार्दै लगिएको थियो । तर केन्द्रीय कार्यसमितिले थापा, शर्मा र फरमुल्लाह मन्सुरमाथि कारबाही गरेपछि पार्टीले औपचारिक विभाजनको बाटो लिन पुगेको थियो। आफूमाथि कारबाहीको निर्णय सार्वजनिक भएलगत्तै शर्माले सामाजिक सञ्जालमार्फत कडा प्रतिक्रिया दिएका थिए। उनले बुधबार बिहान मात्रै सहमतिका लागि सभापति देउवासमक्ष प्रस्तुत गरिएका ८ बुँदे प्रस्ताव सार्वजनिक गर्दै प्रश्न गरे, 'यसमा कुन बुँदा देश र पार्टीको अहितमा थियो ?' ती ८ बुँदामा मुख्य गरी आगामी निर्वाचनमा एक्लै लड्ने (गठबन्धन नगर्ने), संसदीय बोर्ड गठन गर्ने र प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर निर्वाचनमा जाने रहेको शर्माले उल्लेख गरेका छन् ।

नेताहरूका अनुसार देउवाले सक्रिय राजनीतिबाट अवकाश लिन अस्वीकार गरेपछि नै कांग्रेस विभाजनतर्फ मोडिएको हो। जेन-जी आन्दोलनपछिको फरक राजनीतिक परिदृश्यमा ८२ वर्षीय देउवाले कम्तीमा सक्रिय राजनीतिबाट अलग हुनुपर्ने अडान थापा र शर्माले राख्दै आएका थिए। २८ असोजको केन्द्रीय कार्यसमिति बैठकमा सक्रिय राजनीति नगर्ने भन्दै देउवा स्वास्थ्य उपचारका लागि सिंगापुर गएका थिए। तर फर्किएपछि उनले कार्यकारी भूमिकामा काम गर्न थालेका थिए। निर्वाचन आयोगमा उम्मेदवारको मनोनयन प्रमाणीकरणका लागि देउवाकै नाम पठाइएपछि थापा र शर्मा असन्तुष्ट थिए ।

## शृंखलाबद्ध वार्ता

**पुस २७ :** बिहानदेखि सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई विशेष महाधिवेशनको स्वामित्व लिएर उपस्थित भइदिन गगन थापा र विश्वप्रकाश शर्माको पटक-पटक आग्रह । देउवा, खड्का, उनीहरूका प्रतिनिधिहरू बालकृष्ण खाण, रमेश लेखकसँग अनौपचारिक संवाद । देउवालाई विशेष महाधिवेशनमा सहभागी गराउने प्रयास असफल । अर्को दिन हुने बन्दसत्रमा ल्याउन बेलुकादेखि पुनः अनौपचारिक संवाद । विशेष महाधिवेशनको पार्टीले स्वामित्व लिने विषयमा सहमतिको प्रयास, देउवाबाट अस्वीकार ।

**पुस २८ :** बिहान १० बजे बन्दसत्र सुरु । बिहानै शेखर कोइरालाको मध्यस्थता प्रयास । कोइरालानिकट जिल्ला सभापतिहरू र विशेष महाधिवेशन पक्षधरको सहमतिमा मध्यमार्गी प्रस्ताव तयार । प्रस्ताव लिएर कोइराला देउवा निवासमा । देउवाबाट मध्यमार्गी प्रस्ताव अस्वीकार । राति १० बजे अनौपचारिक कार्यदले सार्वजनिक । देउवा पक्षबाट बालकृष्ण खाण, रमेश लेखक, शेखर पक्षबाट मीनेन्द्र रिजाल, जीवन परियार, विशेष महाधिवेशन पक्षधरबाट प्रदीप पौडेल, गुरुराज घिमिरे, देवराज चालिसे, मधु आचार्य वार्ता टोली । राति साढे १० बजे गगन थापा र विश्वप्रकाश शर्माद्वारा कार्यवाहक सभापति खड्कालाई भेटेर 'बटमलाइन' प्रस्ताव । कार्यदलको बैठक हुन नसकेपछि महाधिवेशन अवधि एक दिन थप ।

**पुस २९ :** बिहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म लाजिम्पाटस्थित एक निजी घरमा कार्यदलस्तरको पहिलो बैठक । दिउँसो २ बजेदेखि साँझ ६ बजेसम्म चक्रपथस्थित एक कांग्रेस कार्यकर्ताको घरमा दोस्रो पटक वार्ता । त्यसपछि खाण र लेखक देउवासँगको परामर्शमा गएपछि फर्किएनन् । कार्यदलको पहिलो बैठकमा विशेष महाधिवेशन स्वामित्व, निर्णय कार्यान्वयन, संसदीय बोर्ड गठनमा समझदारी । नेतृत्वका तीन विकल्पमा असहमति । हाईकमान्ड (५ सदस्यीय) प्रस्ताव, सभापति चुनाव नलड्ने माग हटाइयो तर हाईकमान्ड 'बटम लाइन' । महाधिवेशन अवधि दोस्रो दिन थप ।

**पुस 30 :** बिहान ९ बजे गगन थापा र विश्वप्रकाश शर्मा शेरबहादुर देउवासँग छलफलमा । देउवा पक्षका वार्ता टोलीका सदस्य खाण र लेखकसमेत सहभागी । करिब ४५ मिनेटको कुराकानीमा देउवाले कार्यकारी भूमिकाबाट अलग हुन नचाहेपछि थापा र शर्मा बाहिरिए । दिनभर अनौपचारिक संवाद । अपराह्न ३ बजे नेता शर्माबाट विशेष महाधिवेशनको स्वामित्व लिनुपर्ने, देउवा सक्रिय भूमिकाबाट अलग हुनुपर्ने, टिकट वितरणका लागि सर्वस्वीकार्य संसदीय बोर्ड गठन गर्नुपर्ने, चुनावी गठबन्धन कुनै पनि दलसँग नगर्ने, प्रधानमन्त्री उम्मेदवार तय गरेर निर्वाचनमा जानुपर्ने, उम्मेदवारको टिकटमा देउवाको हस्ताक्षर फिर्ता गरेर खड्काको नाम र हस्ताक्षर निर्वाचन आयोगमा अद्यावधिक गर्नुपर्ने, विशेष महाधिवेशनमा पेस भएका प्रतिवेदनलाई पार्टीको पुँजीका रूपमा ग्रहण गर्नुपर्ने, निर्वाचन केन्द्रित हुन ५ सदस्यीय उच्चस्तरीय संयन्त्र (हाईकमान्ड) गठन गर्नुपर्ने गरी ८ बुँदे प्रस्ताव । हाईकमान्ड/प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा जाने प्रस्तावमा असहमतिपछि वार्ता असफल । अपराह्न ४ बजे, थापा, शर्मा र फरमुल्लाह मन्सुरमाथि कारबाही (साधारण सदस्यता ५ वर्ष निलम्बन) । पार्टी विभाजन औपचारिक । विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन ।

# 'आर्थिक वृद्धि...

**रोजगारीको गुणस्तर दबाबमा**

करिब ३० करोड कामदार अझै पनि चरम गरिबीमा बाँचिरहेका छन् । जसको दैनिक आम्दानी अमेरिकी डलर ३ भन्दा कम छ। यसैबीच अनौपचारिक रोजगारी बढ्दो क्रममा छ। सन् २०२६ सम्म २ अर्ब १० करोड श्रमिक अनौपचारिक रोजगारीमा रहने प्रतिवेदनको अनुमान छ। जहाँ सामाजिक सुरक्षा, कार्यस्थलका अधिकार र रोजगारीको सुरक्षामा सीमित पहुँच हुन्छ। न्यून आय भएका मुलुकमा प्रगतिमा देखिएको तीव्र कमीले सबैभन्दा कमजोर रोजगारी अवस्थामा रहेका कामदारलाई झन् पछाडि धकेलिरहेको छ ।

क्षेत्र, आय समूह, लिंग र उमेरअनुसारका तथ्यांक समेटिएको प्रतिवेदनले उच्च मूल्यका उद्योग वा सेवा क्षेत्रमा अर्थतन्त्र रूपान्तरणको गति सुस्त हुनु रोजगारीको गुणस्तर र उत्पादकत्व वृद्धिमा दीर्घकालीन प्रगतिका लागि प्रमुख बाधक बनेको उल्लेख गरेको छ।

सन् २०२५ मा युवा बेरोजगारी दर १२.४ प्रतिशत पुगेको छ। करिब २६ करोड युवा शिक्षा, रोजगारी वा तालिम (नेट) बाट बाहिर छन्। न्यून आय भएका मुलुकमा नेट दर २७.९ प्रतिशतसम्म पुगेको छ। विशेषगरी उच्च आय भएका मुलुकमा उच्च सीप आवश्यक पर्ने पहिलो रोजगारी खोजिरहेका शिक्षित युवाका लागि कृत्रिम बुद्धिमत्ता र स्वचालनले चुनौती झन् बढाउन सक्ने आईएलओले चेतावनी दिएको छ।

'युवा रोजगारीमा एआईको पूर्ण प्रभाव अझै अनिश्चित भए पनि यसको सम्भावित परिणामले नजिकबाट अनुगमन आवश्यक बनाउँछ,' प्रतिवेदनमा उल्लेख छ। महिलाले अझै पनि सामाजिक मान्यता र रूढिवादी सोचबाट उत्पन्न गहिरा अवरोधको सामना गरिरहेको प्रतिवेदनमा उल्लेख छ। विश्वव्यापी रोजगारीमा उनीहरूको हिस्सा केही मात्र छ। श्रम शक्तिमा सहभागी हुने सम्भावना पुरुषको तुलनामा २४ प्रतिशतले कम छ। महिला श्रम सहभागितामा भएको प्रगति रोकिँदा कार्यस्थलमा लैंगिक समानतातर्फको यात्रा सुस्त भएको प्रतिवेदनले जनाएको छ।

प्रतिवेदनले जनसांख्यिकीय परिवर्तनले श्रम बजारमा पारिरहेको प्रभाव पनि विश्लेषण गरेको छ। धनी मुलुकमा जनसंख्या बुढ्यौली हुँदै जाँदा श्रम शक्तिको वृद्धि सुस्त भइरहेको छ। किनकि काम गर्ने उमेरका मानिस कम हुँदै गएका छन्। अर्कोतर्फ न्यून आय भएका मुलुक तीव्र जनसंख्या वृद्धिलाई उत्पादनशील रोजगारीमा रूपान्तरण गर्न संघर्षरत रहेको प्रतिवेदनमा उल्लेख छ।

सन् २०२६ मा रोजगारी वृद्धि उच्च मध्यम आय भएका मुलुकमा ०.५ प्रतिशत, न्यून मध्यम आय भएका अर्थतन्त्रमा १.८ प्रतिशत र न्यून आय भएका मुलुकमा ३.१ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। पर्याप्त उत्पादनशील रोजगारीका अवसर नहुँदा गरिब मुलुकले आफ्नो जनसांख्यिकीय लाभ गुमाउने जोखिम रहेको आईएलओको चेतावनी छ।

न्यून आय भएका मुलुकमा कमजोर श्रम उत्पादकत्व वृद्धिले भौगोलिक असमानता अझै गहिर्‍याउँदै मर्यादित रोजगारीतर्फको प्रगतिमा अवरोध सिर्जना गरिरहेको र विकसित अर्थतन्त्रहरूसँग जीवनस्तरको समीकरण सुस्त बनाइरहेको प्रतिवेदनले बताएको छ।


डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पातो, सप्तरी, मधेश प्रदेश, नेपाल
Pato, Saptari, Madhesh Province, Nepal

सूचना । सूचना ।। सूचना ।।।

विषयः किसान सुचीकरण सहजकर्ताको लागी दरखास्त आह्वान गरिएको सुचना ।
(प्रथम पटक सुचना प्रकाशित मितिः२०८२।१०।०१)

यस डाक्नेश्वरी नगरपालिकामा किसान सूचीकरण कार्यक्रम संचालन प्रयोजनार्थ किसान सूचिकरण सहजकर्जा आवश्यक परेकोले हुनाले योग्यता पुगेको डाक्नेश्वरी नगरपालिकाभित्र स्थायी बसोबास गरेका इच्छुक नेपाली नागरिकहरूले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०४/०८२/०८३ | किसान सुचीकरण सहजकर्ता | ४ (चार) | डाक्नेश्वरी नगरपालिका भित्र स्थायी बसोबास गरेका नागरिकहरुले मात्र दरखास्त दिन पाउने । |

१. आवश्यक शैक्षिक योग्यताः
- मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा उतिर्ण गरेको ।
- कम्प्युटर सम्बन्धी आधारभुत जानकारी भएको ।
- स्मार्ट फोन वा ट्याब्लेट वा ल्यापटप भएको ।
- कृषि क्षेत्रमा (Isc.Ag./Diploma level) मान्यता प्राप्त शिक्षण संस्थाबाट उत्तीर्ण गरेकालाई बढी प्राथमिकता दिईनेछ ।
- किसान सूचिकरणको लागि सहजकर्ता छनौट गर्दा सूचना प्रविधि सम्बन्धी ज्ञान भएको ।

२. दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूः
- नागरिकता प्रमाणपत्र,
- न्युन्तम शैक्षिक योग्यताको लब्धाङ्क चारित्रिक प्रमाणपत्र,
- कम्प्युटर सीप तालिमको प्रमाण पत्र र अनुभव भए सो को कागजात समेत उम्मेदवार स्वयमले प्रमाणित गरेको उल्लेखित कागजातहरूको प्रमाणित प्रतिलिपि र हालसाले खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो ।

३. उमेर हद : दरखास्त दिने अन्तिम मितिमा (पुरुषको हकमा) १८ वर्ष पुरा भै ३५ वर्ष ननाघेको र (महिलाको हकमा) १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको ।
४. आवेदन दस्तुर : रु ५००/- पाँच सय ।
५. परीक्षाको किसिमः अन्तरवार्ता तथा प्रयोगात्मक
६. दरखास्त फरम पाउने र बुझाउने स्थानः डाक्नेश्वरी नगरपालिकाको कार्यालय, कृषि बिकास शाखा, पातो, सप्तरी ।
७. सेवा सुविधा तथा अन्यः किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नमर्स), २०८२ बमोजिम हुनेछ ।
८. थप जानकारीको लागिः इन्द्रजीत यादव (कृषि स्नातक अधिकृत) कार्यलयको फोन नं. +९७७-९८०१५७७०७९. मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



**घातक रोग उपचार तथा आवधिक जीवन बीमा सुविधाहरू रद्द गरिएको बारे सूचना**

नबिल बैंक लिमिटेडले आफ्ना व्यक्तिगत बचतकर्ता ग्राहकहरूलाई प्रदान गर्दै आएको घातक रोग उपचार (Critical Illness) तथा आवधिक जीवन बीमा (Term Life Insurance) सुविधाहरू यस अघि मिति २०८२ साल पुस ३ गते प्रकाशित पूर्व सूचना बमोजिम मिति २०८२ साल माघ १ गतेदेखि लागू हुने गरी रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागि नबिल बैंक ग्राहक सेवा केन्द्र (०१-५९७००१५) वा नजिकको नबिल बैंकको शाखा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौ, फोन नं ०१-५९७१८७१



**REQUEST FOR INFORMATION (RFI)**

**UNDP Nepal calls for a REQUEST FOR INFORMATION (RFI) from NGOs/CSOs** to identify organizations that have the capacity to provide technical support in specific areas of interventions around supporting business/enterprise development system for rural poor and marginalized, social mobilization for enterprise development, focusing on women led agri-enterprise, support in creating enterprises and devising post business creation on strengthening resilient enterprise ecosystem in Jumla and Bajura districts for potential partnership.

All experienced and interested national NGOs/CSOs are requested to **submit their RFI through email by Friday, 23 January 2026, 5:30PM**. The RFI template can be downloaded from the UNDP website: https://www.undp.org/nepal/procurement

*The RFI should be sent to:*
**United Nations Development Programme (UNDP)**
UN House Pulchowk, Nepal
E-mail: registry.np@undp.org

UN DP



**PROCUREMENT NOTICE**

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is soliciting quotations from interested organisations/firms/companies to provide the following goods/services:

| | |
|---|---|
| **Reference No.:** | Request for Quotation – **UNDP/RFQ/2026/01 (UNDP-NPL-00605)** |
| **Project/Agency:** | Country Office (CO) / UNDP |
| **Purpose:** | Long Term Agreement for Provision of Vehicle's Repair and Maintenance Services for UNDP Nepal and Assisted Project Office Fleet |
| **Deadline for bid submission:** | **26 January 2026, 5:00 PM Nepal Time** |
| **Weblink:** | https://www.undp.org/nepal/procurement |
| **Who can apply:** | National/International organisations/firms/companies |
| **How to apply:** | As per the instructions in the detailed bidding document. |

UN DP


# लामिछानेविरुद्धको सम्पत्ति...

लामिछानेले महान्यायाधिवक्ता कार्यालयमा दिएको निवेदनमा आफूमाथि प्रतिशोध साँधिएको भनी गरिएको जिकिरलाई पनि उनले आधारका रूपमा लिएकी छन् । भण्डारीले लामिछानेबाट रकम अपचलन भएको भनिएका कुनै पनि सहकारीको सदस्य नै नभएकोलाई चौथो आधार बनाएकी छ, जसअनुसार सहकारीको सदस्य नै नभएको व्यक्तिले कसरी ऋण लिएर अपचलन गर्न सक्छ भन्ने तर्क गरिएको छ। पाँचौं आधार भनेको बचतकर्ताको रकम फिर्ता गराउने उद्देश्य भनिएको छ। निर्णयमा पीडित बचतकर्ताको हकहितलाई प्राथमिकतामा राखिएको दाबी गरिएको छ। महान्यायाधिवक्ता भण्डारीले मुलुकी फौजदारी अपराध संहिताको दफा ३६ बमोजिम अभियोगपत्र संशोधनका लागि स्वीकृति दिएकी हुन् । तर त्यस्तो संशोधन गर्ने आदेश सुरु तहको सम्बन्धित अदालतले फैसला गर्नँअघि नै दिइसकेको हुनुपर्नेछ ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३६ को उपदफा १ मा 'अदालतमा एक पटक दायर भइसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको मागदाबी संशोधन गर्नँपर्ने देखिए महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकिलले अभियोगपत्रमा संशोधन गर्न सुरु तहको सम्बन्धित अदालतमा कारण खुलाई निवेदन दिन सक्नेछ' भनिएको छ। उपदफा (२) मा उपदफा (१) बमोजिम निवेदन पर्न आए र त्यसको व्यहोरा मनासिब देखिए निवेदनबमोजिम अभियोगपत्रमा मागदाबी संशोधन गर्ने आदेश सम्बन्धित अदालतले दिन सक्ने उल्लेख छ।

लामिछानेका सन्दर्भमा अभियोगपत्र दायर गर्दा कुनै एक व्यक्तिको मात्र नभई संलग्न देखिएका सबैलाई कैद र बिगो दाबी गरिएका कारण कुनै एक व्यक्तिको मात्र अभियोगपत्र संशोधन गर्न नमिल्ने फौजदारी कानुनका जानकारहरू बताउँछन्। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले फैसलाका क्रममा जानुपर्ने मुद्दाको अभियोगपत्र संशोधनको सबाल आउनु आपत्तिजनक भएको टिप्पणी गरे। 'कानुनी राज्यमा विश्वास गर्नेहरूले यस्तो अभ्यासलाई स्वीकार गर्न सकिँदैन,' उनले भने, 'अहिले आएर अभियोगपत्र संशोधन गर्न मिल्दैन । यो कुनै कानुनले परिकल्पना गरेको छैन। उनी निर्दोष हुन् भने अदालतले फैसलामार्फत बोल्छ। अदालतले गर्ने निर्णयमा राज्यले हस्तक्षेप गर्न मिल्दैन ।'

महान्यायाधिवक्ताले अभियोगपत्र संशोधनका लागि स्वीकृति दिनु पदीय दुरुपयोग भएको पनि त्रिपाठीले टिप्पणी गरे। 'यसरी नै अघि बढ्दै जाने हो भने अपराधीले मिलेमतोमा उन्मुक्ति पाउँछन्,' उनले भने, 'यस्तो कदम गैरकानुनी र बदनियतमा आधारित हो। राज्यले प्रभावकारी अभियोजन गर्नुपर्छ, कमजोर पार्ने होइन ।'

**किन संशोधन गर्न खोजिँदै छ ?**

लामिछानेले अभियोगपत्र संशोधन चाहनुका पछि तत्कालीन समयमा तीन कारण थिए- मुद्दा कमजोर बनाउने, सांसद हुँदै मन्त्री बन्ने बाटो खोल्ने रणनीति र सहकारी ठगीको मुद्दा मात्र बाँकी भएपछि सहज रूपमा धरौटीमा रिहा हुने। लामिछाने ३ पुसमै धरौटीमा छुटिसकेका छन्। अब उनी आसन्न प्रतिनिधिसभा निर्वाचनमा भाग लिएर विजयी हुँदै संसद् प्रवेश गर्न र मन्त्री हुने बाटो खोल्न चाहन्छन्।

जिल्ला अदालत कास्कीमा सम्पत्ति शुद्धीकरण निवारण ऐनअनुसार अभियोगपत्र दर्ता भएपछि लामिछाने गत वर्ष निलम्बित भएका थिए। मुद्दा चलेपछि कास्की प्रहरीले ७ पुस २०८१ मा लामिछानेको सांसद पद निलम्बन गर्न सभामुख देवराज घिमिरेलाई पत्र लेखेको थियो। त्यसपछि सभामुख घिमिरेले उनलाई निलम्बन गरेको सूचना प्रकाशन गरेका थिए। सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा २७ मा मुद्दा किनारा नभएसम्म कुनै कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन हुने व्यवस्था छ। सम्पत्ति शुद्धीकरण मुद्दा कायमै रहँदा लामिछाने आसन्न प्रतिनिधिसभा निर्वाचनमा विजयी भए पनि सांसद पद निलम्बनमा पर्नेछ ।


KANTIPUR PUBLICATIONS LIMITED
KMG
KANTIPUR MEDIA GROUP
सोच र संकल्पलाई कार्यमा रूपान्तरण ?
स्थायी रोजगारी र विकासको सोच?
कुन पुस्ता ?
परिवर्तन र भावी पुस्ताका अपेक्षाहरु सम्बोधन?
विद्यार्थीको भविष्यलाई उज्जवल बनाउने शिक्षा, अवसर र मार्गदर्शन ?
कस्तो सोच ?
नेतृत्व केवल भाषण, या दृष्टिकोणको प्रतिबिम्ब?
युवाको नेतृत्व मार्फत राजनीतिक स्थायित्व र नवप्रवर्तन?
कसको नेतृत्व ?
अनेकन प्रश्नहरूको उत्तर र परिवर्तनको सही खोजको मञ्च हो
कान्तिपुर
CONCLAVE
THE NATIONAL DIALOGUE
परिवर्तनको प्रश्न
PRISMA/2026

राष्ट्रिय लिग

# डिफेन्डिङ च्याम्पियन चर्च ब्वाइजलाई पहिलो खेलमै झट्का

## बराबरी नतिजामा भगवती क्लब उत्साहित, राष्ट्रिय लिगको पहिलो गोल आत्मघाती

**फ्रेन्ड्स ३-१ काँक्रेबिहार**
**श्री भगवती १-१ चर्च ब्वाइज**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

अन्ततः राष्ट्रिय लिगमार्फत् नेपालको घरेलु फुटबल मैदानमा फर्केको छ। तर 'ए' लिग डिभिजन च्याम्पियन चर्च ब्वाइज क्लबले भने पहिलो दिनको खेलमा अपेक्षित जित निकाल्न सकेन। टोलीले टोखाको श्री भगवतीसँग बराबरी खेल्नुपरेको छ। उपाधिका लागि बलियो प्रत्याशी रहेको चर्च ब्वाइजका लागि यो नतिजा २ अंक गुमाएको जत्तिकै हो। टोखाले कमाएको एक अंकले पनि टिमलाई उत्साह दिनेछ।

'ए' डिभिजन उक्लिएयता आफ्नो माथिल्लो स्तरको फुटबलमा श्री भगवती क्लब हार टार्न सफल रह्यो। यही नतिजाका कारण फ्रेन्ड्स क्लब पहिलो दिनको खेलपछि अंकतालिकाको शीर्षमा रह्यो। फ्रेन्ड्सले उद्घाटन खेलमा सुर्खेतको टोली काँक्रेबिहारलाई हराएको थियो। यो भने धेरै हदसम्म सजिलो नतिजा जस्तै भयो। सम्भवतः एन्फा प्रेसिडेन्ट्स कप खेलेर राष्ट्रिय लिग खेलिरहेको यो टिमलाई अबको बाटो सहज नहुन सक्छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा भएको पहिलो खेलमा पहिलो गोललाई लामो समय कुर्नुपरेन, तर यो धेरै हदसम्म अनपेक्षित जस्तै रह्यो। काँक्रेबिहारले छैटौं मिनेटमा खेमराज श्रेष्ठको आत्मघाती गोलको मदतमा अप्रत्याशित अग्रता लिएको थियो। सायद यो आत्मघाती गोल पनि थिएन कि ? कसको अन्तिम प्रहारले पोस्टको दिशा लिएको थियो, त्यसमा अन्योल थियो। तर काँक्रेबिहारले त्यो अग्रतालाई कायम भने राख्न सकेन।



**सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बुधबार राष्ट्रिय लिग फुटबलमा भिड्दै चर्च ब्वाइज (सेतो) र श्री भगवती क्लबका खेलाडी।** **तस्बिर सौजन्य :** एन्फा

फ्रेन्ड्सले पहिलो हाफको इन्ज्युरी समयको दोस्रो मिनेटमा प्रशान्त लक्समको गोलबाट खेलमा फर्केको हो। त्यसपछि प्रवेश बस्नेतले ५९ औं मिनेटमा गोल गर्दै फ्रेन्ड्सलाई पहिलोपल्ट अग्रता दिलाए। आशिष चापागाईंले ९० औं मिनेटमा तेस्रो तथा अन्तिम गोल गर्दै टोलीको जित सुनिश्चित गरेका थिए। जितबाट फ्रेन्ड्स ३ अंक बटुल्न सफल रह्यो। खेलपछि दुवै टिमका सहायक प्रशिक्षकको समान निचोड थियो, पहिलो खेल भएको हुनाले अलिकति गाह्रो भयो। फ्रेन्ड्सका विमल मगरले भने, 'सुरुमा खेलाडीबीच तालमेल मिलेन, त्यसैले आत्मघाती गोल भयो। यसले दबाब पनि सिर्जना गरेको थियो। तर हामी दोस्रो हाफमा पुनरागमन रच्न सफल रह्यौं।' काँक्रेविहारका असिम खड्काको प्रतिक्रिया यस्तो थियो, 'पहिलो खेल भएको हुनाले हाम्रो प्रदर्शन संगठित रहेन। मध्यपंक्तिमा केही कमजोरी देखिए। हामी सक्दो आफ्ना स्थानीय खेलाडीलाई मौका दिन चाहन्छौं।'

**एरिकको चलाखी**

दोस्रो खेलमा टोखाको श्री भगवती क्लबले हरिहर बुढामगरको गोलमा ४५ औं मिनेटमा अग्रता लिएको थियो। तर यो लामो समय टिकेन। एरिक विष्टले ६५ औं मिनेटमा गोल फर्काए। चर्च ब्वाइजले पेनाल्टी एरिया नजिक पाएको फ्रिकिकमा चलाखीपूर्ण प्रदर्शन गरे र त्यसमै एरिकले गोल गरेका थिए। त्यसपछि थप गोल भएन, यद्यपि चर्च ब्वाइजका लागि दुई प्रहार पोस्टमा ठोकिनु दुर्भाग्यपूर्ण रहनेछ।

'बराबरीमा हामी निराश जस्तै छौं, तर लिग भनेको धेरै लामो हुन्छ, त्यसैले अहिले नै आत्तिनुपर्ने छैन,' चर्च ब्वाइजका सहायक प्रशिक्षक रमेश दंगालले भने। उनले के माने भने यो चर्च ब्वाइजका लागि २ अंक गुमाए जस्तै हो। तर एउटा तथ्यले चर्च ब्वाइजलाई आत्मविश्वास नै राख्नेछ। अहिले चर्च ब्वाइजको अर्को टिम सिक्किममा खेलिरहेको छ। त्यसैले पहिलो खेलमा उत्रेको चर्च ब्वाइजको टिम पूर्ण भने होइन।

# अभ्यासमा आयरल्यान्डसँग नेपाल पराजित



**तल्लो मूलपानी मैदानमा आयरल्यान्डविरुद्ध ब्याटिङ गर्दै नेपाली ब्याटर। विकेट लिएपछि आइरिस खेलाडी (इन्सेटमा)।**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाली महिला क्रिकेट टोली बुधबार आईसीसी ट्वान्टी-२० विश्वकप छनोटको पहिलो अभ्यास खेलमा आयरल्यान्डसँग पराजित भएको छ।

तल्लो मूलपानी मैदानमा आयरल्यान्डले नेपाललाई ९९ रनले पराजित गर्‍यो। टस जितेर ब्याटिङ रोजेको आयरल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाई २ सय रन बनाएको थियो। टोलीकी कप्तान ग्याबी लुइस ७७, ओर्ला प्रेन्डरगास्ट ६२ र लेह पाउल २१ रनमा 'रिटायर्ड आउट' भए। सराह फोर्ब्स र लुइसले ५ ओभरमै ५४ रन जोडेर आयरल्यान्डलाई आक्रामक सुरुआत दिलाए।

फोर्ब्सले १२ बल खेल्दै ३ चौकासहित १५ रन बनाए। लुइसले ३८ बलमा १२ चौका र २ छक्का प्रहार गरिन्। प्रेन्डरगास्टले २९ बलमा ८ चौका र ३ छक्का प्रहार गरिन्। १९ बल खेलेकी पाउलले २ चौका प्रहार गरेकी थिइन्। आयरल्यान्डले १५ ओभरमा १ सय ७४ रन जोडिसकेपछि अनुभवी खेलाडी रुबिना क्षेत्रीको बलिङमा नेपालले अन्तिम ५ ओभरमा बल्ल बलिङको धार समाएको थियो।

रुबिनाले ३ ओभरमा १७ रन खर्चेर २ विकेट लिइन्। रिया शर्माले ३ ओभरमा ४२ रन खर्चेर १ विकेट लिइन्। सोमु विष्टले ४ ओभरमा २९, कविता कुँवरले ३ ओभरमा २९, मनीषा उपाध्यायले २ ओभरमा १४, कप्तान इन्दु बर्माले १ ओभरमा १६, राजमती ऐरीले २ ओभरमा २० र कविता जोशीले २ ओभरमा ३३ रन खर्चेका थिए।

जवाफमा नेपाली टोली १९ ओभरमा १ सय १ रनमा अलआउट भयो। विन्दु रावल, इन्दु र कविता जोशीबाहेक अन्यले दोहोरो स्कोर बनाउन सकेनन्। पहिलो २ ओभरमै तीन पटक जीवनदान पाएकी विन्दुले २८ बल खेलि ५ चौका प्रहार गरी २५ रन बनाइन्। इन्दुले २ चौकासहित १० बलमा १२ र कविता जोशीले २९ बल खेल्दै ६ चौकासहित २८ रन बनाइन्।

ओपनर सम्झना खड्कालाई नेपालले शून्यमै गुमाएको थियो। काजल श्रेष्ठ २, पूजा महतो ३, रुबिना ४ तथा कविता कुँवर, रोमा थापा र सीता रानामगर समान ५ रनमा आउट भए। राजमती १ रनमा अविजित रहिन्। आयरल्यान्डबाट प्रेन्डरगास्ट, लारा म्याकब्रिज, एर्लिन केली र एमी मगाइरले २-२ विकेट लिए।

टोलीका १५ मध्ये ११ कुनै खेलाडीले पनि ब्याटिङ र बलिङ गर्न पाउने नियममा रहेर दुवै टोलीले अभ्यास खेल खेलेका थिए। नेपालले शुक्रबार कीर्तिपुरमा अमेरिकासँग दोस्रो अभ्यास खेल खेल्नेछ।

**अमेरिका र पीएनजीको ऐतिहासिक जित**

दिनको अन्य अभ्यास खेलमा अमेरिका र पपुवा न्युगिनीले ऐतिहासिक जित पाएका छन्। सहभागी १० टोलीमा सबैभन्दा कम वरीयताको अमेरिकाले स्कटल्यान्डमाथि ४ विकेटको विजय पायो। पहिला ब्याटिङ गरेको स्कटल्यान्डले निर्धारित २० ओभरमा १४९-६ को स्कोर बनाए पनि अमेरिकाले ७ बलअगाडि १ सय ५३ रन बनायो।

टेस्ट राष्ट्र जिम्बावेलाई पपुवा न्युगिनीले ११ रनले हरायो। पहिला ब्याटिङ गरेको पीएनजीले १३१-६ को स्कोर बनाएको थियो। जवाफमा जिम्बावेले ९ विकेट गुमाई १ सय २० रनमात्र बनाउन सक्यो। त्यस्तै बंगलादेशले नेदरल्यान्ड्सलाई २६ रन र थाइल्यान्डले नामिबियालाई ७ विकेटले पराजित गरे।

# पेस-एक्स स्पोर्ट्सको लक्ष्य





काठमाडौं (कास)- खेल प्रशिक्षण तथा व्यवस्थापन कम्पनी पेस-एक्स स्पोर्ट्सले बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमार्फत औपचारिक रूपमा आफ्नो यात्रा सुरु गरेको छ।

पेस-एक्स स्पोर्ट्सका संस्थापक तथा अध्यक्ष संगीता कर्णका अनुसार कम्पनीको मुख्य उद्देश्य विद्यालय, समुदाय तथा विभिन्न संस्थाका लागि खेलाडीको दीर्घकालीन विकास र समग्र स्वास्थ्यमा केन्द्रित विश्वस्तरीय खेल प्रशिक्षण इकोसिस्टम स्थापना गर्नु हो।

'५ वर्षभित्र देशभर कम्तीमा १ सय विद्यालय र संस्थामा वैज्ञानिक र प्रणालीगत पेस-एक्स मोडल लागू गर्ने हाम्रो लक्ष्य छ,' अध्यक्ष कर्णले भनिन्। संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सौरभ सिंहले दुई वर्षको योजनापश्चात् ६ महिनाअघि नेपालमा कम्पनी स्थापना गरिएको जानकारी गराए। 'हालका लागि हामीले फुटबल, क्रिकेट र ई-स्पोर्ट्ससहित २१ खेललाई लक्ष्य बनाएर काम गरिरहेका छौं,' सिंहले भने।

प्रशिक्षण पद्धतिबारे स्पष्ट पार्दै सिंहले भने, 'हामी दीर्घकालीन खेलाडी विकास मोडल अनुशरण गर्छौं, जुन अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त सबैभन्दा प्रभावकारी ढाँचा हो। यसलाई प्रविधि, डाटा एनालिटिक्स र प्रमाणित विज्ञहरूको भविष्य उन्मुख दृष्टिकोणले समर्थन गर्नेछ। हाम्रो कार्यक्रम ६ देखि २२ वर्ष उमेर समूहका खेलाडीलक्षित हुनेछ।'

उनले कम्पनीले राजधानीका तीन जिल्लाका करिब १ सय ५० विद्यालयसँग आफ्नो उद्देश्य र लक्ष्यबारे छलफल गरिसकेको जानकारी गराए। पेस-एक्सको बुकलेटमा उल्खेख भएअनुसार नेपालबाट तेक्वान्दोका दीपक विष्ट र राष्ट्रिय फुटबल टोलीका रोहित चन्दलाई विज्ञका रूपमा उल्लेख गरिएको छ भने भारतीय बास्केटबलका पूर्वकप्तान विशेष ब्रिघुवंशीलगायत अन्य व्यक्तिको पनि नाम समावेश छ।

पेस-एक्स स्पोर्ट्सले संरचित तथा विस्तारयोग्य खेल प्रशिक्षण इकोसिस्टम निर्माण, अन्तर्राष्ट्रिय खेल पद्धतिहरूको समावेश, स्वास्थ्य, फिटनेस तथा समग्र विकासको प्रवर्द्धन, विश्वस्तरीय खेल सुविधा र पूर्वाधार स्थापना तथा प्रशिक्षक, शिक्षक र नेतृत्वकर्तालाई सशक्त बनाउने उद्देश्य रहेको जनाएको छ।

# इस्टर्न ओपनमा नीरजलाई अग्रता

धरान (कास)- नेपाल नम्बर एक प्रो गल्फर नीरज तामाङले सूर्य नेपाल इस्टर्न ओपन गल्फको पहिलो दिन ६ अन्डर ६४ को उत्कृष्ट स्कोरमा अग्रता बनाएका छन्। धरान गल्फ क्लबमा नीरजले टंकबहादुर कार्की र बलभद्र राईलाई १८ होलको समाप्तिमा ३ स्ट्रोकले पछाडि पारेका छन्। ३ अन्डर ६७ को स्कोर बनाएका टंक र बलभद्र संयुक्त दोस्रो स्थानमा छन्।

पूर्व नम्बर एक गल्फर शुक्रबहादुर राई र भुवन नगरकोटी १ अन्डर ६९ को स्कोर तथा एमेच्योर गल्फरद्वय प्रकृत तामाङ र राहुल विश्वकर्माले संयुक्त चौथो स्थान ओगटे। इभन पार ७० को स्कोर बनाएका रवि खड्का, जयराम श्रेष्ठ र सुमन परियार संयुक्त आठौं स्थानमा रहे।

डिफेन्डिङ च्याम्पियन नीरजले गतिलो सुरुवात गर्ने क्रममा दोस्रो होलमा बोगी प्रहार गरे। तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डीको सफलतामा फ्रन्टनाइन ३ अन्डर ३३ खेले। यसपछि १२, १३, १६ र १८ औं होलमा शट बचाए। १५ औं होलमा बोगी खेप्दै ब्याकनाइन ३ अन्डर ३१ को प्रदर्शन गरे। टंकले भने फ्रन्टनाइन १ अन्डर ३५ मा पूरा गर्दा दोस्रो होलमा एक शट खेर फाले। आठौं र नवौं होलमा लगातार दुई बर्डी प्रहार गरे। यसपछि १४ र १८ औं होलमा शट बचाएका उनले ब्याकनाइन बोगीरहित २ अन्डर ३२ खेले। सूर्य नेपाल गल्फ टुर २०२५/२६ अन्तर्गत दोस्रो प्रतियोगितामा धरानका भेट्रान प्रो बलभद्रले बोगीरहित फ्रन्टनाइन खेल्दा तेस्रो र सातौं होलको बर्डीले २ अन्डर ३४ खेले। १० औं होलमा बोगी प्रहार गर्दा १५ र १८ औं होलको बर्डीसहित ब्याकनाइन १ अन्डर ३३ मा सके। एमेच्योरतर्फ राहुल र प्रकृत १ अन्डर ६९ सहित अगाडि छन्। राम तामाङ १ ओभर ७१ सहित तेस्रो स्थानमा रहे।

सूर्य नेपाल प्रालिको प्रायोजनमा तीन दिन चल्ने ५४ होलको प्रतिस्पर्धामा कुल पुरस्कार राशि १० लाख ५० हजार रुपैयाँ छ। विजेताले १ लाख ७० हजार, उपविजेताले १ लाख २५ हजार र तेस्रो हुनेले १ लाख रुपैयाा पुरस्कार पाउनेछन्। प्रतियोगितामा ३० प्रो र २२ एमेच्योर गल्फर प्रतिस्पर्धी छन्।









**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रबन्ध निर्देशक : **सम्भव सिरोहिया**, प्रधान सम्पादक : **उमेश चौहान**